१	पृष्ठभूमी र उद्देश्य	चितवन राष्ट्रिय निकुञ्जको कमलताल वन्यजन्तु (गैंडा) को मुख्य बासस्थान भएको र चोरी शिकार नियन्त्रणका दृष्टिकोणले समेत संवेदनशिल क्षेत्र भएकोले वर्षातको समयमा सो क्षेत्रमा नियमित गस्ती गर्नका लागि र पर्यटकका निमित्त वन्यजन्तु (गैंडा र बाघ) अवलोकनका लागि पक्की पुलको आवश्यकता भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत चितवन राष्ट्रिय निकुञ्ज कार्यालयहबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट पक्की पुल निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । पुल निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत, समन्वय बैठक आदिमा खर्च गर्न सकिनेछ । पुल निर्माण कार्यका लागि आवश्यक ढुंगा, गिटी, बालुवा संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ ।
४	कार्यप्रकृया	यो कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गर्नेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । यस कार्यक्रम अन्तर्गत पक्कि पुल सहित पुलको सूरक्षको लागि आवश्यक पर्ने Abutment र Wing वाल समेत निर्माण गरिनेछ ।
५	खर्च प्रक्रया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भयको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । पक्की पुल निर्माण भई कर्मचारी र सुरक्षाकर्मीलाई गस्ती गर्ने कार्यका साथै पर्यटकलाई वन्यजन्तु अवलोकनमा सहयोग पुगेको हुनेछ ।

खानेपानी संरचना निर्माण (३११५६)-(सार्वजनिक निर्माण)

खानेपानी निर्माण (पाईप जडान)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्र कार्यालय, सेक्टर कार्यालय, रेञ्जपोष्ट र पोष्टमा कार्यरत कर्मचारीहरुका साथै कार्यालयमा आउने पर्यटक, सेवाग्राहीहरुका लागि खानेपानी व्यवस्था गर्न यस क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ४. पर्सा राष्ट्रिय निकुञ्ज ५. कोशीटप्पु वन्यजन्तु आरक्ष ६. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ७. लामटाङ राष्ट्रिय निकुञ्ज ८. सगरमाथा राष्ट्रिय निकुञ्ज ९. रारा राष्ट्रिय निकुञ्ज

महानिर्देशक

		१०. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज ११. खप्तड राष्ट्रिय निकुञ्ज १२. ढोरपाटन शिकार आरक्ष १३. अपीनाम्पा संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट खानेपानी निर्माण (पाइप जडान) कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। खानेपानी निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। पाईप खरिद, ट्यांकी निर्माण तथा पानी शुद्ध गर्ने उपकरण खरिद जस्ता कार्यमा खर्च गरिनेछ। खानेपानी निर्माण कार्यका लागि आवश्यक ढुंगा, गिटी, बालुवा संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ।
४	कार्यप्रकृया	यो कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भयको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। खानेपानी व्यवस्थापनले जंगल क्षेत्रभित्र बस्ने कर्मचारीहरुको अति आवश्यक भौतिक पूर्वाधार पुरा भई संरक्षण प्रति खटिने हौसला बढाउन टेवा पुगेको हुनेछ।

खानेपानी मुहान संरक्षण तथा व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रभित्र पानीका मुहानहरु रहेका हुन्छन जसको संरक्षण तथा व्यवस्थापनबाट संरक्षित क्षेत्र भित्रका वन्यजन्तुहरुलाई आवश्यक पानी उपलब्ध भै मानव वन्यजन्तु द्वन्द न्युनिकरणमा समेत टेवा पुग्ने हुँदा संरक्षित क्षेत्र भित्र रहेका पानीका मुहान संरक्षण तथा व्यवस्थापन गर्न यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. पर्सा राष्ट्रिय निकुञ्ज ५. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ६. खप्तड राष्ट्रिय निकुञ्ज ७. ढोरपाटन शिकार आरक्ष
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट खानेपनी मुहान संरक्षण तथा व्यवस्थापन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। यस अन्तर्गत पानीका मुहान गहिराउने, वरपर पर्खाल लगाउने, ईन्टेक बनाउने, ढुंगा छाप्ने, मुहानलाई व्यवस्थित गर्दै वन्यजन्तुको पानी पोखरीसम्म पानी लैजाने आदि कार्यहरु गरिनेछन। सरसफाई गर्ने र फोहोर मैला हुनबाट जोगाउन सेड लगाउने कार्य पनि गर्न सकिनेछ। खानेपनी मुहान संरक्षण तथा व्यवस्थापन कार्यको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	यो कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। प्राबिधिक कर्मचारीको बैठक, सेक्टर पोस्ट कार्यालयको सिफारिस तथा उपभोक्ता समूह समितिहरुको माग अनुरोधको आधारमा खानेपानी मुहान संरक्षण तथा व्यवस्थापन गर्ने स्थानको पहिचान गरिनेछ। खानेपानी मुहान संरक्षण तथा व्यवस्थापन कार्यका लागि

महानिर्देशक

		आवश्यक ढुंगा, गिटी, बालुवा संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । खानेपानी व्यवस्थापनले जंगल क्षेत्रभित्र बस्ने कर्मचारीहरुको अति आवश्यक भौतिक पूर्वाधार पुरा भई संरक्षण प्रति खटिने हौसला बढाउन टेवा पुगेको हुनेछ । खानेपानीका मुहानहरु संरक्षण तथा व्यवस्थापन भै वन्यजन्तुलाई आवश्यक पर्ने खानेपानी संरक्षित क्षेत्र भित्रै उपलब्ध भएको हुनेछ ।

खानेपानी ट्युवेल निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	तराईका संरक्षित क्षेत्रभित्र रहेका सेक्टर, रेञ्जपोष्ट, पोष्टमा कार्यरत कर्मचारीहरुका लागी खानेपानी व्यवस्थापन गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बर्दिया राष्ट्रिय निकुञ्ज ३. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ४. कोशीटप्पु वन्यजन्तु आरक्ष
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट खानेपनी ट्यूवेल निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । यस अन्तर्गत ट्यूवेल निर्माणका लागि आवश्यक सामग्री, उपकरण, प्राबिधिक, ज्यामी, ढुवानी जस्ता सम्बन्धित कार्यहरु पर्दछन यस अन्तर्गत ट्युवेल गाड्ने तथा धारा जडान गर्ने कार्यहरु गरिनेछ । नियमित उपयोगको क्रममा बगेको पानीलाई वन्यजन्तुले खान सक्ने गरी स-साना पोखरीहरु समेत निर्माण गर्न सकिनेछ ।
४	कार्यप्रकृया	यो कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । खानेपनी ट्यूवेल निर्माण कार्यका लागि ढुंगा, गिटी, बालुवा आवश्यक परेको अवस्थामा लागत अनुमानमा स्पष्ट खुलाई संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिनेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । खानेपानीका ट्यूवेल निर्माणबाट संरक्षित क्षेत्रका पोष्टहरुमा कार्यरत कर्मचारीहरु तथा पर्यटक, सेवाग्राहीलाई खानेपानी व्यवस्थापन भएको हुनेछ ।

खानेपानी ट्यांकि निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रको मुख्य कार्यालय रहेको स्थानमा कार्यालयका साथै कर्मचारीहरुको आवास भवनहरु समेत रहेका हुन्छन । त्यसका अलवा हिरासत भवन /सुधार गृह, क्यान्टिन, भान्छाघर समेत हुने हुँदा ठुलो परिमाणमा पानीको आवश्यकता पर्ने र सवै स्थानमा पानीको व्यवस्थापन गर्नु पर्ने हुँदा ठुलो परिमाणमा पानी जम्मा गर्ने अग्लो ट्यांकी निर्माण गरी डिप बोरिङ वा मोटर मार्फत सो ट्यांकीमा पानी जम्मा गरी सवै स्थानमा पानी वितरण गर्ने उदेश्यले यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज

		२. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ३. पर्सा राष्ट्रिय निकुञ्ज ४. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज ५. खप्तड राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट खानेपानी ट्यांकी निर्माण गरिनेछ। यस अन्तर्गत खानेपानी ट्यांकी निर्माण, खानेपानी ट्यांकी माथि पुग्ने भन्याङ निर्माण, मोटर जडान, विद्युत जडान, पाईप खरिद तथा जडान, पानी शुद्धीकरणका उपकरण खरिद समेतका कार्यहरु गरिनेछन। यसको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	यो कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गर्नेछ। कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ।
५	खर्च प्रक्रया	नक्सा, डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। खानेपानीको ट्याँकी निर्माण भै कर्मचारी, सेवाग्राही तथा पर्यटकका लागि खानेपानी व्यवस्था भएको हुनेछ।

वन तथा वातावरण संरक्षण (३११५७) –सार्वजनिक निर्माण

घाँसे मैदान निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रभित्र रहेका वन्यजन्तुहरुका लागि खानयोग्य विभिन्न प्रजातिका घाँसहरु उत्पादन गर्ने गरि घासे मैदान निर्माण गर्ने तथा प्राकृतिक रुपमा रहेका घासे मैदान व्यस्थापन गर्ने कार्यका लागि यो क्रियाकलापको व्यबस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बर्दिया राष्ट्रिय निकुञ्ज ३. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ४. कोशीटप्पु वन्यजन्तु आरक्ष
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट घाँसे मैदान निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। घासे मैदान निर्माणमा कार्यालयको मेसिन प्रयोग गर्दा ईन्धन, अपरेटर ज्याला र मर्मत संभारमा मात्र खर्च गरिनेछ। घासेमैदानको नमुना प्लट बनाई व्यवस्थापन तथा अध्ययनको लागि दैनिक ज्यालादारीमा खटाईएका ज्यामीहरुको ज्यालामा खर्च गरिनेछ। घाँसे मैदान निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	यो कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गर्नेछ। कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ। स्थान पहिचान गर्दा भई रहेको घाँसे मैदान भन्दा अन्य क्षेत्रमा पानीको श्रोतलाई मध्यनजर राखि निर्माण गरिने हुँदा पानी पोखरी निर्माण कार्य समेत यही घाँसे मैदानको आसपासमा गरिनेछ। यसमा रुखहरु हटाउने, पलाउने प्रजातिहरुलाई काट्ने, आगो लगाउने तथा जरैसम्म उखेल्ने जस्ता कार्यहरु गरी घाँसे मैदान निर्माण गरिन्छ। यो कार्य गर्दा

महानिर्देशक

		आवश्यकता, कार्य प्रकृति र मितव्ययीता समेतलाई हेरी मानिस लगाएर वा मेशिनरी औजार समेत प्रयोग गरेर गर्न सकिनेछ। प्राविधिक दृष्टिकोणले सकभर चैत्र मसान्त भित्रै घाँसे मैदान निर्माण गरिनेछ। घाँसे मैदान निर्माण गर्दा मेशिन प्रयोग गरी घाँसे मैदान निर्माण गर्दा सोही अनुरुप लागत अनुमान तयार गरिनेछ।
५	खर्च प्रक्रया	कार्यसूची, प्रस्तावना, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। घाँसे मैदान निर्माण कार्यले वन्यजन्तुका लागि आवश्यक पर्ने आहारा संरक्षित क्षेत्रबाट नै उपलब्ध भएको हुनेछ।

मेषजाली सहित तारवार निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रमा वन्यजन्तुको बासस्थान संरक्षण तथा सुधारका कार्यहरुले एकातर्फ वन्यजन्तुको संख्यामा बृद्धी हुन पुगेको छ भने अर्को तर्फ संरक्षित क्षेत्रमा वृद्धि भएका वन्यजन्तुहरु खाना तथा पानीको अपुगका कारण गाउँ बस्तीका आवादिहरुमा जाने क्रम बढ्दा आवादीका अन्नबाली खाईदिने, मांसाहारी वन्यजन्तुले घर गोठका पशुहरुमाथी आक्रमण गर्ने कारणले गर्दा मानव वन्यजन्तुवीच द्वन्द सृजना हुन पुगेको छ। यसैले संरक्षित क्षेत्रका वन्यजन्तुहरु मानव वस्ती तथा आवादीमा जानबाट रोक्न मानव वस्ति तथा आवादी क्षेत्रमा मेषजाली सहितको तारवार लगाउने प्रयोजनका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ७. लामटाङ राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट मेषजाली सहित तारवार निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। यस अन्तर्गत मेषजाली सहित तारवार निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	यो कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ। कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ। कार्यक्रम संचालन गर्दा सम्वन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरुसंग संझौता गरेर समिति मार्फत पनि गर्न सकिनेछ। कार्यालयको नियमित कार्यक्रममा बजेट विनियोजन भएता पनि मध्यवर्ती क्षेत्रका बासिन्दाहरुको हितका लागि यो कार्य गरिने भएकोले मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति मार्फत कार्य गर्दा उनीहरुमा अपनत्वको भावना विकसित हुने र सो को संरक्षणका लागि उनीहरु नै अग्रसर हुने विश्वास लिई यो कार्य मध्यवर्ती उपभोक्ता समिति मार्फत संचालन गर्न प्राथमिकता दिईनेछ।
५	खर्च प्रक्रया	नक्सा, डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। मेषजाली सहित तारवार निर्माण कार्यले मानव वन्यजन्तु द्वन्द न्यूनिकरणमा सहयोग पुगेको हुनेछ।

सोलार फेन्स निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	विशेष गरि जंगली हात्ती गाउँ बस्ति तथा आवादीमा आउने क्रमलाई रोक्नको निमित्त बस्ति तथा आवादिलाई भित्र पार्दै सोलार फेन्स /बिद्युतीय तारवार लगाउने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट सोलार फेन्स निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । सोलार फेन्स निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	यो कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । मध्यवर्ती क्षेत्र व्यवस्थापन उपभोक्ता समितिसंग संझौता गरेर समिति मार्फत पनि गर्न सकिनेछ । यो कार्य मध्यवर्ती उपभोक्ता समितिको सहभागितामा पनि गर्न सकिनेछ ।
५	खर्च प्रक्रया	नक्सा, डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । हात्तीबाट प्रभावित क्षेत्रमा सोलार फेन्स निर्माण भै हात्ती- मानव द्वन्द न्यूनिकरणमा सहयोग पुगेको हुनेछ ।

वन्यजन्तु उद्धार केन्द्र निर्माण तथा व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	राष्ट्रिय वन क्षेत्र तथा संरक्षित क्षेत्रबाट वन्यजन्तुहरु गाउं वस्तीमा आई स्थानीय बासिन्दाहरुलाई आतंकित पार्दा त्यस्ता वन्यजन्तुहरुलाई यथाशिघ्र नियन्त्रणमा लिई सुरक्षित स्थानमा राख्नु पर्ने हुन्छ भने अर्को तर्फ चोरी शिकारीको आक्रमणमा परी घाईते भएका तथा माउबाट छुट्टिएर टुहुरा बनेका वन्यजन्तुहरुलाई समेत उद्धार गरि प्राकृतिक वासस्थानमा छाड्न उपयुक्त नभएसम्म सुरक्षित स्थानमा राख्नु पर्ने हुंदा यस क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तु उद्धार केन्द्रको संक्षिप्त डिपिआर तयार गर्न र निर्माण तथा व्यवस्थापन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । उद्धार केन्द्र निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अध्ययन, सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ । वन्यजन्तु उद्धारका लागि आवश्यक पर्ने उपकरणहरु पनि यस शिर्षकबाट खरिद गर्न सकिनेछ । उद्धार केन्द्रको काम एकिकृत तथा व्यवस्थित गर्न संक्षिप्त डि.पि.आर. तयार गरि चितवनको देवनगर र बर्दियाको रम्भापुरमा र बाँके तथा शुक्लाफाँटामा अध्ययन पछि निश्चित क्षेत्र पहिचान गरेर एकिकृत रुपमा केन्द्र निर्माणको काम अगाडि बढाईनेछ । वन्यजन्तु उद्धार केन्द्र भवनको संक्षिप्त डि.पि.आर. लागत अनुमान, नक्सा तथा डिजाईन सम्बन्धित कार्यालयले तयार गरी स्विकृत गरिनेछ । वन्यजन्तु उद्धार केन्द्र निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ ।

महानिर्देशक

४	कार्यप्रकृया	वन्यजन्तु उद्धार केन्द्र निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । यस अन्तर्गत ठुला प्रजातीका बाघ, गैडा, चितुवा, अर्ना तथा साना प्रजातीका चित्तल, रतुवा समेतलाई व्यवस्थापन हुने किसिमबाट उद्धार केन्द्रको भवन तथा कोठाहरु निर्माण गरिनेछ । यस कार्यक्रमलाई वित्तिय स्रोत र सिकाईका अनुभवबाट साल बसालि रुपमा विस्तार तथा व्यवस्थापन गरिँदै लगिनेछ ।
५	खर्च प्रक्रया	नक्सा, डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । वन्यजन्तु उद्धार केन्द्र निर्माण भई टुहुरा, घाईते तथा मानव वस्तीमा देखिएका समस्यामूलक वन्यजन्तुहरुको उद्धार तथा व्यवस्थापन भई मानव- वन्यजन्तु द्वन्द न्यूनिकरणमा सहयोग पुगेको हुनेछ ।

हात्ती, चितुवा प्रभावित क्षेत्रमा सोलार आउटडोर ल्याम्प जडान

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	विशेष गरी रातको समयमा जंगली हात्ती तथा चितुवाबाट प्रभावित गाउँ बस्तीको सुरक्षाका लागि जंगल क्षेत्रबाट बस्तीतिर जंगली जनावर हात्ती तथा चितुवाहरु प्रवेश गरेको देखियोस र सतर्क हुन तथा जंगली जनावरलाई जंगलतर्फ नै फर्काउने कार्य गर्न सहज होस भन्ने उदेश्यले यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट सोलार आउटडोर ल्याम्प जडान कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ ।
४	कार्यप्रकृया	सोलार आउटडोर ल्याम्प जडान कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार हुनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । यस अन्तर्गत बस्ती तथा निकुञ्ज आरक्षका पोष्ट भएका क्षेत्रमा ठाउँ ठाउँमा सोलार जडान भएको आउटडोर ल्याम्प जडान गरिनेछ ।
५	खर्च प्रक्रया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । सोलार आउटडोर ल्याम्प जडान भै स्थानीय बासिन्दा तथा पोष्टमा कार्यरत कर्मचारीहरुलाई रातको समयमा वन्यजन्तुहरुबाट सुरक्षित हुन सहयोग पुगेको हुनेछ ।

फोहोरमैला व्यवस्थापनका लागि खाडल निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रमा पर्यटकहरुको आवत जावत भई रहने हुँदा उक्त क्षेत्र सफासुग्घर हुन अति आवश्यक छ, दैनिक मानिसको आवत जावत हुने कार्यमा उनीहरुले उपभोग गर्ने चाउचाउ, चकलेट, विस्कुट आदिका खोलहरु फाल्ने/राख्ने ठाउँ ठाउँमा खाडल व्यवस्थापन गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. लामटाङ राष्ट्रिय निकुञ्ज २. मकालु बरुण राष्ट्रिय निकुञ्ज ३. रारा राष्ट्रिय निकुञ्ज ४. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज ५. ढोरपाटन शिकार आरक्ष ६. अपीनाम्पा संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट फोहोर मैला व्यवस्थापनका लागि खाडल निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	फोहोर मैला व्यवस्थापनका लागि खाडल निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार हुनेछ। कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ। पोष्ट क्षेत्रहरुमा कर्मचारीहरु मार्फत पनि निर्माण गर्न सकिनेछ। यस अन्तर्गत पर्यटक हिड्ने बाटोहरुमा, बस्ति क्षेत्रमा, पर्यटकको मुख्य गन्तव्य स्थलहरुमा फोहोर फाल्ने खाडल निर्माण गर्नुका साथै फोहोर यहा फाल्नुहोस भन्ने सूचना टाँस गरिनेछ र उक्त फोहोरहरुलाई समय समयमा वा दैनिक रुपमा नष्ट गर्ने व्यवस्था मिलाईने छ।
५	खर्च प्रक्रया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। फोहोर मैला व्यवस्थापनका लागि खाडल निर्माण भई पर्यटकीय क्षेत्र सफा सुग्घर रहेको हुनेछ।

पोष्टमा सोलार जडान

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रका पोष्टहरु गाउँ, शहर तथा वस्तीबाट टाढा जंगलमा हुने भएकोले विजुलीको लाईन पुऱ्याउन संभव नभएका क्षेत्रमा रातको समयमा बत्ती बाल्ने तथा दिनको समयमा मोबाईल, ल्यापटप चार्ज गर्ने प्रयोजनका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. लामटाङ राष्ट्रिय निकुञ्ज

महानिर्देशक

		७. सगरमाथा राष्ट्रिय निकुञ्ज ८. रारा राष्ट्रिय निकुञ्ज ९. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज १०. खप्तड राष्ट्रिय निकुञ्ज ११. ढोरपाटन शिकार आरक्ष १२. अपिनाम्पा संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट पोष्टमा सोलार जडान कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ ।
४	कार्यप्रकृया	पोष्टमा सोलार जडान गर्ने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार हुनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ ।
५	खर्च प्रक्रृया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चितता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलव्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । संरक्षित क्षेत्रका पोष्टहरुमा सोलार जडान भै कार्यरत कर्मचारीहरु रातको समयमा जंगली जनावरबाट सुरक्षित रहनुका साथै सेक्टर, कार्यालयसंग नियमित सम्पर्कमा रहेका हुनेछन ।

वन्यजन्तुका पानीपोखरीमा पानी व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रहरुका धेरै भू-भागहरु भावर तथा भित्री मधेश क्षेत्रमा रहेको हुँदा वन्यजन्तुका लागि नियमित रुपमा आवश्यक पर्ने पानीको अभाव हुने भएकोले वन्यजन्तुका लागि खानेपानीका लागि र आहाल बस्ने प्रयोजनका लागि पानीको व्यवस्थापन गर्नु अत्यावश्यक देखिन्छ । वन्यजन्तुहरु पानीको लागि गाउ बस्ति हुँदै खोलासम्म पुग्नु पर्दा शिकारीको आक्रमणमा परी मृत्यु हुने सम्भावना पनि रहन्छ ।। त्यसैले संरक्षित क्षेत्रभित्र वन्यजन्तुहरुका लागि पानी व्यवस्थापनका निमित्त पानी पोखरी निर्माण गरिएका हुन्छन तर ती पोखरीहरुमा सुख्खा मौसममा पानी नहुँदा वन्यजन्तुका लागी पानीको समस्या पर्ने भएकोले पोखरीहरुमा पानी भर्न यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. बाँके राष्ट्रिय निकुञ्ज २. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ३. पर्सा राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तुका लागि पोखरीमा पानी व्यवस्थापन गर्न प्रयोग गरिनेछ । निश्चित अवधिका लागि ट्याक्टर चालकको पारिश्रमिक, ट्याक्टर मर्मत, ईन्धन तथा पाईप खरिद आदी कार्यमा खर्च गर्न सकिनेछ । ट्यांकर वा ट्याक्टर भाडामा लिएको अवस्थामा ट्यांकर/ ट्याक्टर भाडामा खर्च गर्न सकिन्छ ।
४	कार्यप्रकृया	वन्यजन्तुका पानी पोखरीमा पानी भर्ने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । करार कर्मचारी व्यवस्थापन गरी कार्यालयको ट्याक्टर मार्फत पोखरीमा पानी भर्ने व्यवस्था पनि गर्न सकिनेछ । कार्यालयमा भए कार्यालयको ट्याक्टर वा पानी ट्यांकरबाट र कार्यालयमा उपलब्ध नभएको अवस्थामा भाडा तिरेर भए पनि पानी ल्याई ती पानी मुहानबाट पाइप जडान गरी पोखरीमा पानी व्यवस्थापन पनि गर्न सकिन्छ । यो कार्य गर्मीयाममा पोखरीमा पानी सुक्ने समयमा गरिनेछ ।

महानिर्देशक

५	खर्च प्रक्रया	प्रस्तावना, कार्यसूची, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। गर्मी मौसममा पनि वन्यजन्तुले संरक्षित क्षेत्रभित्रै पर्याप्त रुपमा पानी खान पाएको हुनेछन।

पानीपोखरीमा बोरिङ सहितको सोलार जडान

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रहरुका धेरै भू-भागहरु भावर तथा भित्री मधेश क्षेत्रमा रहेको हुँदा वन्यजन्तुका लागि नियमित रुपमा आवश्यक पर्ने पानीको अभाव हुने भएकोले स्थायी पानीका स्रोतहरु भन्दा अन्य स्थानमा खानेपानीका लागि र वन्यजन्तुलाई आहाल बस्ने प्रयोजनका लागि पानीको ब्यबस्थापन गर्नु अत्यावश्यक देखिन्छ। वन्यजन्तुहरु पानीको लागि गाउ बस्ति हुँदै खोलासम्म पुग्नु पर्दा शिकारीको आक्रमणमा परी मृत्यु हुने सम्भावना पनि रहन्छ। त्यसैले संरक्षित क्षेत्रभित्र विभिन्न स्थानमा पानीपोखरीहरु निर्माण गरिएका हुन्छन। ती पोखरीमा बर्षातको समयमा परेको पानी रहि नरहने भएकोले टाढाबाट पाईप मार्फत कि त ट्यांकरबाट ओसारेर पानी भर्नु पर्ने हुन्छ, यसो गर्दा एकातर्फ जंगली हात्तीले पाईप उखेलेर फालि दिने समस्या हुन्छ भने अर्को तर्फ ट्यांकरबाट पानी ओसार्दा जनशक्ति र बढी खर्च लाग्ने भएकोले त्यस्ता पोखरी मै बोरिङ सहितको सोलार जडान गर्दा नियमित र सहज ढंगले पानीको आपूर्ति हुने भएकोले यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. कृष्णसार संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट बोरिङ सहितको सोलार जडान, पुरानो बोरिङ्ग रहेको स्थानमा सोलार/मोटर खरिद गरि जडान गर्न खर्च गरिनेछ। संरक्षित क्षेत्रबाट उपलब्ध हुन सक्ने भएमा जडानको लागि आवश्यक काठ, ढुंगा, गिटी, बालुवा लागत अनुमानमा उल्लेख गरी प्रयोग गर्न सकिनेछ।
४	कार्यप्रकृया	पानी पोखरीमा बोरिङ सहितको सोलार जडान कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ। सोलार जडान गर्दा हात्तीले उखाल्न र ढलाउन नसक्ने गरी मोटो र अग्लो काठको पोल प्रयोग गर्नु पर्नेछ।
५	खर्च प्रक्रया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। पानीपोखरीमा नियमित पानीको आपूर्ति भै वन्यजन्तुले संरक्षित क्षेत्रभित्र पर्याप्त रुपमा पानी खान पाएका हुनेछन्।

क्याम्पसाईट निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्र भित्र पदयात्री पर्यटकका लागि शान्तपूर्वक, आरामले रात बिताउने गरि बस्नका लागि मुख्य कार्यालय, सेक्टर, रेन्जपोष्ट र पोष्ट कार्यालयको पहुच स्थानमा खानेपानी र शौचालय सहितको क्याम्पसाइटहरु निर्माण गर्नु पर्ने हुँदा यस क्रियाकलापको व्यवस्था गरिएको हो।

महानिर्देशक

२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. खप्तड राष्ट्रिय निकुञ्ज २. ढोरपाटन शिकार आरक्ष ३. अपीनाम्पा संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट क्याम्पसाईट निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । यस अन्तर्गत क्याम्पसाईट निर्माण, पानी तथा शौचालयको व्यवस्थाका साथै भारी हिउँपातका समयमा सुरक्षा प्रदान गर्न सेडको समेत व्यवस्था गरिएको हुन्छ ।
४	कार्यप्रकृया	क्याम्पसाईट निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ ।
५	खर्च प्रक्रया	लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । संरक्षित क्षेत्रमा क्याम्पसाईट निर्माण भै पदयात्री पर्यटकलाई सुविधा पुगेको हुनेछ ।

पर्यटक विश्रामस्थल निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	पदयात्री पर्यटक र भरियाहरुलाई यात्राको समयमा ठाउँ ठाउँमा आराम गर्न आवश्यक पर्ने भएकोले उनीहरुको हितलाई ध्यानमा राखि पर्यटक विश्रामस्थल निर्माण गर्न यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. लामटाङ राष्ट्रिय निकुञ्ज २. रारा राष्ट्रिय निकुञ्ज ३. खप्तड राष्ट्रिय निकुञ्ज ४. ढोरपाटन शिकार आरक्ष ५. कृष्णसार संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट पर्यटक विश्रामस्थल निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । पर्यटक विश्रामस्थल निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ ।
४	कार्यप्रकृया	पर्यटक विश्रामस्थल निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । सकेसम्म पदयात्राको समयावधीमा आराम गर्नु पर्ने र पानीको स्रोत समेत भएको स्थानमा यस्ता विश्रामस्थल निर्माण गरिनेछ । घाम र पानीबाट सुरक्षित हुन सेडको समेत व्यवस्था गरिनेछ । यस अन्तर्गत पर्यटक पदमार्गको ठाऊँ ठाउँमा पर्यटक तथा पर्यटकिय भरियालाई घाम र पानी दुवैबाट आराम गर्न मिल्ने किसिमका पर्यटक विश्राम स्थल निर्माण गरिनेछ भने पर्यटक विश्रामस्थल नजिक फोहोर फाल्ने खाडल वा टोकरीको पनि व्यवस्था गरिएको हुनेछ । यस्ता पर्यटक विश्रामस्थल निर्माण गर्दा खानेपानीको उपलब्धतालाई समेत ध्यान दिईनेछ ।
५	खर्च प्रक्रया	लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।

६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । संरक्षित क्षेत्रमा पर्यटक विश्रामस्थल निर्माण भई पदयात्री पर्यटक तथा भरियाको पदयात्रा सहज गर्न सहयोग पुगेको हुनेछ ।

वन्यजन्तु पक्राउका होल्डिङ केज निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	टुहुरा, घाईते तथा समस्याग्रस्त वन्यजन्तु पक्राउ गरी वन्यजन्तु उद्धार केन्द्र सम्म पुच्याउन तथा वन्यजन्तु पालन तथा प्रजनन कार्यमा वन्यजन्तुहरु पक्राउ गरि सम्वन्धित स्थानसम्म पुच्याउन यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. बाँके राष्ट्रिय निकुञ्ज २. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तु पक्राउका होल्डिङ केज निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । होल्डिङ केज निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ ।
४	कार्यप्रकृया	वन्यजन्तु पक्राउका होल्डिङ केज निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ ।
५	खर्च प्रक्रया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । कार्यक्रममा छुट्टाईएको बजेटबाट होल्डिङ केज निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ ।

नर्सरी संचालन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	मध्यवर्ती क्षेत्र तथा संरक्षित क्षेत्रका आसपासका समूह समितिहरुलाई वनको वैकल्पिक व्यवस्था तथा आय आर्जनका लागि विभिन्न प्रजातीका फलफुल, जडिबुटी लगायतका विरुवाहरुको बृक्षारोपण गरी मध्यवर्ती सामुदायिक वन/ मध्यवर्ती क्षेत्र निजि वनको विकास गर्न प्रोत्साहन गर्ने उदेश्यले स्थापना भएका नर्सरी संचालन गरी बृक्षारोपणका निमित्त विरुवा वितरण गर्न यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. लामटाङ राष्ट्रिय निकुञ्ज २. मकालु बरुण राष्ट्रिय निकुञ्ज ३. कोशीटप्पु वन्यजन्तु आरक्ष ४. अपीनाम्पा संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट नर्सरी संचालन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । नर्सरी संचालनका लागी हेरालु व्यवस्थापन गरी निजको पारिश्रमिक, विउ खरिद तथा नर्सरीका लागी आवश्यक औजार/सामाग्री खरिदमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	नर्सरी संचालन कार्यालयबाट नर्सरी हेरालु राखि नियमित रेखदेख, विरुवा उत्पादन तथा वितरण र अभिलेख व्यवस्थापन गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया,

महानिर्देशक

		जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । साथै कार्यालयको कर्मचारी मार्फत पनि गर्न सकिने छ ।
५	खर्च प्रक्रया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन र विरुवा उत्पादन तथा वितरणको अभिलेखको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । नर्सरी संचालन भई वृक्षारोपण क्षेत्र थपिएको हुनेछ ।

सामुदायिक वनको विधान तथा कार्ययोजना निर्माण/ नविकरण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रहरुको मध्यवर्ती क्षेत्र घोषणा हुँदा तात्कालिन जिल्ला वन कार्यालयबाट हस्तान्तरण भई आएका तथा मध्यवर्ती क्षेत्रमा गठन भएका सामुदायिक वनहरुको विधान तथा कार्ययोजना निर्माण तथा नविकरण गर्ने कार्यका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. बाँके राष्ट्रिय निकुञ्ज २. बर्दिया राष्ट्रिय निकुञ्ज ३. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ४. लामटाङ राष्ट्रिय निकुञ्ज ५. रारा राष्ट्रिय निकुञ्ज ६. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज ७. खप्तड राष्ट्रिय निकुञ्ज ८. अपीनाम्पा संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट मध्यवर्ती सामुदायिक वनको विधान तथा कार्ययोजना निर्माण/ नविकरण गर्ने कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । सामुदायिक वनको विधान तथा कार्ययोजना निर्माण/ नविकरण गर्दा लाग्ने सम्पूर्ण खर्च यसै शीर्षकबाट गरिनेछ । विधान तथा कार्ययोजना निर्माण/ नविकरण गर्ने कार्यमा खटिएका कर्मचारीको दैनिक भ्रमण भत्ता, मसलन्द, बैठक भत्ता, बैठकको खाना/खाजामा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	मध्यवर्ती सामुदायिक वनको विधान तथा कार्ययोजना निर्माण/ नविकरण गर्ने कार्य सम्वन्धित कार्यालयका कर्मचारीहरुबाट गरिनेछ ।
५	खर्च प्रक्रया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन र तयार गरिएको विधान/कार्ययोजना दाखिलाको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	मध्यवर्ती सा.वनको विधान तथा कार्ययोजना निर्माण/नविकरण भई मध्यवर्ती सामुदायिक वन व्यवस्थापन को कार्य भएको हुनेछ ।

म.क्षे. सामुदायिक वनको सिमाना र कोर क्षेत्र छुट्याई पिल्लर राख्ने कार्य

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	राष्ट्रिय निकुञ्जको कोर क्षेत्र र मध्यवर्ती क्षेत्रको जंगल क्षेत्र जोडिएकोले मध्यवर्ती वन क्षेत्र उपयोगमा कठिनाई आईपरेको हुँदा निकुञ्ज र मध्यवर्ती क्षेत्र एकिन गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. बाँके राष्ट्रिय निकुञ्ज २. बर्दिया राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	यस कार्यक्रमको बजेट म.क्षे. सामुदायिक वनको सिमाना र कोर क्षेत्र छुट्याउने कार्यमा खर्च गरिनेछ । म.क्षे. सामुदायिक वनको सिमाना र कोर क्षेत्र छुट्याउने अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।

महानिर्देशक

४	कार्यप्रकृया	म.क्षे. सामुदायिक वनको सिमाना र कोर क्षेत्र छुट्याउने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । यस कार्यक्रमबाट म.क्षे. सामुदायिक वनको सिमाना र कोर क्षेत्र छुट्याउन तथा सिमाना एकिन भएपछि सिमानामा आर.सि.सि.को बलियो सिमेन्टको पिल्लर गाड्ने कार्य गरिनेछ । यस अन्तर्गत प्रत्येक पाँच पाँच सय मिटरको दुरिमा र मोड/घुम्तीमा आवश्यकता अनुसार हात्तिपाईले सहितको आर.सि.सि.को बलियो सिमेन्टको पिल्लर निर्माण गरिनेछ । सिमान छुट्याउँदा पिल्लर नम्बर र जि.पि.एस लोकेसनको रेकर्ड कार्यालयमा सुरक्षित राख्नु पर्ने छ ।
५	खर्च प्रकृया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलव्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । निकुञ्जको कोर क्षेत्र र मध्यवर्ती क्षेत्र एकिन भएको हुनेछ

कर्णाली नदीको केही बहाव गेरुवा तर्फ परिवर्तन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	बर्दिया राष्ट्रिय निकुञ्जमा कर्णाली नदीले बहाव परिवर्तन गरि गेरुवा तर्फ सुख्खा भएकोले निकुञ्ज भित्रका वन्यजन्तुहरु विशेष गरी बाघ पानीका लागि गाउँ बस्ती हुँदै कर्णाली नदीससम्म पुग्ने हुँदा बाघबाट मानवीय क्षती समेत भै मानव- वन्यजन्तु द्वन्द बढ्न गएकोले कर्णाली नदीको केही बहाव गेरुवा तर्फ परिवर्तन गर्न आवश्यक देखिएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट कर्णाली नदीको केही बहाव गेरुवा तर्फ परिवर्तन गर्ने कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । कर्णाली नदिको बहाव परिवर्तका अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	कर्णाली नदीको केही बहाव गेरुवा तर्फ परिवर्तन गर्ने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गर्नेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । नदीको बहाव परिबर्तन गर्दा ढुंगा व्यवस्थान गर्न आवश्यक देखिएमा राष्ट्रिय गौरबका सरकारी आयोजनालाई उपलब्ध गराउन सकिनेछ /
५	खर्च प्रकृया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलव्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । गेरुवा नदीमा पानीको व्यवस्था भै वन्यजन्तुका लागी खानेपानी व्यवस्था हुनुका साथै वन्यजन्तुको बासस्थानमा सुधार भई वन्यजन्तु बाहिर जानमा नियन्त्रण हुँदा मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण गर्ने कार्यमा सहयोग पुगेको हुनेछ ।

महानिर्देशक

पानीपोखरी निर्माण, तारवार सहित बाँसको बृक्षारोपण र केरा तथा उखु रोपन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	कोशीटप्पु वन्यजन्तु आरक्षमा जंगली हात्तीको आक्रमण बढ्न गै मानवीय क्षेती समेत हुने गरेकोले जंगली हात्तीका लागि पानी पोखरी निर्माण गर्ने र सोही पोखरीको आसपासमा हात्तीलाई मन पर्ने बाँसको बृक्षारोपण, केरा र उखुको विरुवा रोपी त्यसको संरक्षणको लागि तारवार गरी हात्ती मानव द्वन्द्व न्यूनिकरण गर्न नमुनाको रुपमा यस क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट पानीपोखरी निर्माण, तारवार सहित बाँसको बृक्षारोपण र केरा तथा उखु रोपन गर्ने कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ उक्त कार्यको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	पानीपोखरी निर्माण, तारवार सहित बाँसको बृक्षारोपण र केरा तथा उखु रोपन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया बमोजिम गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । म. क्षे . उपभोक्ता समूह समितिहरु मार्फत पनि कार्य गर्न सकिनेछ .
५	खर्च प्रक्रया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । पानी पोखरी, बाँसको बृक्षारोपण र केरा तथा उखु रोपन कार्यले जंगली हात्तीको लागि विचरण क्षेत्र बनाई हात्ती-मानव द्वन्द्व न्यूनिकरण गर्ने कार्यमा टेवा पुगेको हुनेछ ।

अधुरो पर्यटक विश्रामस्थल सहितको भ्यू-टावर निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	रारा राष्ट्रिय निकुञ्ज क्षेत्रमा गत आ.ब. २०७६/७७ मा निर्माण गरिएको पर्यटक विश्रामस्थल सहितको भ्यू-टावर निर्माण कार्य विश्वव्यापी कोभिड-१९ का कारण भएको लकडाउनले सम्पन्न हुन नसकि अधुरो रहेको हुँदा उक्त भ्यू-टावरको निर्माण कार्य सम्पन्न गर्नका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत रारा राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट अधुरो पर्यटक विश्रामस्थल सहितको भ्यू-टावर निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । अधुरो पर्यटक विश्रामस्थल सहितको भ्यू-टावर निर्माण अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	अधुरो पर्यटक विश्रामस्थल सहितको भ्यू-टावर निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का मार्फत गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ ।
५	खर्च प्रक्रया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । पर्यटक विश्रामस्थल सहितको भ्यू-टावर निर्माण कार्य सम्पन्न भई रारा जाने पर्यटकलाई सुविधा पुगेको हुनेछ ।

महानिर्देशक

संरक्षित क्षेत्रमा डिजिटल डिमार्केशन सिष्टम स्थापना र संचालन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	बिगतमा गरिएको संरक्षित क्षेत्रहरुको सिमानाको डिमार्केशनका अभिलेखहरु व्यवस्थित नभएको तथा कतिपय क्षेत्रमा सिमाना स्पष्ट नभएकोले डिमार्केशन गरी डिजिटल रुपमा अभिलेख व्यवस्थापन गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. कोशीटप्पु वन्यजन्तु आरक्ष २. चितवन राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट संरक्षित क्षेत्रमा डिजिटल डिमार्केशन सिष्टम स्थापना र संचालन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। संरक्षित क्षेत्रमा डिजिटल डिमार्केशन सिष्टम स्थापना र संचालनका अतिरिक्त कन्टिजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	संरक्षित क्षेत्रमा डिजिटल डिमार्केशन सिष्टम स्थापना र संचालन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ। संकलन गरिएको डिजिटल डिमार्केशनको अभिलेख सम्वन्धित कार्यालयमा सुरक्षित राख्नुका साथै विभागमा समेत पठाईनेछ।
५	खर्च प्रक्रया	प्रस्ताव, डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। संरक्षित क्षेत्रमा डिजिटल डिमार्केशन सिष्टम स्थापना भएको हुनेछ।

रामसार/सिमसार क्षेत्र व्यवस्थापन/पुनर्स्थापना (Restoration)

क्र.सं.	विवरण	व्याख्या
६	प्रगतिको सूचक तथा उपलब्धी	सगरमाथा राष्ट्रिय निकुञ्जमा झारलको संख्या र अवस्थाको बारेमा एकिन भएको हुनेछ ।

लघुना मृग (हग डियर) अध्ययन तथा सर्वेक्षण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षण क्षेत्रभित्र रहेका संकटापन्न तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण र ब्यबस्थापनका लागि उनीहरुको संख्या र अवस्था बारे जानकारी हासिल गर्न आवश्यक भएकोले कोशीटप्पु वन्यजन्तु आरक्षमा लघुना मृग (हग डियर) को बारेमा अध्ययन गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत लघुना मृगको अध्ययन गरि तिनिहरुको अवस्थाको बारेमा जानकारी प्राप्त गरिनेछ ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयहरुबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट लघुना मृग (हग डियर) अध्ययन तथा सर्वेक्षण कार्य सम्पन्न गर्न लघुना मृग (हग डियर) अध्ययन तथा सर्वेक्षण कार्यमा आवश्यक उपकरण खरिद तथा खटिने कर्मचारीको खाना तथा खाजामा खर्च गरिनेछ
४	कार्यप्रकृया	लघुना मृग (हग डियर) अध्ययन तथा सर्वेक्षण कार्य कार्यालयले खटाएको कर्मचारीको टोलीले गर्नेछन ।
५	खर्च प्रक्रया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	लघुना मृगको अध्ययन तथा सर्वेक्षण कार्य सम्पन्न भई उनीहरुको संख्या र अवस्थाको बारेमा एकिन भएको हुनेछ ।

महानिर्देशक

अर्ना संरक्षण तथा व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	कोशीटप्पु वन्यजन्तु आरक्ष तथा सदर चिडियाखानाबाट चितवन राष्ट्रिय निकुञ्जमा स्थानान्तरण गरिएका अर्नाको संरक्षण र व्यवस्थापन गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत चितवन राष्ट्रिय निकुञ्ज कार्यालयहरुबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट अर्ना संरक्षण तथा व्यवस्थापन कार्य अन्तर्गत ईन्कोल्जर भित्र राखिएका अर्नाको संरक्षण र व्यवस्थापनका लागि अर्नाको दाना, औषधी, ईन्क्लोजर मर्मत, विस्तार लगायतका आवश्यक कार्यहरुमा खर्च गरिनेछन
४	कार्यप्रकृया	अर्ना संरक्षण तथा व्यवस्थापन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रक्रिया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	स्थान्तरित अर्नाको संरक्षण तथा व्यवस्थापन भएको हुनेछ।

कृष्णसार संरक्षण तथा व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	कृष्णसार संरक्षण क्षेत्रबाट स्थानान्तरण गरि शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको हिरापुर क्षेत्रमा राखिएका कृष्णसारहरुको संरक्षण र व्यवस्थापन गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट कृष्णसार संरक्षण तथा व्यवस्थापन कार्य अन्तर्गत ईन्कोल्जर भित्र राखिएका कृष्णसारको संरक्षण र व्यवस्थापनका लागि दाना, ईन्क्लोजर मर्मत, विस्तार लगायतका आवश्यक कार्यहरुमा खर्च गरिनेछ।
४	कार्यप्रकृया	कृष्णसार संरक्षण तथा व्यवस्थापन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रक्रिया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	हिरापुर क्षेत्रमा स्थान्तरित कृष्णसारको संरक्षण तथा व्यवस्थापन भएको हुनेछ।

दूर्लभ वन्यजन्तु स्थानान्तरण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	दूर्लभ तथा लोपोन्मुख अवस्थामा रहेका वन्यजन्तुको संरक्षण र व्यवस्थापनका लागि एक संरक्षित क्षेत्रबाट अर्को संरक्षित क्षेत्रमा स्थानान्तरण गरी तिनिहरुको वंश विस्तार गरिने भएको हुँदा यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट दूर्लभ वन्यजन्तु स्थानान्तरण कार्य अनुसार स्थानान्तरण गर्ने सम्वन्धमा भएको वैठकको भत्ता तथा स्थानान्तरण कार्यमा खटिने कर्मचारीको दै.भ.भत्ता, खाजा तथा उक्त कार्यमा प्रयोग हुने सवारी साधन भाडा, ईन्धनमा खर्च गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत विभागले स्थानान्तरण गर्नु पर्ने वन्यजन्तु (गैंडा, अर्ना, कृष्णसार, जरायो, बाघ) को एकिन गरी गराई त्यस्ता वन्यजन्तुको स्थानान्तरण गरिनेछ। दूर्लभ वन्यजन्तु स्थानान्तरण कार्यमा

महानिर्देशक

		औषधी, उपकरण तथा सामाग्री खरिदमा प्रचलिनत सार्वजनिक खरिद प्रकृया अनुसार गरिने छ भने अन्य कार्य कर्मचारीहरुद्वारा गरिनेछ ।
५	खर्च प्रक्रिया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	दूर्लभ वन्यजन्तुको उपयुक्त स्थानमा स्थानान्तरण भई त्यसको संरक्षण भएको हुनेछ ।

मानव वन्यजन्तु द्वन्द सम्वन्धी अध्ययन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	पछिल्लो समयमा संरक्षित क्षेत्रको मूख्य चुनौति मध्य मानव वन्यजन्तु द्धन्द न्यूनीकरण तथा व्यवस्थापन पनि एक हो । संरक्षित क्षेत्रमा मानव वन्यजन्तु द्धन्दको अवस्था बारे अध्ययन भै मानव वन्यजन्तु द्वन्द न्यूनिकरणमा मद्दत पुर्याउने उद्धश्यले यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बर्दिया राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट मानव वन्यजन्तु द्वन्द सम्वन्धी अध्ययन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ ।
४	कार्यप्रकृया	मानव वन्यजन्तु द्वन्द सम्वन्धी अध्ययन प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवा बाट वा विज्ञ समेत सहभागी भै कर्मचारीहरुबाट पनि गर्न सकिनेछ । यस कार्यक्रम अन्तर्गत मुख्य Conflict Hotspot को नक्सांकन, द्धन्दमा संलग्न हुने वन्यजन्तु, वन्यजन्तुबाट भएको क्षतिको विवरण, न्यूनीकरणका अल्पकालिन एवं दिर्घकालिन उपायहरुको पहिचान गरिनेछ ।
५	खर्च प्रक्रया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	चितवन र बर्दिया रा.नि. मा मानव वन्यजन्तु द्धन्दको अवस्थाका साथै न्यूनीकरणका उपायहरु एकिन भएको हुनेछ ।

निर्माण भएका भौतिक पूर्वाधारहरुको जि.पि.एस. सहितको अभिलेख व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रभित्र विगत बर्षहरु देखि साल बसाली रुपमा निर्माण तथा मर्मत गर्दै आएका भौतिक पूर्वाधारहरु (कार्यालय, सेक्टर, पोष्ट भवन, काठेपुल, मचान, वनपथ, पर्यटक विश्रामस्थल, क्याम्पसाईट, घाँसे मैदान, पानी पोखरी आदि) के, कति, कुन स्थान र कस्ति अवस्थामा रहेका छन् सो को अभिलेख सम्वन्धित कार्यालयमा रहनुका साथै विभागमा समेत हुन आवश्यक देखि यो क्रियाकलापको व्यवस्था गरिएको हो । संरक्षित कार्यालयले सवै भौतिक पूर्वाधार समावेश गरी एक डकुमेण्ट तयार गर्ने र त्यसको softcopy समेत सुरक्षित राख्ने व्यवस्था गरिनेछ ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बर्दिया राष्ट्रिय निकुञ्ज ३. शुक्ला राष्ट्रिय निकुञ्ज ४. पर्सा राष्ट्रिय निकुञ्ज ५. कोशीटप्पु वन्यजन्तु आरक्ष ६. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ७. लामटाङ राष्ट्रिय निकुञ्ज ८. सगरमाथा राष्ट्रिय निकुञ्ज ९. मकालु वरुण राष्ट्रिय निकुञ्ज

महानिर्देशक

		१०. रारा राष्ट्रिय निकुञ्ज ११. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज १२. खप्तड राष्ट्रिय निकुञ्ज १३. ढोरपाटन राष्ट्रिय निकुञ्ज १४. अपिनाम्पा राष्ट्रिय निकुञ्ज १५. कृष्णसार संरक्षण क्षेत्र १६. कंचनजंघा संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट निर्माण भएका भौतिक पूर्वाधारहरुको जि.पि.एस. सहितको अभिलेख व्यवस्थापन कार्य सम्पन्न गर्ने कार्यमा खटिने कर्मचारीको दै.भ्र.भ., खाजा तथा यातायातमा खर्च गरिनेछ।
४	कार्यप्रकृया	निर्माण भएका भौतिक पूर्वाधारहरुको जि.पि.एस. सहितको अभिलेख व्यवस्थापन कार्य सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवा प्रदायकबाट वा सम्वन्धित कार्यालयका कर्मचारीहरुबाट गर्न सकिनेछ । संरक्षित क्षेत्रभित्र रहेका भौतिक पूर्वाधारहरुको जि.पि.एस. सहितको अभिलेख सम्वन्धित कार्यालय तथा विभागमा सुरक्षित गरिनेछ।
५	खर्च प्रक्रिया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	संरक्षित क्षेत्रभित्र रहेका भौतिक पूर्वाधारहरुको जि.पि.एस. सहितको अभिलेख व्यवस्थापन भएको हुनेछ। सवै भौतिक पूर्वाधार समावेश गरी तयार भएको डकुमेण्ट र त्यसको softcopy विभागमा सुरक्षित गरिनेछ।

घाँसेमैदान व्यवस्थापन (मर्मत सुधार)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रभित्र रहेका वन्यजन्तुहरुका लागि आवश्यक पर्ने विभिन्न प्रजातिका घाँसहरु उत्पादन गर्ने तथा प्राकृतिक रुपमा व्यस्थापन गर्ने कार्यका लागि यो क्रियाकलापको व्यबस्था गरिएको हो
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्ला राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. कोशीटप्पु वन्यजन्तु आरक्ष ७. कृष्णसार संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट घाँसे मैदान व्यवस्थापन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। मेशिन उपकरण प्रयोग गरी घाँसे मैदान व्यवस्थापन गर्दा सोही अनुरुपको लागत अनुमान स्वीकृत गरी गरिनेछ।
४	कार्यप्रकृया	घाँसे मैदान व्यवस्थापन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार घाँसे मैदानमा सालवसालि रुपमा उम्रने, पलाउने प्रजातिहरुलाई काट्ने, आगो लगाउने तथा जरैसम्म उखेल्ने जस्ता कार्यहरु गरिन्छ। यो कार्य गर्दा आवश्यकता, कार्य प्रकृति र मितव्ययीता समेतलाई हेरी मानिस लगाएर वा मेशिनरी औजार समेत प्रयोग गरेर गर्न सकिनेछ। प्रभावकारिताको हिसावले सकेसम्म चैत्र मसान्त भित्र घाँसे मैदान व्यास्थापन गर्ने कार्य सम्पन्न गरिनेछ साथै नमुनाको लागी कुनै एक प्लटमा ज्यालदारीमा मानिस खटाई बर्षको ३ पटक घाँसे मैदान व्यवस्थापनको कार्य गर्न सकिन्छ।
५	खर्च प्रक्रिया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	घाँसे मैदान व्यवस्थापन भई वन्यजन्तुका लागि आहारा उपलब्ध भएको हुनेछ।

महानिर्देशक

खर्क व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	तराईका संरक्षित क्षेत्रहरुमा घाँसे मैदान निर्माण तथा मर्मत गरे जस्तै पहाडी तथा हिमाली क्षेत्रका संरक्षित क्षेत्रहरुमा खर्क ब्यबस्थापन कार्य गरिने छ । यस कार्यक्रमको उद्देश्य पनि पहाडी तथा हिमाली क्षेत्रमा पाइने हर्बिभोरस प्रजातिका जनावरलाई आवश्यक पर्ने घाँसको ब्यबस्थापन गर्नु हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत खप्तड कार्यालयहरुबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट खर्क व्यवस्थापन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ ।
४	कार्यप्रकृया	खर्क व्यवस्थापन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार वन क्षेत्रमा रहेका अनावश्यक प्रजातिका रुखहरु हटाउने, मिचाहा प्रजाति हटाउने, साल बसाली रुपमा पलाउने/ उम्रने बिरुवाहरु काट्ने, जरै सम्म उखेल्ने, आगो लगाउने आदि कार्यहरु गरिनेच ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	खर्क व्यवस्थापन भई वन्यजन्तुका लागि आहारा उपलब्ध भएको हुनेछ ।

मिचाहा प्रजाती नियन्त्रण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	बदलिँदो जलवायू परिवर्तनका कारण बाह्य प्रजातिहरूले स्थानीय प्रजातिहरुलाई विस्थापित गरि आफ्नो स्थान लिने गरेको पाइन्छ । खास गरि तराइका संरक्षित क्षेत्रहरुमा माइकेनिया, वनमारा जस्ता प्रजातिहरूले स्थानीय प्रजातिहरुलाई बिस्थापित गरि ब्यापक रुपमा वन्यजन्तुको बासस्थानमा प्रभाव पारेको छ । यिनै मिचाहा प्रजातिहरुलाई हटाइ स्थानीय प्रजातिहरुलाई बढावा दिने कार्यको लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. शुक्लाफांटा राष्ट्रिय निकुञ्ज ३. पर्सा राष्ट्रिय निकुञ्ज ४. कोशीटप्पु वन्यजन्तु आरक्ष
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट मिचाहा प्रजाती नियन्त्रण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ ।
४	कार्यप्रकृया	यस कार्यक्रम अन्तर्गत माईकेनिया, वनमारा जस्ता मिचाहा प्रजाती उखेल्ने, हटाउने सिमसार क्षेत्रमा रहेका जलकुम्भि हटाउने आदि कार्य गरिनेछ । मिचाहा प्रजाती नियन्त्रण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	वनक्षेत्र तथा घाँसे मैदान क्षेत्रमा रहेका मिचाहा प्रजाती हटाई वन्यजन्तुका लागि आवश्यक घाँसहरु व्यवस्थापन भएको हुनेछ ।

महानिर्देशक

कृष्णसारको लागि मौसमी खेती

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	बर्दिया जिल्लाको खैरापुरमा रहेको संकटापन्न वन्यजन्तु कृष्णसारको संरक्षण र व्यवस्थापन गर्ने उदेश्यले १६ हेक्टर क्षेत्रफल भित्रका कृष्णसार बाहिर निस्कन नसक्ने र बाहिरका कुकुर लगायत घरपालुवा जनावर भित्र छिर्न नसक्ने गरी तारवार लगाईएको छ। तारवार भित्रका कृष्णसारलाई मौसम अनुसार आवश्यक पर्ने पुरक आहारा व्यवस्था गर्नु पर्ने भएकोले ट्याक्टरबाट जमिन खनी कृष्णसारले मन पराउने घाँस तथा अन्य प्रजातिको खेती गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत कृष्णसार संरक्षण क्षेत्र कार्यालयबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट कृष्णसारको लागि मौसमी खेती कार्य सम्पन्न गर्न मौसमी खेतीको कार्य गर्दा प्रयोग हुने ट्याक्टर चालकको पारिश्रमिक, ईन्धन, मर्मत आदिमा खर्च गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत जमिन जोती अनावश्यक प्रजातीका घाँस , विरुवा उखेल्ने फाल्ने र मुसुरो, मकै, चना जस्ता खेती गरिन्छ जुन कृष्णसारको लागी खानाको रुपमा प्रयोग हुन्छ। कृष्णसारको लागि मौसमी खेती कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	मौसमी खेती लगाई कृष्णासारलाई आवश्यक आहारा उपलब्ध व्यवस्था भएको हुनेछ।

अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा भएका अतिक्रमणका कारण वन्यजन्तुको बासस्थान घट्न जाने हुँदा त्यस्ता अतिक्रमित क्षेत्र खालि गर्ने, खालि गरिएका क्षेत्रलाई सुरक्षित राख्ने तथा सम्भावित अतिक्रमण हुन नदिन यस क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. पर्सा राष्ट्रिय निकुञ्ज २. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्य सम्पन्न गर्न अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यमा खटिने कर्मचारीको वैठक भत्ता, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत अतिक्रमण हटाउने, तारवार लगाउने, वृक्षारोपण गर्ने, अतिक्रमण हुन नदिन सर्वदलीय भेला गर्ने, राजनैतिक तहमा छलफल चलाउने, सुरक्षाकर्मी परिचालन गर्ने कार्यहरु गरिनेछ। अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्य कार्यालयका कर्मचारी मार्फत गरिनेछ।
५	खर्च प्रकृया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	अतिक्रमित नियन्त्रण भई वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन भएको हुनेछ।

बरामद वन पैदावार व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रका कार्यालय, सेक्टर,पोष्टबाट गस्तीमा खटिदा गैर कानूनी क्रियालापमा संलग्न व्यक्तिहरु पक्राउ गर्दा फेला परेका दसी प्रमाण (काठ, जडिबुटी, गाडा, राँगा जस्ता सामानहरु) पनि नजिकको कार्याल, सेक्टर, पोष्टमा ल्याई सुरक्षित रुपले राख्नु पर्ने हुँदा यस कार्यका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो।

महानिर्देशक

	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्ला राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. कोशीटप्पु वन्यजन्तु आरक्ष ७. मकालु बरुण राष्ट्रिय निकुञ्ज ८. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज ९. अपी-नाम्पा संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट बरामद वन पैदावार व्यवस्थापन कार्य अन्तर्गत ढुवानी भाडा, ईन्धन, मानिसद्वारा बोकाउनु पर्ने भएमा ज्याला जस्ता कार्यमा खर्च गरिनेछ ।
४	कार्यप्रकृया	यस अन्तर्गत घटना स्थलमा पक्राउ भएका दसीप्रमाण (काठ, राँगा, गाडा तथा जडिबुटी) सवारी साधन पुग्ने ठाउँमा भाडामा सवारी साधन व्यवस्था गरेर गरिनेछ भने सवारी साधन नपुग्ने स्थानमा मानिसलाई ज्याला दिई गरिनेछ । बरामद वन पैदावार व्यवस्थापन गर्ने कार्य कार्यालयका कर्मचारीहरु बाट गरिनेछ ।
५	खर्च प्रक्रया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	पक्राउ परेका सामानहरु समयमा नै सुरक्षित स्थानमा रहेका हुनेछन ।

आखेटोपहार ब्यबस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रमा प्राकृतिक रुपमा मृत्यु भएका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुहरुको आखेटोपहार तथा वन्यजन्तु अपराधका क्रियाकलापमा संलग्न भएका व्यक्तिबाट पक्राउ भै आएका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको आखेटोपहार तोकिएको स्थानमा सुरक्षित ढंगबाट भण्डारण गर्नु पर्ने हुन्छ र सुरक्षित पूर्वक भण्डारण गर्न तथा तोकिएको स्थानसम्म सुरक्षितपूर्वक लैजाने व्यबस्थाको लागि यस क्रियाकलापको ब्यबस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट आखेटोपहार ब्यबस्थापन कार्य अन्तर्गत आखेटोपहार ओसारपासर कार्य ,सुरक्षाको खर्च,आखेटोपहार व्यवस्थापन (नष्ट गर्ने र सहयोग गर्ने र शिक्षण सामाग्रीका लागि दिने),भण्डारण तथा Preservatives तथा आखेटोपहार व्यवस्थापनका लागि गरिने अन्य कार्यहरुमा खर्च गरिनेछ ।
४	कार्यप्रकृया	यसमा अन्तर्गत आखेटोपहारको सुरक्षीत ओसारपासर, आखेटोपहारको सुरक्षा, आखेटोपहार व्यवस्थापन (नष्ट गर्ने र सहयोग गर्ने र शिक्षण सामाग्रीका लागि दिने), भण्डारण, Preservation तथा आखेटोपहार व्यवस्थापनका लागि कार्यविधिमा उल्लेखित अन्य कार्यहरु गर्न सकिनेछ । आखेटोपहार ब्यबस्थापन कार्य कार्यालका कर्मचारीहरुबाट गरिनेछ ।
५	खर्च प्रक्रया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	आखेटोपहार सुरक्षित रुपमा भण्डारण भएको हुनेछ ।

सहा.निर्देशक

प्लाष्टिक सामग्री नियन्त्रण तथा व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रमा प्रवेश गर्ने पर्यटक तथा भरियाहरुले प्लाष्टिक सामग्रीहरु जथाभावी फाल्दा वन, वन्यजन्तुको स्वास्थ्य र बासस्थान तथा वातावरणमा नकारात्मक असर पर्नुका साथै सौन्दर्यतामा समेत राम्रो नदेखिने भएको हुँदा यसको व्यवस्थापनको लागि यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत ढोरपाटन शिकार आरक्ष कार्यालयबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट प्लाष्टिक सामग्री नियन्त्रण तथा व्यवस्थापन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत प्रवेशद्वारमा प्लाष्टिक सामाग्री नियन्त्रणका लागि सूचना बोर्ड राखिनेछ , कर्मचारी खटाई संरक्षित क्षेत्रभित्र प्लाष्टिक झोला लैजान निरुत्साहित गरिनेछ, अन्य वैकल्पिक झोला व्यवस्थापन गरी पर्यटक निस्कने प्रवेशद्वारमा छाड्ने व्यवस्था गर्न सकिनेछ। प्लाष्टिक सामग्री नियन्त्रण तथा व्यवस्थापन कार्य कार्यालयका कर्मचारीहरु मार्फत गरिनेछ।
५	खर्च प्रक्रया	कर्मचारी पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	संरक्षित क्षेत्रमा प्लाष्टिक सामाग्री नियन्त्रण तथा व्यवस्थापन भएको हुनेछ।

चोरी शिकार नियन्त्रण स्विप अप्रेशन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रहरुको चोरी शिकारको दृष्टिकोणले सम्बेदनशील क्षेत्रहरुमा वन पैदावार, वन्यजन्तुको चोरी शिकार नियन्त्रणकालागि संरक्षित क्षेत्र कार्यालयका कर्मचारी र सो क्षेत्रमा कार्यरत सुरक्षा सेना समेतको संयुक्त गस्ती टोलीले ठुलो क्षेत्रलाई समेटेर लामो दुरीको गस्ती गर्ने, ठाउ ठाउँमा क्याम्प खडा गरि रात समेत सोहि स्थानमा बिताई पुरै क्षेत्रको गस्ती गर्ने कार्यका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. कोशीटप्पु वन्यजन्तु आरक्ष ७. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ८. लामटाङ राष्ट्रिय निकुञ्ज ९. सगरमाथा राष्ट्रिय निकुञ्ज १०. मकालु बरुण राष्ट्रिय निकुञ्ज ११. रारा राष्ट्रिय निकुञ्ज १२. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज १३. खप्तड राष्ट्रिय निकुञ्ज १४. ढोरपाटन शिकार आरक्ष
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट चोरी शिकार नियन्त्रण स्विप अप्रेशन कार्य "सुराकी खर्च परिचालन कार्यविधि २०७२" अनुसार सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	संयुक्त गस्ती टोलीले ठुलो क्षेत्रलाई समेटेर लामो दुरीको गस्ती गर्ने, ठाउ ठाउँमा क्याम्प खडा गरि रात समेत सोहि स्थानमा बिताई पुरै क्षेत्रको गस्ती गर्ने जस्ता कार्य गरिनेछ। चोरी शिकार नियन्त्रण स्विप अप्रेशन कार्य कर्मचारीहरुबाट गरिनेछ।

५	खर्च प्रक्रिया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	संरक्षित क्षेत्रमा स्विप अपरेसन भई अवैध चोरी शिकारमा कमी आएको हुनेछ ।

चोरी शिकार नियन्त्रणमा युवा परिचालन अभियान

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	वन्यजन्तुको चोरी शिकार नियन्त्रणमा सरकारी पक्षबाट मात्र भन्दा स्थानीय युवाहरुलाई पनि परिचालन गर्न सकेमा बढी उपलब्धीमुलक हुने हुँदा संरक्षण प्रति चासो राख्ने युवाहरुको समुह मार्फत चोरी शिकारका सम्भावित क्षेत्रमा कर्मचारी समेत समाबेश भएको स्थानीय युवाहरुको टोलीले १ दिन गस्ती गर्ने कार्यका लागि यो क्रियाकलापको ब्यबस्था गरिएको छ ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बर्दिया राष्ट्रिय निकुञ्ज ३. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ४. पर्सा राष्ट्रिय निकुञ्ज ५. कोशीटप्पु वन्यजन्तु आरक्ष ६. मकालु बरुण राष्ट्रिय निकुञ्ज ७. रारा राष्ट्रिय निकुञ्ज ८. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज ९. अपीनाम्पा संरक्षण क्षेत्र १०. कंचनजंघा संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट चोरी शिकार नियन्त्रणमा युवा परिचालन अभियान कार्य सम्पन्न गर्न कर्मचारीको साथ चोरी शिका नियन्त्रणका लागि खटिएका युवा टोलीको "सुराकी खर्च परिचालन कार्यविधि २०७२" अनुसार न्युनतम दैनिक पारिश्रमिक, खाजा, पानी जस्ता खर्चहरु यस कार्यक्रमबाट गरिनेछ ।
४	कार्यप्रकृया	संरक्षण प्रति चासो राख्ने युवाहरुको समुह मार्फत चोरी शिकारका सम्भावित क्षेत्रमा कर्मचारी समेत समाबेश भएको स्थानीय युवाहरुको टोलीले १ दिन गस्ती गर्नेछ । चोरी शिकार नियन्त्रणमा युवा परिचालन अभियान कार्य कार्यालयका कर्मचारीहरु मार्फत गरिनेछ ।
५	खर्च प्रक्रिया	कर्मचारीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	युवा परिचालन भई संरक्षित क्षेत्रभित्र अवैध चोरी शिकारमा कमी आएको हुनेछ ।

चोरी शिकार नियन्त्रण संयुक्त गस्ती

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रहरुको चोरी शिकारको दृष्टिकोणले सम्बेदनशील क्षेत्रहरुमा वन पैदावार, वन्यजन्तुको चोरी शिकार नियन्त्रणकालागि संरक्षित क्षेत्र कार्यालयका कर्मचारी, नेपाल प्रहरी वा शसत्र प्रहरी, उपभोक्ता समिति/समूहका पदाधिकारी समेतको संयुक्त गस्ती टोलीले ठुलो क्षेत्रलाई समेटेर लामो दुरीको गस्ती गर्ने, ठाउ ठाउँमा क्याम्प खडा गरि रात समेत सोहि स्थानमा बिताई पुरै क्षेत्रको गस्ती गर्ने कार्यका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. अपिनम्पा संरक्षण क्षेत्र २. कंचनजंघा संरक्षण क्षेत्र

महानिर्देशक

३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट "सुराकी खर्च परिचालन कार्यविधि २०७२" अनुसार चोरी शिकार नियन्त्रण संयुक्त गस्ती कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	चोरी शिकारको दृष्टिकोणले सम्बेदनशील क्षेत्रहरुमा संरक्षित क्षेत्र कार्यालयका कर्मचारी, नेपाल प्रहरी वा शसत्र प्रहरी, उपभोक्ता समिति/समूहका पदाधिकारी समेतको संयुक्त गस्ती टोलीले ठुलो क्षेत्रलाई समेटेर लामो दुरीको गस्ती गर्ने, ठाउ ठाउँमा क्याम्प खडा गरि रात समेत सोहि स्थानमा बिताई पुरै क्षेत्रको गस्ती गरिन्छ। चोरी शिकार नियन्त्रण संयुक्त गस्ती कार्य कार्यालयका कर्मचारीहरु मार्फत गरिनेछ।
५	खर्च प्रक्रया	कर्मचारीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	संयुक्त गस्ती भई वन्यजन्तुको चोरी शिकारमा कमी आएको हुनेछ।

चोरी शिकार नियन्त्रणका लागि संयुक्त टोली परिचालन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रहरुको चोरी शिकारको दृष्टिकोणले सम्बेदनशील क्षेत्रहरुमा वन पैदावार, वन्यजन्तुको चोरी शिकार नियन्त्रणकालागि संरक्षित क्षेत्र कार्यालयका कर्मचारी, उपभोक्ता समिति/समूहका पदाधिकारी तथा स्थानीय बासिन्द समेतको संयुक्त टोलीले लामो दुरीको गस्ती गर्ने कार्यका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. कोशीटप्पु वन्यजन्तु आरक्ष २. चितवन राष्ट्रिय निकुञ्ज ३. बाँके राष्ट्रिय निकुञ्ज ४. बर्दिया राष्ट्रिय निकुञ्ज ५. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट "सुराकी खर्च परिचालन कार्यविधि २०७२" अनुसार चोरी शिकार नियन्त्रणका लागि संयुक्त टोली परिचालन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	संरक्षित क्षेत्र कार्यालयका कर्मचारी, उपभोक्ता समिति/समूहका पदाधिकारी तथा स्थानीय बासिन्दा समेतको संयुक्त टोलीले लामो दुरीको गस्ती गर्ने गरिन्छ। चोरी शिकार नियन्त्रण संयुक्त गस्ती कार्य कार्यालयका कर्मचारीहरु मार्फत गरिनेछ।
५	खर्च प्रक्रया	कर्मचारीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	संयुक्त टोली परिचालन भई वन्यजन्तु तथा वनस्पतिको चोरी शिकारमा कमी आएको हुनेछ।

सुराकी व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	चोरी शिकार हुने महत्वपूर्ण संरक्षित क्षेत्रहरुमा गस्ती, संयुक्त टोली परिचालन कार्यले मात्र चोरी शिकार नियन्त्रण कार्य प्रभावकारी नहुने भएको हुँदा चोरी शिकारका संबेदनशिल क्षेत्र आसपास सुराकी परिचालन गरी सो बाट प्राप्त सूचनाको आधारमा स्वीप गस्ति, संयुक्त टोली परिचालन जस्ता कार्य गर्नु पर्ने भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बर्दिया राष्ट्रिय निकुञ्ज

महानिर्देशक

३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट "सुराकी खर्च परिचालन कार्यविधि २०७२" अनुसार सुराकी व्यवस्थापन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ ।
४	कार्यप्रकृया	यस अन्तर्गत संरक्षित क्षेत्रको संवेदनशिल क्षेत्र नजिकका बस्तिहरुका कुनै व्यक्तिलाई गोप्य रुपमा सुराकीको रुपमा राखिनेछ र निजको सूचनाको आधारमा संयुक्त गस्ति टोली परिचालन गरी घटना घटनु अगाडि नै शिकारीहरुलाई नियन्त्रण गर्ने प्रयास गरिनेछ । सुराकी व्यवस्थापन कार्य कार्यालयका प्रमुख वा तोकिएका कर्मचारी मार्फत गरिनेछ ।
५	खर्च प्रक्रया	कर्मचारीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	चोरी शिकार नियन्त्रणका लागि सुराकी व्यवस्थापन भई वन्यजन्तु तथा वनस्पतिको चोरी शिकारमा कमी आएको हुनेछ ।

वन डढेलो व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	वन डढेलोबाट वन क्षेत्रमा पाइने वन्यजन्तु एवं बनस्पतिहरुलाइ पर्न सक्ने नकारात्मक प्रभावलाई न्युनिकरण गर्न र आगलागीबाट हुन सक्ने सम्भावित मानवीय क्षतिलाइ रोक्नु यस क्रियाकलापको उद्देश्य हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. बर्दिया राष्ट्रिय निकुञ्ज २. चितवन राष्ट्रिय निकुञ्ज ३. बाँके राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. कोशी टप्पु वन्यजन्तु आरक्ष ७. शिवपुरी राष्ट्रिय निकुञ्ज ८. लामटाङ राष्ट्रिय निकुञ्ज ९. सगरमाथा राष्ट्रिय निकुञ्ज १०. मकालु वरूण राष्ट्रिय निकुञ्ज ११. रारा राष्ट्रिय निकुञ्ज १२. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज १३. खप्तड राष्ट्रिय निकुञ्ज १४. ढोरपाटन शिकार आरक्ष १५. अपीनाम्पा संरक्षण क्षेत्र १६. कृष्णसार संरक्षण क्षेत्र १७. कंचनजंघा संरक्षण क्षेत्र १८. अन्नपूर्ण संरक्षण क्षेत्र १९. मनास्लू संरक्षण क्षेत्र २०. गौरीशंकर संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट वन डढेलो व्यवस्थापन कार्य अन्तर्गत डढेलो नियन्त्रण कार्यमा खटिने कर्मचारी, सुरक्षाकर्मी, स्थानीय बासिन्दाको पानी, खाजा जस्ता कार्यमा खर्च गरिनेछ ।
४	कार्यप्रकृया	यस कार्यक्रम अन्तर्गत डढेलो लाग्नु अघि नै नियन्त्रित रुपमा आगो लगाउने, डढेलो नियन्त्रणका लागि पानी पोखरी निर्माण गर्ने, अग्नीरेखा निर्माण गर्ने, डढेलो नियन्त्रणका लागि कर्मचारी, मध्यवर्ती क्षेत्रका उपभोक्ताहरुलाई तालिम दिने, वन डढेलो नियन्त्रणका सामाग्री व्यवस्था गर्ने, अनियन्त्रित रुपमा लागेको डढेलोलाई सेना, प्रहरी तथा नागरिक समाज समेतको समन्वयमा नियन्त्रण गर्ने, वन डढेलो लाग्न बाट जोगाउन जनचेतनाका लागि प्रचार प्रसार (पर्चा, पम्प्लेट प्रकासन) गर्ने, स्थानीय एफ.एम.बाट प्रसारण गर्ने, कार्यहरु गरिनेछ । वन डढेलो नियन्त्रणका लागि

महानिर्देशक

		अन्तरक्रिया गोष्टी, तालिम, वन डढेलो नियन्त्रण जस्तो कार्यहरु कर्मचारी मार्फत गरिनेछन भने अन्य कार्यहरु प्रचलित सार्वजनिक खरिद प्रकृया बमोजिम गरिनेछ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	यो वन डढेलो व्यवस्थापन कार्यबाट संरक्षित क्षेत्रभित्र रहेका वन्यजन्तु र वनस्पतिहरुमा पर्ने नकरात्मक असरहरु न्यूनिकरण हुनुको साथै वन्यजन्तुको बासस्थानमा स्वस्थ पारिस्थितिकिय प्रणालीको विकास गर्ने कार्यमा टेवा पुग्नेछ।

टुहुरा तथा समस्यामुलक वन्यजन्तु व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	चोरी शिकारिको आक्रमण तथा ठुला जनावरहरुको आक्रमणका कारण माउबाट छुटेका टुहुरा वन्यजन्तुहरु तथा गाउ बस्तिमा निस्की समस्यामा परेका वन्यजन्तुहरुलाई लाई प्राकृतिक रुपमा बाँच्न सक्ने अवस्था नभएसम्म वन्यजन्तु उद्धार केन्द्रमा राखी पालन पोषण र सुरक्षित साथ् राख्नु पर्ने हुदा यस क्रियालापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. कोशीटप्पु वन्यजन्तु आरक्ष ७. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ८. लामटाङ राष्ट्रिय निकुञ्ज ९. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज १०. खप्तड राष्ट्रिय निकुञ्ज ११. ढोरपाटन शिकार आरक्ष १२. अपीनाम्पा संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट टुहुरा तथा समस्यामुलक वन्यजन्तु व्यवस्थापन कार्य सम्पन्न गर्न समस्याग्रस्त वन्यजन्तु नियन्त्रण गर्दा प्रयोग गर्ने औषधी, घाईते वन्यजन्तुको उपचार, खाना, केज (खोर) निर्माण उद्दार कार्यमा प्रयोग हुने गाडी, इन्धन, खटिंदाका सुरक्षाकर्मी, कर्मचारीहरुको दैनिक भ्रमण भत्ता, खाना, खाजामा खर्च गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत संरक्षित क्षेत्र बाहिर कुनै स्थानमा टुहुरा तथा समस्यामूलक वन्यजन्तु रहेको सूचना प्राप्त हुनासाथ औषधी ,प्राविधिक कर्मचारी, सुरक्षाकर्मी सहितको टोली सम्वन्धित स्थानमा पुगी टुहुरा तथा समस्यामा परेका वन्यजन्तुलाई नियन्त्रणमा लिई संरक्षित क्षेत्रको वन्यजन्तु उद्धार केन्द्रमा व्यवस्थापन गरिनेछ। टुहुरा तथा समस्यामुलक वन्यजन्तु व्यवस्थापन कार्य कार्यालयका कर्मचारीहरु मार्फत गरिनेछ।
५	खर्च प्रकृया	कर्मचारीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	टुहुरा, घाइते तथा समस्यामुलक वन्यजन्तुको उद्दार भई मानव वन्यजन्तु द्वन्द न्यूनिकरणमा सहयोग पुगेको हुनेछ ।

महानिर्देशक

मानव वस्तीबाट वन्यजन्तु उद्दार र व्यवस्थापान

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	वेला वेलामा वन्यजन्तुहरु मानव बस्तीमा पुगी मानिसहरुलाई आतंकित पार्ने हुँदा त्यस्ता वन्यजन्तुहरुलाई नियन्त्रणमा लिई संरक्षित क्षेत्रमा ल्याई छाड्ने कार्यका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. कोशीटप्पु वन्यजन्तु आरक्ष
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट मानव वस्तीबाट वन्यजन्तु उद्दार र व्यवस्थापन कार्यका लागि मानव वस्तीबाट वन्यजन्तु उद्दार र व्यवस्थापान कार्यमा खटिएका कर्मचारी, सुरक्षाकर्मी, पशु चिकित्सक, डार्ट प्राविधिक आदिको खाना खाजा, गाडीको लागि ईन्धन आदिमा खर्च गरिनेछ ।
४	कार्यप्रकृया	यस अन्तर्गत मानव वस्तिमा पुगेका वन्यजन्तुको बारेमा सूचना प्राप्त हुनासाथ औषधी ,प्राविधिक कर्मचारी, सुरक्षाकर्मी सहितको टोली सम्वन्धित स्थानमा पुगी वन्यजन्तुलाई नियन्त्रणमा लिई संरक्षित क्षेत्रको वन्यजन्तु उद्धार केन्द्रमा व्यवस्थापन गरिनेछ । मानव वस्तीबाट वन्यजन्तु उद्दार र व्यवस्थापान कार्य कार्यालयका कर्मचारी मार्फत गरिनेछ ।
५	खर्च प्रक्रया	उद्दार कार्यमा खटिएका कर्मचारीको प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	मानव वस्तिमा पुगेका वन्यजन्तुहरु समय मै उद्धार भै मानव वन्यजन्तु द्वन्द न्यूनिकरणमा सहयोग पुगेको हुनेछ ।

पर्यटकिय क्षेत्रको फोहोर मैला व्यवस्थापन (सरसफाई)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	पदयात्री पर्यटकहरुले संरक्षित क्षेत्र अवलोकन गर्दा तथा संरक्षित क्षेत्रमा लाग्ने मेलाहरुमा मानिसहरुको आवत जावत बढी भै बाटो तथा वरपर फोहोर मैला जम्मा हुने भएकोले वेला वेलामा पर्यटकिय क्षेत्रहरु सरसफाई गर्नु पर्ने भएकोले यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. लामटाङ राष्ट्रिय निकुञ्ज ७. सगरमाथा राष्ट्रिय निकुञ्ज ८. रारा राष्ट्रिय निकुञ्ज ९. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज १०. खप्तड राष्ट्रिय निकुञ्ज ११. ढोरपाटन शिकार् आरक्ष १२. अपी-नाम्पा संरक्षण क्षेत्र १३. कृष्णसार संरक्षण क्षेत्र

महानिर्देशक

३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट पर्यटकिय क्षेत्रको फोहोर मैला व्यवस्थापन (सरसफाई) कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत पर्यटक पदमार्ग दायाँ बाँयाका झाडि बुट्यान हटाउने, पर्यटक पदमार्गमा फालिएका प्लाष्टिक, बिस्कुट, चाउचाउका खालि प्याकेटहरु संकलन गरी फोहोर मैला व्यवस्थापनका लागि खनिएका खाडलहरुमा राखि नष्ट गर्ने, बाटोमा हुरी बतासले खसालेका रुखका हाँगाविगा, पातपतिङर हटाउने जस्ता कार्य गरिनेछ। पर्यटकिय क्षेत्रको फोहोर मैला व्यवस्थापन (सरसफाई) कार्यालयका कर्मचारीहरु मार्फत गरिनेछ।
५	खर्च प्रक्रिया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	पर्यटकिय क्षेत्र सरसफाई भएको हुनेछ।

वन्यजन्तु अस्पताल व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	चितवन राष्ट्रिय निकुञ्जको सौराहा स्थित वन्यजन्तु अस्पताल व्यवस्थापन गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तु अस्पताल व्यवस्थापन कार्यका लागि वन्यजन्तु अस्पतालका लागि आवश्यक औषधि तथा उपकरण खरिद, करारका प्राविधिक कर्मचारिको पारिश्रमिकमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	यो नेपाल सरकारको नियमित कार्यको शुरुवात हो। यस कार्यक्रम अन्तर्गत अस्पतालको लागि आवश्यक औषधी तथा उपकरण खरिद गरिनेछ। यसमा अन्य संस्थाहरुले सहयोग गर्न सक्नेछन। वन्यजन्तु अस्पताल व्यवस्थापन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रक्रिया	कर्मचारीको प्रतिवेदन र सामाग्री दाखिलाको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	वन्यजन्तु अस्पताल व्यवस्थापनमा सहयोग पुगेको हुनेछ।

संरक्षित क्षेत्र भित्रको सरकारी जग्गाको लगत व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्र भित्र रहेका सरकारी जग्गा, जग्गामा बनेका भौतिक पूर्वाधारहरु समेतको स्पष्ट अभिलेख व्यवस्थापन गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. ढोरपाटन शिकार आरक्ष २. अपीनाम्पा संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	यस कार्यक्रममा छुट्टाईएको बजेटबाट संरक्षित क्षेत्र भित्रको सरकारी जग्गाको लगत व्यवस्थापन कार्य सम्पन्न गर्न सिमाना एकिन गर्ने कार्यमा खटिने कर्मचारीहरुको दै.भ्र.भत्ता, खाना, खाजामा खर्च गरिनेछ।
४	कार्यप्रकृया	संरक्षित क्षेत्र भित्रको सरकारी जग्गाको लगत व्यवस्थापन कार्य कार्यालयका कर्मचारीहरुले नापी कार्यालयको सहयोगमा गर्नेछन।
५	खर्च प्रक्रिया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	संरक्षित क्षेत्रको जग्गाको लगत व्यवस्थापन भएको हुनेछ।

महानिर्देशक

संरक्षण कार्यमा प्रयोग हुने वैज्ञानिक प्रविधि विकासका लागि सहयोग

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	वन, वन्यजन्तु र वनस्पतीको संरक्षण र व्यवस्थापनका लागि प्रयोग भएका वैज्ञानिक प्रविधिमा थप विकास गर्नका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. कोशीटप्पु वन्यजन्तु आरक्ष
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट संरक्षण कार्यमा प्रयोग हुने वैज्ञानिक प्रविधि विकासका लागि मोबाईल खरिद, रिचार्ज कार्ड खरिद जस्ता कार्यमा प्रयोग गरिनेछ ।
४	कार्यप्रकृया	यस अन्तर्गत संचालन भई रहेका वैज्ञानिक प्रविधि Real Time Patroling लगायका कार्यमा नेपाली सेनाको सहकार्यमा गरिनेछ । संरक्षण कार्यमा प्रयोग हुने वैज्ञानिक प्रविधि विकासका लागि सहयोग गर्ने प्रचलित सार्वजनिक खरिद प्रकृया बमोजिम गरिनेछ ।
५	खर्च प्रक्रिया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	संरक्षण कार्यमा वैज्ञानिक प्रविधिको प्रयोग भएको हुनेछ ।

यार्सागुम्बा संकलन कार्यको व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	यार्सा गुम्बा संकलनको समयमा स्थानीय बासिन्दा लगायत अन्य बासिन्दाहरु संरक्षित क्षेत्रभित्र प्रवेश गर्ने हुँदा संरक्षण क्षेत्रमा अत्याधिक मानिसको प्रवेश हुने भएकोले यार्सा गुम्वा संकलन व्यवस्थापनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत अपीनाम्पा संरक्षण क्षेत्र कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट यार्सागुम्बा संकलन कार्यको व्यवस्थापन गर्न यार्सागुम्बा संकलन कार्यको व्यवस्थापनमा खटिने कर्मचारी तथा सुरक्षा निकायको दैनिक भ्रमण भत्ता, खाजा खर्च, औषधी, फिल्ड गियर खरिद जस्ता कार्यमा खर्च गरिनेछ ।
४	कार्यप्रकृया	यस अन्तर्गत यार्सागुम्वा संकलन समयमा उक्त क्षेत्रमा संरक्षण कार्यालयका कर्मचारी तथा सुरक्षाकर्मीको संयुक्त अनुगमन टोली खटिनेछ । यार्सागुम्वा संकलन पुर्जी चेकजाँच गर्ने एवं सुरक्षा प्रदान गर्ने कार्य गरिनेछ । यार्सागुम्बा संकलन कार्यको व्यवस्थापनमा खटिने कर्मचारी तथा सुरक्षाकर्मिको लागि आवश्यक पर्ने फिल्ड गियर खरिद पनि खरिद गर्न सकिनेछ । यार्सागुम्बा संकलन कार्यको व्यवस्थापन कार्य कार्यालयका कर्मचारीहरु मार्फत गरिनेछ ।
५	खर्च प्रक्रिया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	यार्सागुम्वा संकलन कार्य व्यवस्थित भएको हुनेछ ।

मुद्दा अनुसन्धान तथा तहकिकात

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रभित्र अवैध क्रियाकलाप गर्ने व्यक्तिहरु उपर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम मुद्धा अनुसन्धान, तहकिकात गर्नु पर्ने हुन्छ, सो को लागि सदरमुकाममा रहेका सरकारी वकिल कार्यालय जाने आउने गर्नुका साथै कतिपय मुद्दा जिल्ला अदालत दायर गर्नु पर्ने पनि हुन्छ । यस्तो समयमा कर्मचारी तथा कसुरको अभियोग लागेका व्यक्तिहरुलाई समेत लैजानु पर्ने हुन्छ । यिनै कार्यहरुलाई व्यवस्थित गर्न यो कृयालापको व्यवस्था गरिएको हो ।

महानिर्देशक

२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. कोशीटप्पु वन्यजन्तु आरक्ष ७. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ८. लामटाङ राष्ट्रिय निकुञ्ज ९. सगरमाथा राष्ट्रिय निकुञ्ज १०. मकालु बरुण राष्ट्रिय निकुञ्ज ११. रारा राष्ट्रिय निकुञ्ज १२. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज १३. खप्तड राष्ट्रिय निकुञ्ज १४. ढोरपाटन शिकार आरक्ष १५. अपी-नाम्पा संरक्षण क्षेत्र १६. कंचनजंघा संरक्षण क्षेत्र १७. अन्नपूर्ण संरक्षण क्षेत्र १८. मनास्लू संरक्षण क्षेत्र १९. गौरीशंकर संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट मुद्दा अनुसन्धान तथा तहकिकात कार्य अन्तर्गत मुद्दा अनुसन्धानका क्रममा घटनास्थलमा सर्जमिनका लागि जाने, म्याद तामेलिका लागि जाने, सरकारी वकिल कार्यालयमा रायका लागि जाने तथा अदालत जाने मुद्दाको हकमा पक्राउ परेका व्यक्तिलाई सुरक्षाकर्मीका साथ म्याद थप गर्न जाँदा र आउँदा तथा उच्च अदालतसम्म जानुपर्ने मुद्दाहरुमा उच्च अदालत जादा आउँदाको कमचारीका दै. भ्र. भत्ता, सुरक्षा निकाय र सहभागी कमचारीका खाना, खाजा, संचार, यातायात जस्ता कार्यमा खर्च गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत मुद्धा अनुसन्धानका क्रममा घटनास्थलमा गई सर्जमिन मुचुल्का तयार गर्ने, म्याद थपका लागि अदालतसम्म जाने, पक्राउ परेका व्यक्तिको वयान लिने, थप अनुसन्धानका लागि पुनः घटनास्थल वा सो नजिकको गाउँबस्तिसम्म जाने, म्याद तामेली गर्ने, जिल्ला सरकारी वकिल कार्यालयको राय लिने लगायतका कार्यहरु गरिनेछ। मुद्दा अनुसन्धान तथा तहकिकात कार्यक्रम कार्यालयका कर्मचारीहरुबाट गरिनेछ।
५	खर्च प्रक्रिया	कर्मचारीले पेश गरको प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	संरक्षित क्षेत्र कार्यालयले गर्नु पर्ने मुद्दाको अनुसन्धान, तहकिकात कार्यमा सहयोग पुगेको हुनेछ।

वन्यजन्तुबाट टुहुरा बनाईएका बालबालिकालाई छात्रवृत्ती

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रको आसपासमा बसोबास गरेको स्थानीय बासिन्दाहरुलाई बेला बेलामा संरक्षित क्षेत्रबाट निस्केका वन्यजन्तुहरुले आक्रमण गरि मृत्यु समेत गराउने हुँदा मानव-वन्यजन्तु द्वन्द बढन गएका छन भने कतिपय अबस्थामा घरमुलीको मृत्युका कारण तिनका बालबच्चाहरुले कलम, कपी, ड्रेस, झोला जस्ता शैक्षिक सामाग्रीहरु खरिद गर्न नसकि शिक्षा आर्जनबाट वंचित हुन पुग्ने हुँदा त्यसबाट संरक्षित क्षेत्र प्रति उनिहरुको नकरात्मक धारणा विकास हुन जाने भएकोले त्यस्ता टुहरा बालबालिकालाई माध्यमिक तहसम्मको अध्ययनका लागी छात्रवृत्ती प्रदान गर्न आवश्यक देखि यो क्रियाकलापको व्यवस्था गरिएको हो।

महानिर्देशक

२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. मकालु बरुण राष्ट्रिय निकुञ्ज ६. रारा राष्ट्रिय निकुञ्ज ७. खप्तड राष्ट्रिय निकुञ्ज ८. ढोरपाटन शिकार आरक्ष ९. अपी-नाम्पा संरक्ष क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तुबाट टुहुरा बनाईएका बालबालिकालाई छात्रवृत्ती कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत संरक्षित क्षेत्र कार्यालय, सेक्टर कार्यालय, रेञ्जपोष्ट तथा पोष्टहरुबाट आ-आफ्नो क्षेत्रका मध्यवर्ती क्षेत्र व्यवस्थापन उपभोक्ता समितिको समन्वयमा रहेका त्यस्ता बालबालिकाको तथ्याङ्क संकलन गरी कार्यालयमा पठाउनेछन, सोही आधारमा कार्यालयबाट छात्रवृक्ती प्रदान गरिनेछ। कार्यालयमा त्यस्ता विद्यार्थीहरुको अभिलेख राखेर साल बसालि रुपमा माध्यमिक तह पुरा नभएसम्म छात्रबृत्ती प्रदान गरिनेछ। वन्यजन्तुबाट टुहुरा बनाईएका बालबालिकालाई छात्रवृत्ती दिने कार्य कार्यालयका कर्मचारीहरु बाट गरिनेछ।
५	खर्च प्रक्रया	सम्वन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको सिफारिस र कर्मचारीहरुको प्रतिवेदनको आधारमा सम्वन्धित विद्यार्थीका अभिभावकलाई चेक/नगद भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलव्धी	बन्यजन्तुबाट टुहुरा बनाईएका बालबालिकाले छात्रबृत्ती प्राप्त भई पठनपाठनमा सहयोग पुग्नेछ र विद्यार्थीमा संरक्षण प्रति सकरात्मक सोचको बृद्धि भएको हुनेछ।

मानव- वन्यजन्तु द्वन्द सहजिकरण कार्यक्रम

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हालका दिनमा बर्दिया राष्ट्रिय निकुञ्ज तथा आसपासका वन्यजन्तुवाट मानवीय क्षेती हुने क्रम बढेकोले मानव- वन्यजन्तु द्वन्द दिन प्रतिदिन बढ्दै गएको हुँदा द्वन्द न्यूनिकरणलाई कम गर्न सहजिकरण गर्न आवश्यक देखिएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट मानव- वन्यजन्तु द्वन्द सहजिकरण गर्न मानव वन्यजन्तु द्वन्द न्यूनिकरणमा सहयोग पुऱ्याउने किसिमका कार्यक्रम गर्न, मानव- वन्यजन्तु द्वन्द सहजिकरण कार्यक्रमका लागि खटिएका कर्मचारीको दै.भ्र.भ., खाना, खाजा, संचार, यातायात र सहजिकरणका लागि खर्च गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत मानव वन्यजन्तु विच घटना भई मानव वन्यजन्तु द्वन्द सृजना भएको स्थानमा संरक्षित क्षेत्र कार्यालयका प्रमुख, निकुञ्ज सुरक्षार्थ खटिएका सुरक्षा प्रमुख लगायत कर्मचारीहरु समेत उपस्थित भै छलफल गर्दा परिस्थितिलाई तत्काल सामान्य बनाउन गर्नु पर्ने सहजिकरणका कार्यहरु गरिनेछन। यो कार्यक्रम कार्यालयका कर्मचारीहरुबाट गरिनेछ ।
५	खर्च प्रक्रया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलव्धी	बर्दिया राष्ट्रिय निकुञ्जमा मानव-वन्यजन्तु द्वन्द न्यूनकरण गर्न सहजिकरण भएको हुनेछ।

जिल्ला स्तरिय वन्यजन्तु अपराध नियन्त्रण ईकाईलाई सहयोग

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हाल २९ जिल्लाका २७ वटा वन्यजन्तु अपराध नियन्त्रण इकाईहरु गठन भै आफ्नै कार्यालयको बजेटबाट कार्यान्वयनमा आई रहेका छन। कुनै इकाईले ठुलो तथा संयुक्त रुपमा कुनै कार्य गर्न

		बजेटको अभाव हुँदा त्यस्ता इकाईलाई सहयोग प्रदान गर्ने यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस्ता कार्यमा संरक्षणका साझेदार संस्थाबाट पनि सहयोग लिन सकिनेछ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट जिल्ला स्तरिय वन्यजन्तु अपराध नियन्त्रण ईकाईलाई क्षमता विकास र सरसामन उपलबध गराउन सहयोग गर्ने कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	जिल्ला स्तरिय वन्यजन्तु अपराध नियन्त्रण ईकाईलाई सहयोग गर्ने कार्य विभागले गर्नेछ।
५	खर्च प्रकृया	विभागको वन्यजन्तु अपराध नियन्त्रण शाखाले सहयोग गर्नु पर्ने ईकाई पहिचान गरी सहयोग उपलब्ध गराउनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	जिल्ला स्तरिय वन्यजन्तु अपराध नियन्त्रण ईकाइलाई वन्यजन्तु अपराध नियन्त्रण कार्यमा सहयोग भएको हुनेछ।

१. विविध कार्यक्रम खर्च (२२५२९)

संरक्षित क्षेत्रभित्र लाग्ने मेला व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रभित्र रहेका धार्मिक तथा साँस्कृतिक स्थलहरुमा परम्परादेखि मेला लाग्दै आएका छन। सो समयमा अत्याधिक तीर्थयात्रीहरु प्रवेश गर्ने भएकोले सो समयमा संरक्षित क्षेत्र कार्यालयका कर्मचारी, सुरक्षाकर्मीहरु तथा स्वास्थकर्मीहरुलाई ठाँउ ठाउँमा खटानु पर्ने हुन्छ। तिनीहरुको खाने बस्ने व्यवस्था समेत गर्नु पर्ने हुन्छ। सोही प्रयोजनका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. पर्सा राष्ट्रिय निकुञ्ज ३. लामटाङ राष्ट्रिय निकुञ्ज ४. मकालु बरुण राष्ट्रिय निकुञ्ज ५. खप्तड राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट संरक्षित क्षेत्रभित्र लाग्ने मेला व्यवस्थापन गर्न मेला व्यवस्थापनका लागि खटिएका कर्मचारी तथा सुरक्षाकर्मीहरुको दै.भ्र.भत्ता, यातायत, संचार, सामान्य औषधी लगायतका कार्यमा खर्च गरिनेछ।
४	कार्यप्रकृया	संरक्षित क्षेत्रभित्र लाग्ने मेला व्यवस्थापनका लागि कार्यालयका कर्मचारी तथा सुरक्षाकर्मीहरुको संयुक्त टोली परिचालन गरिनेछ। संरक्षित क्षेत्रभित्र लाग्ने मेला व्यवस्थापन कार्य कार्यालयका कर्मचारीहरुबाट गरिनेछ।
५	खर्च प्रकृया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	संरक्षित क्षेत्रमा लाग्ने मेला व्यवस्थित भै संरक्षित क्षेत्रलाई प्रतिकूल असर पार्नबाट जोगाउने छ।

वन्यजन्तु सप्ताह (१-७ वैशाख)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	प्रत्येक संरक्षित क्षेत्र कार्यालयहरुले प्रत्येक बर्ष बैशाख १ गतेदेखी ७ गतेसम्म संरक्षण सम्बन्धी विविध कार्यक्रम संचालन गरी वन्यजन्तु सप्ताह मनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बर्दिया राष्ट्रिय निकुञ्ज

महानिर्देशक

		३. बाँके राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ७. लामटाङ राष्ट्रिय निकुञ्ज ८. सगरमाथा राष्ट्रिय निकुञ्ज ९. मकालु वरूण राष्ट्रिय निकुञ्ज १०. रारा राष्ट्रिय निकुञ्ज ११. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज १२. खप्तड राष्ट्रिय निकुञ्ज १३. ढोरपाटन शिकार आरक्ष १४. अपीनाम्पा संरक्षण क्षेत्र १५. कृष्णसार संरक्षण क्षेत्र १६. कंचनजंघा संरक्षण क्षेत्र १७. अन्नपूर्ण संरक्षण क्षेत्र १८. मनास्लू संरक्षण क्षेत्र १९. गौरीशंकर संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट वन्यजन्तु सप्ताह (१-७ वैशाख) कार्य सम्पन्न गर्न सप्ताह भित्र गरिने संरक्षण सम्वन्धी क्रियाकलापमा सहभागीको खाजा, खाना, यातायात (ईन्धन), संरक्षण सम्वन्धि प्रचार प्रसार सामाग्री उत्पादन आदिमा खर्च गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत बैशाख १ गते देखि ७ गते एक साता सम्म संरक्षणका विविध कार्यक्रमहरु तथा विभिन्नविद्यालयका विद्यार्थिहरुलाई संरक्षण सम्वन्धी प्रतियोगितात्मक (हाजिरी जवाफ, चित्रकला, वक्तृत्वकला, निवन्ध) कार्यक्रम, चरा अवलोकन तथा विज्ञहरुबाट संरक्षणका सवालहरुमा अन्तरक्रिया, संचार माध्यम (एफ एम, टेलिभिजन) बाट संरक्षण सम्वन्धी प्रचार प्रसार जस्ता कार्य गरिनेछन। वन्यजन्तु सप्ताह कार्यक्रम कार्यालयका कर्मचारीहरुबाट संचालन गरिनेछ।
५	खर्च प्रकृया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलव्धी	वन्यजन्तु सप्ताह कार्यक्रमबाट संरक्षण सम्वन्धी जनचेतना अभिबृद्धी भएको हुनेछ।

बाघ दिवस (जुलाई २९)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	प्रत्येक बर्ष जुलाई २९ का दिन बाघ संरक्षण सम्वन्धी विविध कार्यक्रम संचालन गरी विश्व बाघ दिवस मनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट बाघ दिवस (जुलाई २९) कार्य सम्पन्न गर्न सहभागीको खाजा, खाना तथा दिवससंग सम्वन्धित अन्य कार्यमा खर्च गरिनेछ।
४	कार्यप्रकृया	यो कार्यक्रम बाघको संरक्षणका लागि नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्धता पुरा गर्ने प्रयोजनका लागि बाघ पाईने संरक्षित क्षेत्र कार्यालयहरुले सरोकारवालाहरुको सहभागितामा र केन्द्रमा सम्माननीय प्रधानमन्त्रीले अध्यक्षता गर्ने राष्ट्रिय बाघ संरक्षण समितिको सहभागितामा

		बाघ संरक्षण सम्वन्धी विविध कार्यक्रम गरिनेछ । बाघ दिवस (जुलाई २९) कार्य कार्यालयका कर्मचारीहरुबाट गरिनेछ ।
५	खर्च प्रक्रया	कर्मचारीको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलव्धी	बाघ दिवस कार्यक्रमबाट बाघ संरक्षण सम्वन्धी जनचेतना अभिबृद्धी हुनुका साथै अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेको प्रतिवद्धता पुरा गर्न सहयोग पुगेको हुनेछ ।

विभाग/ कार्यालय स्थापना दिवस

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	कार्यालयको स्थापना दिवस मनाउने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयबाट संचालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट कार्यालय स्थापना दिवस मनाउने कार्य सम्पन्न गर्न स्थापना दिवस कार्यक्रममा सहभागीहरुको स्टेशनरी, खाना, खाजामा, व्यानर, मञ्च व्यवस्थापन खर्च गरिनेछ
४	कार्यप्रकृया	यस अन्तर्गत कार्यालयले सरोकारवाला संस्था, स्थानीय निकायका प्रमुख, मध्यवर्ती क्षेत्र व्यवस्थापन उपभोक्ता समितिका पदाधिकारीहरुलाई सहभागी गराई संरक्षण सम्वन्धी छलफल, अन्तरक्रिया कार्यक्रम गर्नेछ । कार्यालय स्थापना दिवस कार्यक्रम कार्यालयका कर्मचारीहरुबाट संचालन गरिनेछ ।
५	खर्च प्रक्रया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलव्धी	स्थापना दिवसमा मनाइने कार्यक्रमले संरक्षण सम्वन्धी जनचेतना अभिबृद्धी भएको हुनेछ ।

२. सरकारी निकाय, समितिलाई चालु अनुदान (२६४११)

कंचनजघा सं.क्षे.व्य.परिषद् संचालन सहयोग अनुदान

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	स्थानीय जनताको सहभागितामा व्यवस्थापन हुँदै आएको नेपालको एक मात्र कंचनजंघा संरक्षण क्षेत्रको संरक्षण र व्यवस्थापनमा कंचनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्लाई नेपाल सरकारको तर्फबाट सहयोग पुऱ्याउन यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत कञ्चनजंघा संरक्षण क्षेत्र कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट कंचनजघा सं.क्षे.व्य.परिषद् संचालन गर्न अनुदान सहयोग गर्ने कार्यमा प्रयोग गरिनेछ । यस कार्यक्रममा छुट्याईएको बजेट कंचनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्ले निर्णय गरे बमोजिम खर्च गरिनेछ ।
४	कार्यप्रकृया	कञ्चनजंघा संरक्षण क्षेत्र सम्पर्क कार्यालयले कंञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्लाई कार्यालय संचालन तथा व्यवस्थापनका लागि अनुदान रकम एकमुष्ट उपलव्ध गराउनेछ ।
५	खर्च प्रक्रया	कंञ्चनजंघा संरक्षण क्षेत्रको स्वीकृत व्यवस्थापन योजना अनुसार कंचनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को निर्णयानुसार खर्च गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलव्धी	कंचनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्लाई संरक्षण क्षेत्र व्यवस्थापन गर्न सहयोग पुगको हुनेछ ।

महानिर्देशक

३. सिमसार क्षेत्र व्यवस्थापन अन्तर्गतका चालु कार्यक्रमहरु

रामसार / सिमसार संरक्षण सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका स्थानीय बासिन्दाहरुमा सिमसार क्षेत्रको महत्व र संरक्षणको आवश्यकता सम्वन्धी जानकारी गराउन सिमसार संरक्षण सम्वन्धी पर्चा, पम्पलेट, फोटोहरु टाँस गर्ने तथा वितरण गर्ने प्रयोजनका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. रारा राष्ट्रिय निकुञ्ज २. गौरीशंकर संरक्षण क्षेत्र ३. कोशीटप्पु वन्यजन्तु आरक्ष
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	यस कार्यक्रममा छुट्टाईएको बजेटबाट रामसार / सिमसार संरक्षण सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत सिमसार संरक्षण सम्वन्धी पर्चा, पम्प्लेट, जानकारीमूलक सूचना प्रकाशन गरी मध्यवर्ती क्षेत्रका बासिन्दा, संरक्षित क्षेत्र आसपासका स्थानीय निकाय तथा बासिन्दा, सरोकारवाला संघ, संस्थालाई वितरण गरिनेछ। रामसार / सिमसार संरक्षण सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रक्रिया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	सिमसार संरक्षण सम्वन्धी जनचेतना अभिवृद्धि हुनुका साथै अन्तर्राष्ट्रिय सन्धि महासन्धी कार्यायान्वयन गर्ने कार्यमा सहयोग पुगेको हुनेछ।

रामसार / सिमसार संरक्षण सम्वन्धी संचार माध्यमबाट प्रचार प्रसार

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका स्थानीय बासिन्दाहरुमा सिमसार क्षेत्रको महत्व र संरक्षण सम्वन्धी जानकारी रेडियो एफ.एम. टि.भी. बाट प्रसारण गराउँदा बढी प्रभावकारी हुने भएकोले यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत रारा राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट रामसार / सिमसार संरक्षण सम्वन्धी स्थानीय संचार माध्यमबाट प्रचार प्रसार कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत सिमसार संरक्षण सम्वन्धी जानकारीमुलक सन्देस कार्यालयका कर्मचारीले तयार गर्नेछन र सो सन्देश स्थानिय एम एम वा टेलिभिजनबाट प्रशारण गरिनेछ। रामसार / सिमसार संरक्षण सम्वन्धी संचार माध्यमबाट प्रचार प्रसार कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रक्रिया	कर्मचारीको कार्य सम्पन्न प्रतिवेदन तथा सेवा प्रदायक संस्थासंग भएको संझौता तथा बिलको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	स्थानीय बासिन्दाले सिमसार संरक्षण सम्वन्धी सूचनामूलक जानकारी हासिल गरेका हुनेछन्।

विश्व सिमसार दिवस (फेब्रुअरी २)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	प्रत्येक बर्ष फेब्रुअरी २ का दिन सिमसार संरक्षण सम्वन्धी विविध कार्यक्रम संचालन गरी विश्व सिमसार दिवस मनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो।

महानिर्देशक

२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. बर्दिया राष्ट्रिय निकुञ्ज २. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ३. लामटाङ राष्ट्रिय निकुञ्ज ४. कोशीटप्पु वन्यजन्तु आरक्ष ५. मकालु बरुण राष्ट्रिय निकुञ्ज ६. रारा राष्ट्रिय निकुञ्ज ७. खप्तड राष्ट्रिय निकुञ्ज ८. अपीनम्पा संरक्षण क्षेत्र ९. अन्नपूर्ण संरक्षण क्षेत्र १०. गौरीशंकर संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	यस शिर्षकमा छुट्टाईएको बजेट विश्व सिमसार दिवस (फेब्रुअरी २) कार्यक्रम सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत कार्यालयले सरोकारवाला संस्था, स्थानीय निकायका प्रमुख, मध्यवर्ती क्षेत्र व्यवस्थापन उपभोक्ता समितिका पदाधिकारीहरुलाई सहभागी गराई सिमसार संरक्षण सम्वन्धी छलफल, अन्तरक्रिया कार्यक्रम गर्नेछ । विश्व सिमसार दिवस (फेब्रुअरी २) कार्यालयका कर्मचारीहरुबाट गरिनेछ।
५	खर्च प्रकृया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिको सूचक तथा उपलब्धी	विश्व सिमसार दिवस कार्यक्रमबाट सिमसार संरक्षण तथा व्यवस्थापन सम्वन्धी जनचेतना अभिबृद्धी भएको हुनेछ।

ख. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (३२९०३०११)

अ. पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु

१. भवन निर्माण (३११११)

अधुरो सभाहल निर्माण तथा व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	गत आ.ब. २०७६/७७ मा निर्माण शुरु भएको सभाहलको निर्माण कार्य विश्वभर महामारिको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) का कारण सम्पन्न हुन नसकेकोले सो सम्पन्न गर्ने र सो मा तल्ला थप गर्ने प्रयोजनका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट अधुरो सभाहल निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ अधुरो सभाहल साथै आवश्यकता अनुसार भवनको परिसर, सुरक्षा पर्खाल, गेट आदि कार्यमा समेत लागत अनुमान स्विकृत गरी खर्च गर्न सकिनेछ। अधुरो सभाहल निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	निर्माण हुने अधुरो सभाहल नक्सा डिजाईन, लागत अनुमान सहितको प्रस्ताव विभागले तयार गरी स्विकृत गर्नेछ। कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। अधुरो सभाहल निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सुचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ। कार्यक्रम सञ्चालनको नियमित निरिक्षण, अनुगमन मुल्यांकनका लागि अधिकृत कर्मचारीलाई खटाई प्रतिवेदन लिन सकिनेछ।

महानिर्देशक

५	खर्च प्रक्रया	विभागले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ । भुक्तानीको आधारहरु र चरणहरु निर्धारण गर्दा स्विकृत नक्सा, डिजाईन तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता लिईनेछ । प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्विकृतिको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	अधुरो सभाहल निर्माण सम्पन्न भई सञ्चालनमा आएको हुनेछ । विभागको बार्षिक प्रगति प्रतिवेदन र सम्पत्ति विवरणमा उल्लेख भएको हुनेछ ।

गार्ड हाउस निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	राष्ट्रिय प्राणी उद्यानको कार्यालयको सूरक्षा तथा नियमित रुपमा कार्यलयको रेखदेख गर्न खटिने कर्मचारी बस्ने प्रयोजनको लागी प्राणी उद्यानको हाता भित्र प्रवेशद्वारमा गार्ड हाउस निर्माण गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत राष्ट्रिय प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट गार्डहाउस निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ गार्डहाउस साथै आवश्यकता अनुसार सुरक्षा पर्खाल, गेट आदि कार्यमा समेत लागत अनुमान स्विकृत गरी खर्च गर्न सकिनेछ । गार्डहाउस निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	निर्माण हुने गार्डहाउस नक्सा डिजाईन, लागत अनुमान सहितको प्रस्ताव कार्यालयले तयार गरी स्विकृत गर्नेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । गार्डहाउस निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सुचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ । कार्यक्रम सञ्चालनको नियमित निरिक्षण, अनुगमन मुल्यांकनका लागि अधिकृत कर्मचारीलाई खटाई प्रतिवेदन लिन सकिनेछ ।
५	खर्च प्रक्रया	कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ । भुक्तानीको आधारहरु र चरणहरु निर्धारण गर्दा स्विकृत नक्सा, डिजाईन तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता लिईनेछ । प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्विकृतिको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	राष्ट्रिय प्राणी उद्यानमा गार्ड हाउस निर्माण भई प्राणी उद्यानको मुख्य कार्यालय परिसर संरक्षण गर्न सहयोग पुगेको हुनेछ । कार्यालयको बार्षिक प्रगति प्रतिवेदन र सम्पत्ति विवरणमा उल्लेख भएको हुनेछ । प्राणी उद्यानको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनमा सहज भएको हुनेछ ।

अधुरो भवन निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	गत आ.ब. २०७६/७७ मा भानुभक्त प्राणी उद्यानमा निर्माण शुरु भएको आवास भवन निर्माण कार्य विश्वभर महामारिको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) का कारण सम्पन्न हुन नसकेकोले अधुरो भवन निर्माण सम्पन्न गर्ने प्रयोजनका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ ।

महानिर्देश

३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट अधुरो भवन निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। अधुरो भवन साथै आवश्यकता अनुसार सुरक्षा पर्खाल, गेट आदि कार्यमा समेत लागत अनुमान स्विकृत गरी खर्च गर्न सकिनेछ । अधुरो भवन निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	निर्माण हुने गार्डहाउस नक्सा डिजाईन, लागत अनुमान सहितको प्रस्ताव कार्यालयले तयार गरी स्विकृत गर्नेछ। कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। गार्डहाउस निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सुचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ। कार्यक्रम सञ्चालनको नियमित निरिक्षण, अनुगमन मुल्यांकनका लागि अधिकृत कर्मचारीलाई खटाई प्रतिवेदन लिन सकिनेछ।
५	खर्च प्रक्रया	कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ। भुक्तानीको आधारहरु र चरणहरु निर्धारण गर्दा स्विकृत नक्सा, डिजाईन तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता लिईनेछ। प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्विकृतिको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	भानुभक्त प्राणी उद्यानको अधुरो भवन निर्माण सम्पन्न भई प्राणी उद्यानको कार्य संचालनमा सहयोग पुगेको हुनेछ। कार्यालयको बार्षिक प्रगति प्रतिवेदन र घरजग्गा विवरणमा उल्लेख भएको हुनेछ। प्राणी उद्यानको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनमा सहज भएको हुनेछ।

२. पुँजिगत परामर्श (३११३५)

संवेदनशिलताको आधारमा संरक्षित क्षेत्रको सिमाना विस्तार संभाव्यता अध्ययन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	वन्यजन्तु संरक्षणका दृष्टिकोणले संवेदनशिल देखिएका संरक्षित क्षेत्र आसपासका क्षेत्रहरुलाई संरक्षित क्षेत्रमा समावेश गर्न वा सो क्षेत्रसम्म सिमाना विस्तार गर्न आवश्यक देखिएका क्षेत्रहरुको संभाव्यता अध्ययन गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट संरक्षित क्षेत्रको सिमाना विस्तार संभाव्यता अध्ययन कार्य परामर्शसेवा प्रदायक मार्फत कार्य सम्पन्न गर्दा स्वीकृत लागत अनुमान एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत कार्यसूचि (TOR) अनुसार कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । साथै संरक्षित क्षेत्रको सिमाना विस्तार संभाव्यता अध्ययन कार्य वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट गठित कार्यदल मार्फत सम्पन्न गर्दा सो कार्यको लागि गठित कार्यदलको बैठक भत्ता, संभाव्यता अध्ययनको सिलसिलामा हुने समन्वय बैठकको खाना/खाजा खर्च, अध्ययन कार्यदलको दैनिक भ्रमण भत्ता, स्टेसनरी, ईन्धन, सवारी साधन भाडा, विज्ञको पारिश्रमिक आदिमा खर्च गर्न सकिनेछ । संरक्षित क्षेत्रको सिमाना विस्तार संभाव्यता अध्ययनको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	संरक्षित क्षेत्रको सिमाना विस्तार संभाव्यता अध्ययन कार्यको लागत अनुमान सहितको कार्यसूचि विभागबाट तयार गरी स्विकृत गरिनेछ। संरक्षित क्षेत्रको सिमाना विस्तार संभाव्यता अध्ययन वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट गठित कार्यदलले विज्ञहरुको सहयोगमा तथा प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्शसेवा प्रदायक मार्फत गर्न सकिनेछ।

महानिर्देशक

	खर्च प्रक्रया	विभागले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ । परामर्श सेवा प्रदायक/संरक्षित क्षेत्रको सिमाना विस्तार संभाव्यता अध्ययन कार्यदलले तयार गरि पेश गरेको अध्ययन प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	संरक्षित क्षेत्रको सिमाना विस्तार संभाव्यता अध्ययन भई संरक्षित क्षेत्र विस्तार गर्ने कार्यमा सहयोग पुगेको हुनेछ ।

संरक्षित क्षेत्र बाहिर रहेका प्रजाती विशेष महत्पूर्ण बासस्थान अध्ययन, नक्सांकन र अभिलेखिकरण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्र भन्दा बाहिर रहेका वन्यजन्तु संरक्षणका दृष्टिकोणले महत्वपूर्ण देखिएका क्षेत्रहरुको प्रजाति बिशेष महत्वपूर्ण बासस्थानको अध्ययन, नक्सांकन र अभिलेखिकरण गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	यस कार्यक्रमको बजेट संरक्षित क्षेत्र भन्दा बाहिर रहेका वन्यजन्तु संरक्षणका दृष्टिकोणले महत्वपूर्ण देखिएका क्षेत्रहरुको प्रजाति बिशेष महत्वपूर्ण बासस्थानको अध्ययन, नक्सांकन र अभिलेखिकरण गर्ने कार्य परामर्शसेवा प्रदायक मार्फत कार्य सम्पन्न गर्दा स्वीकृत लागत अनुमान एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत कार्यसूचि (TOR) अनुसार वा वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट गठित कार्यदल मार्फत गठित कार्यदल मार्फत कार्यक्रम सम्पन गर्दा कार्यदलको बैठक भत्ता, संभाव्यता अध्ययनको सिलसिलामा हुने समन्वय बैठकको खाना/खाजा खर्च, अध्ययन कार्यदलको दैनिक भ्रमण भत्ता, स्टेसनरी, ईन्धन, सवारी साधन भाडा, विज्ञको पारिश्रमिक आदिमा खर्च गर्न सकिनेछ । कार्यक्रमको कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, जाँचपास, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	संरक्षित क्षेत्र भन्दा बाहिर रहेका वन्यजन्तु संरक्षणका दृष्टिकोणले महत्वपूर्ण देखिएका क्षेत्रहरुको प्रजाति बिशेष महत्वपूर्ण बासस्थानको अध्ययन, नक्सांकन र अभिलेखिकरण गर्ने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवाबाट गरिनेछ । साथै वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज विभागबाट गठित कार्यदल मार्फत सार्वजनिक खरिद प्रकृया अनुसार विज्ञहरुको सहयोगमा पनि गर्न सकिनेछ ।
५	खर्च प्रक्रया	विभागले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ । परामर्श सेवा प्रदायक/कार्यदलले तयार गरि पेश गरेको प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	संरक्षित क्षेत्र बाहिर रहेका प्रजाती विशेष महत्पूर्ण बासस्थान अध्ययन, नक्सांकन र अभिलेखिकरणको कार्य भई प्रजाति संरक्षण गर्ने कार्यमा सहयोग पुगेको हुनेछ ।

सुदूर पश्चिम र कर्णाली प्रदेशका मध्य पहाडी क्षेत्रको जैविक विविधताको विस्तृत प्रोफाईल तयार गर्ने

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	सुदूर पश्चिम तथा कर्णाली प्रदेशका मध्य पहाडी क्षेत्रको जैविक विविधताको विस्तृत प्रोफाईल तयार गर्न आवश्यक देखिएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस कार्यमा अन्य संस्थाहरुको समेत सहयोग हुन सक्नेछ ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	सुदूर पश्चिम र कर्णाली प्रदेशका मध्य पहाडी क्षेत्रको जैविक विविधताको विस्तृत प्रोफाईल तयार गर्ने कार्य परामर्शसेवा प्रदायक मार्फत कार्य सम्पन्न गर्दा स्वीकृत लागत अनुमान एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत कार्यसूचि (TOR) अनुसार सुदूर पश्चिम र कर्णाली प्रदेशका मध्य पहाडी क्षेत्रको जैविक विविधताको विस्तृत प्रोफाईल तयार गर्ने कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ

महानिर्देशक

		। सुदूर पश्चिम र कर्णाली प्रदेशका मध्य पहाडी क्षेत्रको जैविक बिविधताको विस्तृत प्रोफाईल तयार गर्ने कार्य वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज विभागबाट गठित कार्यदल मार्फत कार्यक्रम सम्पन गर्दा कार्यदलको बैठक भत्ता, संभाव्यता अध्ययनको सिलसिलामा हुने समन्वय बैठकको खाना/खाजा खर्च, अध्ययन कार्यदलको दैनिक भ्रमण भत्ता, स्टेसनरी, ईन्धन, सवारी साधन भाडा, विज्ञको पारिश्रमिक आदिमा खर्च गर्न सकिनेछ । यस कार्यक्रमको लागत अनुमान अनुसार कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	सुदूर पश्चिम र कर्णाली प्रदेशका मध्य पहाडी क्षेत्रको जैविक विविधताको विस्तृत प्रोफाईल तयार गर्ने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवाबाट गरिनेछ । साथै वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज विभागबाट गठित कार्यदल मार्फत विज्ञको सहयोग लिएर पनि गर्न सकिनेछ ।
५	खर्च प्रक्रृया	राष्ट्रिय निकुञ्ज तथा तथा वन्यजन्तु संरक्षण विभागबाट तयार भएको कार्यसूचि (TOR) अनुसार परामर्श सेवा प्रदायक संस्था/कार्यदलले पेश गरेको अध्ययन प्रतिवेदन तथा प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	सूदुर पश्चिम र कर्णाली प्रदेशका मध्य पहाडी क्षेत्रको जैविक विविधताको विस्तृत प्रोफाईल तयार भएको हुनेछ ।

पहाडी तथा हिमाली संरक्षण क्षेत्रको पर्यापर्यटन- दिगोपना सम्वन्धी अध्ययन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रहरुको पर्यापर्यटन प्रवर्धन मार्फत स्थानिय तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन पर्यटकिय क्षेत्रको दिगोपना हुन अत्यावश्यक छ । दिगो पर्यटनले मात्र दिर्गकालसम्म स्थानिय जिवनस्तर एवं जैविक विविधता संरक्षणमा टेवा पुऱ्याउँदछ । नेपालका पहाडी तथा हिमाली संरक्षण क्षेत्रको पर्यापर्यटनको दिगोपना सम्वन्धी अध्ययन गरि सो क्षेत्रको पर्यापर्यटन प्रवर्धनका लागि आवश्यक नितिगत सूधार गर्न आवश्यक पर्ने अध्ययनको लागि यो पहाडी तथा हिमाली संरक्षण क्षेत्रको पर्यापर्यटनको दिगोपना सम्वन्धी अध्ययन क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट पहाडी तथा हिमाली संरक्षण क्षेत्रको पर्यापर्यटन- दिगोपना सम्वन्धी अध्ययन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । पहाडी तथा हिमाली संरक्षण क्षेत्रको पर्यापर्यटनको दिगोपना सम्वन्धी अध्ययन कार्य वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज विभागबाट गठित कार्यदल मार्फत कार्यक्रम सम्पन गर्दा कार्यदलको बैठक भत्ता, संभाव्यता अध्ययनको सिलसिलामा हुने समन्वय बैठकको खाना/खाजा खर्च, अध्ययन कार्यदलको दैनिक भ्रमण भत्ता, स्टेसनरी, ईन्धन, सवारी साधन भाडा, विज्ञको पारिश्रमिक आदिमा खर्च गर्न सकिनेछ । यस कार्यक्रमको कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	पहाडी तथा हिमाली संरक्षण क्षेत्रको पर्यापर्यटन- दिगोपना सम्वन्धी अध्ययन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवाबाट वा वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज विभागबाट गठित कार्यदल मार्फत विज्ञहरुको सहयोगमा पनि गर्न सकिनेछ ।
५	खर्च प्रक्रृया	राष्ट्रिय निकुञ्ज तथा तथा वन्यजन्तु संरक्षण विभागबाट तयार भएको कार्यसूचि (TOR) अनुसार परामर्श सेवा प्रदायक संस्था/कार्यदलले पेश गरेको अध्ययन प्रतिवेदन तथा प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	पहाडी तथा हिमाली संरक्षण क्षेत्रको पर्यापर्यटनको दिगोपना सम्वन्धि अध्ययन भएको हुनेछ ।

महानिर्देशक

१. सडक तथा पुल निर्माण (३११५१)

कार्यालय जाने बाटो निर्माण (ग्राभेलिङ र ड्रेनेज समेत)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	भानुभक्त प्राणी उद्यानको कार्यालय राजमार्गदेखी केही भित्र भएको र कार्यालयमा सवारी साधन जाने बाटो नभएकोले बर्षातको समयमा समेत सहजै सवारी साधन जाने गरी बाटो निर्माण गर्न आबश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट स्वीकृत लागत अनुमान अनुसार पृथ्वी राजमार्गबाट भनुभक्त प्राणी उद्यान कार्यालय जाने सडक निर्माण, सडककोको सूरक्षाको लागि रिटेनिङ्ग वाल निर्माण, बाटो ग्राभेलिङ्ग, ग्राभेलिङ्ग सम्याउने तथा रोलिङ्ग, आवश्यकता अनुसार सडकको दुवै तर्फ ड्रेनेज निर्माण एवं बाटोको संरक्षणको लागि वायोईन्जिनियरिङ्ग सम्वन्धि कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । यस कार्यक्रमको लागत अनुमान अनुसार कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचान प्रकाशन, अनुगमन मुल्याङ्कन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	कार्यालय जाने बाटो निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ । बाटो निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा प्राणी उद्यान क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ ।
५	खर्च प्रक्रया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	पृथ्वी राजमार्गदेखि भानुभक्त प्राणी उद्यान कार्यालय सम्म सवारी साधन सहजै जाने सडक निर्माण भै कार्यालय पहुँचमा सजह भएको हुनेछ ।

गोरेटो बाटो निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	राष्ट्रिय प्राणी उद्यानको वन क्षेत्रमा नियमित गस्ती गर्न तथा प्राणी उद्यान भ्रमण गर्न आउने पर्यटकलाई पैदल यात्राका लागि समेत गोरेटो बाटो आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत राष्ट्रिय प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट गोरेटो बाटो निर्माणको लागि घाँस, बुट्यान, झाडि हटाउने, उद्यान क्षेत्रको ठाडो उकालोमा सिंढी निर्माण गर्ने, वर्षातको समयमा चिप्लो हुने उकालो बाटोमा ढुंगा विछ्याउने, बर्षातको पानी बग्ने गरी दुबै तर्फ नाला खन्ने आदि कार्य गरिनेछ । यस कार्यक्रमको स्वीकृत लागत अनुमान अनुसार कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	गोरेटो बाटो निर्माण निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ ।
५	खर्च प्रक्रया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	राष्ट्रिय प्राणी उद्यान क्षेत्रभित्र गोरेटो बाटो निर्माण भई प्राणी उद्यान क्षेत्रमा गस्ती गर्ने कार्यमा सहज भएको हुनेछ ।

डढेलो नियन्त्रणका लागि अग्नीरेखा निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	राष्ट्रिय प्राणी उद्यान क्षेत्रमा वन डढेलो नियन्त्रण गर्न प्राणी उद्यान क्षेत्र भित्र अग्नीरेखा (वनपथ) आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत राष्ट्रिय प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ ।

महानिर्देश

३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट डढेलो नियन्त्रणका लागि अग्नी रेखा निर्माण कार्यको लागि घाँस, बुट्यान, झाडि हटाउने, माटो सम्याउने जस्ता कार्य गरिनेछ।
४	कार्यप्रकृया	डढेलो नियन्त्रणका लागि अग्नी रेखा निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रक्रिया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	राष्ट्रिय प्राणी उद्यान क्षेत्रभित्र २ कि.मि. डढेलो नियन्त्रणका लागि अग्नी रेखा निर्माण भई डढेलो नियन्त्रण कार्यमा सहयोग पुगेको हुनेछ।

२. खानेपानी संरचना निर्माण(३११५६)

खानेपानी निर्माण (पाईप जडान)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	राष्ट्रिय प्राणी उद्यान कार्यालय, शौचालय, आवास भवनहरुमा खानेपानी व्यवस्था गर्न तथा गत आ.व. मा निर्माण सम्पन्न भएको खानेपानि टैंकिको आउटलेट तथा ओभरफ्लो ब्यवस्थापन गर्न आवश्यक भएकोले यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत राष्ट्रिय प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट खानेपानी निर्माणको लागि खानेपानी टैंकिबाट कार्यालय तथा सार्वजनिक शौचालयहरु सम्म पाईप जडान गर्ने, खानेपानी टैंकिको ओभरफ्लो फाईपबाट निस्कने पानीलाई सूरक्षित स्थानमा व्यवस्थापन गर्न आवश्यक पाईपलाईन जडान गर्ने तथा खानेपानि टैंकिको सूरक्षाको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने तथा गत आ.व. मा निर्माण सम्पन्न खानेपानि टैंकिको बाँकि रकम भुक्तानि गर्ने कार्यमा खर्च गर्न सकिने छ। यस कार्यक्रमको स्वीकृत लागत अनुमान अनुसार कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, मुल्याङ्कन समितिको बैठक भत्ता, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	खानेपानी निर्माण (पाईप जडान) कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रक्रिया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	राष्ट्रिय प्राणी उद्यान कार्यालय तथा सार्वजनिक शौचालयहरुमा खानेपानी व्यवस्था भएको हुनेछ ।

३. वन तथा वातावरण संरक्षण (३११५७)

प्राणी उद्यानको गुरुयोजनामा उल्लेखित कार्यहरुको डिपिआर तयारी

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	राष्ट्रिय प्राणी उद्यान भक्तपुर र भानुभक्त प्राणी उद्यान तनहुँको गुरुयोजना तयार भएको र उक्त गुरुयोजनामा उल्लेखित कार्यहरुको डिपिआर तयार गरी प्राणी उद्यानका संरचना निर्माण कार्यहरु सञ्चालन गर्नुपर्ने भएको हुँदा यो कार्यक्रमको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. राष्ट्रिय प्राणी उद्यान २. भानुभक्त प्राणी उद्यान
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	यस कार्यक्रममा छुट्टाईएको बजेट डि पि आर निर्माणको लागि प्राणी उद्यानले तयार गरि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत कार्यसूचि (TOR) अनुसार परामर्श सेवा प्रदायक मार्फत प्राणी उद्यानको गुरुयोजनामा उल्लेखित कार्यहरुको डिपीआर तयार गर्ने कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। डिपीआर तयार गर्ने कार्यको अतिरिक्त कन्टिनजेन्सी/ कार्यालय व्यवस्थापनमा छुट्याईएको बजेटबाट राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत लिई कार्यविधि

महानिर्देशक

		बमोजिम सूचना प्रकाशन, मुल्याङ्कन समितिको बैठक भत्ता, ईन्धन, कार्यालय व्यवस्थापन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	डिपिआर तयारी कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवा प्रदायक मार्फत गरिनेछ ।
५	खर्च प्रकृया	स्वीकृत कार्यसूचि (TOR) अनुसार परामर्श सेवा प्रदायकबाट पेश भएको प्रतिवेदन तथा प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा स्वीकृत TOR, प्रस्ताव माग सम्बन्धि डकुमेन्ट, प्रस्तावदातासंग गरेको बार्ताको निर्णय बमोजिम भएको सम्झौता अनुसार भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	राष्ट्रिय प्राणी उद्यान भक्तपुर र भानुभक्त प्राणी उद्यान तनहुँको डिपिआरको मस्यौदा तयार भएको हुनेछ ।

प्राणी उद्यान फेन्सिङ्ग

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	राष्ट्रिय प्राणी उद्यानको जग्गा सुरक्षित गरी डिमार्केसन अनुसार फेन्सिङ्ग गर्नको लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत राष्ट्रिय प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट प्राणी उद्यान फेन्सीङ कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । प्राणी उद्यान फेन्सीङ कार्यको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	यस कार्यक्रमको लागि राष्ट्रिय प्राणी उद्यानबाट स्थानिय स्तरमा समन्वय एवं छलफल गरि प्राणी उद्यान फेन्सीङ कार्य कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको नापि किताव, ठेक्का बिल तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	राष्ट्रिय प्राणी उद्यानमा फेन्सिङ्ग निर्माण भई उद्यानको जग्गा सुरक्षित भएको हुनेछ ।

प्राणी उद्यानको ढल व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	राष्ट्रिय प्राणी उद्यान परिसरमा बर्षातको समयमा माथिदेखि बग्दै आएको पानी जम्मा हुने, कार्यालय परिसर नै डुवानमा पर्ने भएको र सो को सहज निकास नभएकोले कार्यालय देखि नगरपालिकाले व्यवस्था गरेको ढल सम्म ढल व्यवस्थापन गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत राष्ट्रिय प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट प्राणी उद्यानको ढल व्यवस्थापन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । यस कार्यक्रमको स्वीकृत लागत अनुमान अनुसार कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, मुल्याङ्कन समितिको बैठक भत्ता, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	प्राणी उद्यानको ढल व्यवस्थापन कार्य स्थानिय सूर्यविनायक नगरपालिका, सूर्यविनायक नगर पालिकाको सम्बन्धित वडा कार्यालय तथा स्थानियहरु संगको समन्वयमा प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । यस कार्यक्रमको लागि स्थानिय तह तथा अन्य साझेदार संस्थाहरुको समेत सहलगानि हुनेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	राष्ट्रिय प्राणी उद्यान परिसरमा ढल व्यवस्थापन भई प्राणी उद्यान परिसरको वातावरण स्वच्छ भएको हुनेछ ।

महानिर्देशक

४. अन्य सार्वजनिक निर्माण (३११५९)

साइनबोर्ड , सूचनाबोर्ड , होर्डिङ बोर्ड निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	राष्ट्रिय प्राणी उद्यान भक्तपुर र भानुभक्त प्राणी उद्यानभित्र प्रवेश गर्ने पर्यटक तथा सेवाग्राहीहरूलाइ निषेधित कुराहरु लगायत अन्य सूचनाहरु जानकारी गराउन ठाउँ ठाउमा साइनबोर्ड, सूचना बोर्ड तथा होर्डिंगबोर्ड राख्नु पर्ने हुँदा यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. राष्ट्रिय प्राणी उद्यान २. भानुभक्त प्राणी उद्यान
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट साईनबोर्ड, सूचनाबोर्ड, होर्डिङ बोर्ड निर्माण, ढुवानि तथा सम्वन्धित स्थानमा स्थापनाका लागि खाडल निर्माण लगायत कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ ।
४	कार्यप्रकृया	साईनबोर्ड, सूचनाबोर्ड, होर्डिङ बोर्ड निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । यस कार्यक्रमको स्वीकृत लागत अनुमान अनुसार कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, मुल्याङ्कन समितिको बैठक भत्ता, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	प्राणी उद्यानमा साइनबोर्ड/ सूचनाबोर्ड/ होर्डिङ्ग स्थापना भई जानकारीमूलक सूचनाहरु प्रवाह भएको हुनेछ ।

गोलघर/ प्रतिक्षालय निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	कार्यालयमा आउने सेवाग्राही तथा आगन्तुकहरुका लागि गोलघर/ प्रतिक्षालयको आवश्यकता भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट गोलघर/ प्रतिक्षालय निर्माण कार्य सम्पन्न गर्न, आगन्तुकलाई प्राणी उद्यान सम्वन्धी जानकारीमूलक तथा संरक्षण सम्वन्धि जानकारी गराउने श्रव्य दृष्य समेतको व्यवस्था गर्न प्रयोग गरिनेछ । कार्यक्रमको स्वीकृत लागत अनुमान अनुसार कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, मुल्याङ्कन समितिको बैठक भत्ता, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	गोलघर/ प्रतिक्षालय निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	भानुभक्त प्राणी उद्यान तनहुँमा प्रतिक्षालय/गोलघर निर्माण भई जानकारीमूलक सूचनाहरु प्रवाह भएको हुनेछ ।

विभागको डिजिटल नागरिक बडापत्र र सूचना बोर्ड निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा सर्वसाधारणको जानकारीका लागि डिजिटल नागरिक वडापत्र तथा सूचना बोर्ड राख्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिने ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट विभागको डिजिटल नागरिक बडापत्र र सूचना बोर्ड निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ ।

महानिर्देशक

४	कार्यप्रकृया	विभागको डिजिटल नागरिक बडापत्र र सूचना बोर्ड निर्माण प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	राष्ट्रिय निकुञ्ज विभागमा डिजिटल नागरिक वडापत्र तथा सूचना बोर्ड स्थापना भई जानकारीमूलक सूचनाहरु प्रवाह भएको हुनेछ ।

अधुरो भ्यू-टावर (मचान) निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	भानुभक्त प्राणी उद्यानमा आ.व. २०७६/७७ मा निर्माण संचालन भएको भ्यू-टावर (मचान) विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) का कारण देशमा भएको लकडाउनले गर्दा निर्माण सम्पन्न हुन नसकि अधुरो रहेकोले सो को निर्माण कार्य सम्पन्न गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यानबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट अधुरो भ्यू-टावर निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ ।
४	कार्यप्रकृया	अधुरो भ्यू-टावर निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	भानुभक्त प्राणी उद्यानमा पक्की भ्यू-टावर निर्माण सम्पन्न भै पर्यटकलाई प्राणी उद्यान अवलोकन गर्न सहज भएको हुनेछ ।

संरक्षित क्षेत्रको समष्टिगत सूचना प्रणाली विकास

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रका महत्वपूर्ण विवरण/ अभिलेखहरु कार्यालयमा व्यवस्थित रुपले राख्न, सर्वसाधरणका लागि सार्वजनिक गर्नु पर्ने सूचना जानकारी गराउन र सम्वन्धित निकायमा यथाशिघ्र उपलब्ध हुने व्यवस्था गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट संरक्षित क्षेत्रको समष्टिगत सूचना प्रणाली विकास कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । सूचना प्रणाली विकासको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	संरक्षित क्षेत्रको समष्टिगत सूचना प्रणाली विकास कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	विभाग र संरक्षित क्षेत्रमा सूचना प्रणालीको विकास भएको हुनेछ ।

प्राणी उद्यान स्थापना तथा संभाव्यता अध्ययन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	शंकरनगर वन विहार, रुपन्देही र सुदूरपश्चिमको डोटी बुडर लगायत अन्य प्राणी उद्यान नभएको प्रदेशहरुमा प्राणी उद्यान निर्माण तथा सम्भाव्यता अध्ययन गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो ।

महानिर्देशक

२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट अध्ययन/पहिचान भएको प्राणी उद्यानको डि. पि. आर निर्मण भन्दा पहिले गर्न सकिने तारवार लगायतका पूर्वाधार निर्माण गर्न र प्राणी उद्यान स्थापना सम्भाव्यता अध्ययन कार्यमा खर्च गर्न सकिनेछ । कार्यक्रममा छुट्टाईएको बजेटबाट प्राणी उद्यान स्थापना तथा सम्भाव्यता अध्ययन कार्य परामर्शसेवा प्रदायक संस्था मार्फत कार्य सम्पन्न गर्दा स्वीकृत लागत अनुमान एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत कार्यसूचि (TOR) अनुसार कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । प्राणी उद्यान स्थापना तथा सम्भाव्यता अध्ययन कार्य वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट गठित कार्यदल मार्फत सम्पन्न गर्दा सो कार्यको लागि गठित कार्यदलको बैठक भत्ता, संभाव्यता अध्ययनको सिलसिलामा हुने समन्वय बैठकको खाना/खाजा खर्च, अध्ययन कार्यदलको दैनिक भ्रमण भत्ता, स्टेशनरी, ईन्धन, सवारी साधन भाडा, विज्ञको पारिश्रमिक आदिमा खर्च गर्न सकिनेछ । संरक्षित क्षेत्रको सिमाना विस्तार संभाव्यता अध्ययनको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	प्राणी उद्यान स्थापना कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवा खरिद मार्फत वा वन तथा वातावरण मन्त्रालयबाट गठित कार्यदल मार्फत संरक्षणका सझेदार संस्थाको समन्वय र सहकार्यमा समेत गर्न सकिनेछ ।
५	खर्च प्रकृया	सेवा प्रदायक संस्था / प्राणी उद्यान स्थापना सम्भाव्यता अध्ययन कार्यदलले तयार गरि पेश गरेको अध्ययन प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	प्राणी उद्यान स्थापना सम्भाव्यता अध्ययन भई सवै प्रदेशमा प्राणी उद्यान घोषणाको लागि आधार तयार भएको हुनेछ ।

५. पूँजिगत सुधार (३११७१)

वन्यजन्तु अनुगमनका वनपथ/गोरेटो बाटो/ अग्नीरेखा मर्मत सुधार

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	भानुभक्त प्राणी उद्यानमा वन्यजन्तु अनुगमनका लागि आवश्यक पर्ने वनपथ/ गोरेटो बाटो/ अग्नी रेखा मर्मत सुधार जस्ता कार्यहरु गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयहरुबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तु अनुगमनका वनपथ/गोरेटो बाटो/ अग्नीरेखा मर्मत सुधार अन्तर्गत घाँस, बुट्यान, झाडि हटाउने, माटो सम्याउने नाला बनाउने जस्ता कार्य गरिनेछ ।
४	कार्यप्रकृया	वन्यजन्तु अनुगमनका वनपथ/गोरेटो बाटो/ अग्नीरेखा मर्मत सुधार कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	भानुभक्त प्राणी उद्यानमा वन्यजन्तु अनुगमन गर्ने कार्यमा सहज भएको हुनेछ ।

विभाग/कार्यालयको परिसर/ बगैंचा मर्मत सुधार

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	कार्यालयहरुमा बगैंचा व्यवस्थापन तथा परिसर क्षेत्र सरसफाई गर्न यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. राष्ट्रिय प्राणि उद्यान २. भानुभक्त प्राणी उद्यान

महानिर्देशक

३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट प्राणी उद्यानको परिसर सरसफाई, बगैंचा मर्मत सूधार, बगैंचामा दुवो रोपण, बगैंचाका लागि विरुवा खरिद, पानिका लागि पाईप खरिद, फूलबारी बगैंचा सरसफाई गर्न आवश्यक औजार खरिद लगायतका कार्य सम्पन्न गरिनेछ।
४	कार्यप्रकृया	प्राणी उद्यानको परिसर/ बगैचा मर्मत सुधार कार्य सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलव्धी	राष्ट्रिय प्राणी उद्यान र भानुभक्त प्राणी उद्यानको परिसर सरसफाई हुनुका साथै वगैचा व्यवस्थापन भएको हुनेछ।

भवन तथा शौचालय मर्मत सुधार

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	कार्यालयको भवन तथा शौचालय मर्मत सुधार गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट भवन तथा शौचालय मर्मत सुधार कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	भवन तथा शौचालय मर्मत सुधार कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलव्धी	भानुभक्त प्राणी उद्यानको भवन तथा शौचालय मर्मत संभार भई प्रयोगमा आएको हुनेछ

आ. चालु खर्च कार्यक्रम

१. कर्मचारी तालिम (२२५११)

अनुगमन तथा मूल्यांकनको सफ्टवेयर संचालन तथा प्रगती प्रतिवेदन तयारी तालिम

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्र कार्यालयहरुले राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा संचालित विकास कार्यक्रमको त्रैमासिक प्रगति विवरण विभाग मार्फत वन तथा वातावरण मन्त्रालयमा तोकिएको अवधि भित्र पठाउनु पर्ने हुन्छ। उक्त बमोजिमको प्रगति विवरण तयार गर्न गत आ.ब. २०७७/७८ मा सफ्टवेयर निर्माण भएको र कोभिड-१९ का कारण Zoom मार्फत तालिम दिईएकोमा सवै संरक्षित क्षेत्रबाट प्रतिनिधित्व गराई प्रत्यक्ष रुपमा सो को साथै अन्य प्रतिवेदन तयार गर्ने तालिम प्रदान गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट अनुगमन तथा मूल्यांकनको सफ्टवेयर संचालन तथा प्रगती प्रतिवेदन तयारी तालिम कार्य सम्पन्न गर्न अनुगमन तथा मूल्यांकनको सफ्टवेयर संचालन तथा प्रगती प्रतिवेदन तयारी तालिम संचालन गर्ने कर्मचारी तथा सहभागीहरुको दैनिक भ्रमण भत्ता, होटलबास खर्च, खाजा खर्च, सवारी साधन भाडा वा सवारीमा प्रयोग हुने ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	अनुगमन तथा मूल्यांकनको सफ्टवेयर संचालन तथा प्रगती प्रतिवेदन तयारी तालिम विभागका कर्मचारी मार्फत संचालन गरिनेछ ।
५	खर्च प्रकृया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलव्धी	संरक्षित क्षेत्रका कर्मचारीहरु प्रगति प्रतिवेदन तयार गर्न सक्षम भएका हुनेछन ।

महानिर्देश

२. सीप विकास तथा क्षमता अभिबृद्धि तालिम तथा गोष्ठीहरु (२२५१२)

पूर्व योजना तर्जुमा गोष्ठी

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	प्रत्येक संरक्षित क्षेत्र कार्यालयले चैत्र महिनाभित्र आफ्नो कार्यालयको आगामी आ.ब.को बार्षिक बजेट तथा कार्यक्रम तयार गरी LMBIS मार्फत प्रस्ताव गर्नु पर्ने हुन्छ। यसरी बजेट प्रस्ताव गर्दा सम्वन्धित संरक्षित क्षेत्रको व्यवस्थापन योजनाका साथै राष्ट्रिय योजना आयोग, वन तथा वातावरण मन्त्रालयले गरेका मार्गदर्शनलाई समेत समेटेर बजेट प्रस्ताव गर्नु पर्दछ । कार्यालयहरुले प्रस्ताव गरेका कार्यक्रमहरुलाई राष्ट्रिय योजना आयोगका प्रतिनिधि ,अर्थ मन्त्रालयका प्रतिनिधी, वन तथा वातावरण मन्त्रालयका प्रतिनिधी, विभागीय प्रमुख, महाशाखा प्रमुख, शाखा प्रमुख र अन्य संरक्षित क्षेत्र कार्यालयका प्रमुखहरु समेतको भेलामा प्रस्तुत तथा छलफल गरी अन्तिम प्रस्तावित कार्यक्रम तयार गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट पूर्व योजना तर्जूमा गोष्ठी कार्य सम्पन्न गर्न पूर्व योजना तर्जूमा गोष्ठी संचालन गर्ने कर्मचारी तथा सहभागीहरुको दैनिक भ्रमण भत्ता, होटलबास खर्च, खाजा खर्च, सवारी साधन भाडा वा सवारीमा प्रयोग हुने ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	यस कार्यमा विभागले राष्ट्रिय योजना आयोग र वन तथा वातावरण मन्त्रालयबाट प्राप्त मार्गदर्शन र बजेट सिलिङ कार्यालयलाई उपलब्ध गराउँछ र सोही आधारमा कार्यालयले प्रस्तावित बजेट तथा कार्यक्रम तयार गरी पूर्व योजना तर्जुमा गोष्ठीमा प्रस्तुत गरी सो उपर छलफल भै अन्तिम प्रस्तावित कार्यक्रम तयार गरिनेछ। पूर्व योजना तर्जूमा गोष्ठी विभागका कर्मचारी मार्फत संचालन गरिनेछ ।
५	खर्च प्रक्रिया	कर्मचारीको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	योजनाका आधारभूत विषय र आगामी आ.व.मा LMBIS मार्फत प्रविष्ट गर्ने प्रस्तावित कार्यक्रमको विषयमा छलफल भएको हुनेछ।

संरक्षित क्षेत्रका प्रमुखहरुको सम्मेलन (वार्डेन सेमिनार)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	विभिन्न भौगोलिक क्षेत्रमा रहेका संरक्षित क्षेत्रहरुको संरक्षण र व्यवस्थापनमा आई परेका समस्याहरुका बारेमा विभागीय प्रमुख, शाखा प्रमुख, संरक्षित क्षेत्रका प्रमुखहरु, संरक्षित क्षेत्रको संरक्षणमा खटिएका सुरक्षा सेनाका प्रमुखहरु र सरोकारवाला संस्थाका प्रमुखहरु सबै एकै थलोमा रहि छलफल गर्ने, समाधानका उपायहरु तय गर्ने र हाल राज्यले अंगालेका नीति अनुरुप आगामी दिनमा संरक्षित क्षेत्रहरुको दीगो संरक्षण र व्यवस्थापनका लागि भावी रणनीति तयार गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट संरक्षित क्षेत्रका प्रमुखहरुको सम्मेलन (वार्डेन सेमिनार) कार्य सम्पन्न गर्न सम्मेलनमा सहभागी हुने अतिथीदेखि सहभागीहरुको आते जाते खर्च, खाना खर्च, बास खर्च तथा सम्मेलनमा सहभागीहरुलाई प्रदान गरिने टि-सर्ट/ व्याग/ ज्याकेट खरिद गर्न सकिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत राज्यले संरक्षित क्षेत्रसंग सम्वन्धित विषयमा हाल प्राथमिकता दिएको विषयलाई समेटेर केन्द्र (विभाग) ले नारा तय गर्दछ, सोहि नारामा केन्द्रित रहि प्रत्येक संरक्षित क्षेत्रका प्रमुख (वार्डेन) ले आ-आफ्नो संरक्षित क्षेत्रको तर्फबाट प्रस्तुतिकरण गर्दछन र सो उपर अन्य सहभागीहरुबाट छलफल गराई आगामी दिनका लागी रणनीति तय गरिनेछ। यस सम्मेलनमा सो नारासंग सम्वन्धित विज्ञबाट समेत प्रस्तुतिकरण गर्ने गरिन्छ। संरक्षित क्षेत्रका प्रमुखहरुको सम्मेलन (वार्डेन सेमिनार) विभागका कर्मचारी मार्फत संचालन गरिनेछ
५	खर्च प्रक्रिया	कर्मचारीले पेश गरेको संरक्षित क्षेत्रका प्रमुखहरुको सम्मेलन (वार्डेन सेमिनार) सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।

महानिर्देशक

६	प्रगतिका सूचक तथा उपलब्धी	संरक्षित क्षेत्रको संरक्षण र व्यवस्थापन देखिएका समस्या र चुनौतिका बारेमा साझा बुझाई भई आगामी दिनमा संरक्षण र व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन संकल्प प्रस्ताव समेत पारित भएको हुनेछ।

मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको भेला

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रहरुको संरक्षण र व्यवस्थापनमा स्थानीय बासिन्दाहरुको सहभागीता जुटाउने उदेश्यले राज्यबाट घोषणा भएका मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रका प्रमुख (मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष तथा संरक्षण क्षेत्र व्यबस्थापन समितिका अध्यक्ष) हरुलाई आ-आफ्नो क्षेत्रमा आई परेका समस्याहरुका बारेमा एकै थलोमा रहि छलफल गर्ने, समाधानका उपायहरु तय गर्ने र भावी रणनीति तयार गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	यस कार्यक्रममा छुट्टाईएको बजेट मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको भेला गर्ने कार्य सम्पन्न गर्न मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरु दैनिक भ्रमण भत्ता, होटलबास खर्च, खाजा खर्च, सवारी साधन भाडा वा सवारीमा प्रयोग हुने ईन्धन, मर्मत, भेलाका सहभागीहरुलाई प्रदान गरिने टि-सर्ट/ व्याग/ ज्याकेट खरिदमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष तथा संरक्षण क्षेत्र व्यबस्थापन समितिका अध्यक्षहरुले आ-आफ्नो क्षेत्रमा आई परेका समस्याहरुका बारेमा एकै थलोमा रहि छलफल गरी समाधानका उपायहरु र भावी रणनीति तयार गरिनेछ। मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको भेला विभागका कर्मचारी मार्फत संचालन गरिनेछ।
५	खर्च प्रक्रया	कर्मचारीले पेश गरेको मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको भेला सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	संरक्षित क्षेत्र तथा मध्यवर्ती क्षेत्रको संरक्षण र व्यवस्थापन देखिएका समस्या र चुनौतिका बारेमा साझा बुझाई भई आगामि दिनमा संरक्षण र व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन संकल्प प्रस्ताव समेत पारित गरेको हुनेछ।

वार्षिक प्रगती समिक्षा गोष्ठी

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	प्रत्येक संरक्षित क्षेत्र कार्यालयले गत आ.ब.का स्वीकृत बार्षिक कार्यक्रमको प्रगतिको अवस्था प्रस्तुत गर्नुका साथै सम्पन्न गर्न नसकिएका कार्यक्रम, सो को कारण बारे विस्तृत छलफल गर्ने र आगामी दिनमा त्यस्ता कार्यक्रम कसरी सम्पन्न गर्ने भन्ने बारे छलफल गर्न सबै संरक्षित क्षेत्र कार्यालयका प्रमुखहरुलाई भेला गराई राष्ट्रिय स्तरमा छलफल गर्न यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	बार्षिक प्रगति समिक्षा गोष्ठी संचालन गर्ने कर्मचारी तथा सहभागीहरुको दैनिक भ्रमण भत्ता, होटलबास खर्च, खाजा खर्च, सवारी साधन भाडा वा सवारीमा प्रयोग हुने ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। कार्यक्रममा छुट्टाईएको बजेटबाट बार्षिक प्रगति समिक्षा गोष्ठी कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत प्रत्येक संरक्षित क्षेत्र कार्यालयका प्रमुखहरुले आ-आफ्नो कार्यालयको बार्षिक प्रगति, कार्यक्रम कार्यान्वयनमा आई परेका कठिनाई र सो को लागि गरिएको पहल बारे प्रस्तुत गर्नेछन र सो उपर छलफल गरिनेछ। बार्षिक प्रगति समिक्षा गोष्ठी विभागका कर्मचारी मार्फत संचालन गरिनेछ।

५	खर्च प्रक्रया	कर्मचारीले पेश गरेको बार्षिक प्रगति समिक्षा गोष्ठी सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	यस कार्यक्रमबाट गत आ.ब.का कार्यक्रमको समिक्षा गर्दै भावी कार्यक्रमको लागि रणनीति तयार भएको हुनेछ।

मानव-वन्यजन्तु द्वन्द न्यूनिकरण सचेतना गोष्ठी

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	पछिल्लो समयमा संरक्षित क्षेत्रको मुख्य चुनौती मानव वन्यजन्तु द्वन्द न्यूनिकरण पनि एक हो। यस बारेमा सचेतना सम्वन्धी गोष्ठी गर्न आवश्यक भएकोले यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सचेतना गोष्ठी कार्य सम्पन्न गर्न मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सचेतना गोष्ठीका सहभागीहरुको खाना, खाजा खर्च र सवारीमा प्रयोग हुने ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत संरक्षित क्षेत्र कार्यालयले वन्यजन्तुको बढी प्रभावित क्षेत्रमा स्थानीय बासिन्दा तथा सरोकारवालाहरुलाई जम्मा भेला गराई वन्यजन्तुहरुको बानी व्यहोरा, वन्यजन्तु बाट बच्ने उपायहरुका बारेमा अन्तरक्रिया छलफल गर्नेछन। मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सचेतना गोष्ठी कर्मचारी मार्फत संचालन गरिनेछ ।
५	खर्च प्रक्रया	कर्मचारीले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	मानव वन्यजन्तु द्वन्द न्यूनिकरण गोष्ठी भै सचेतना जागरण भएको हुनेछ।

३. कार्यक्रम खर्च (२२५२२)

वार्षिक प्रगति पुस्तिका प्रकाशन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रभित्र सञ्चालन गरिएका विविध गतिविधिहरु, पर्यटकको संख्या, राजस्वको विवरण, मानव वन्यजन्तु द्धन्दको अवस्था, अध्ययन अनुसन्धान, राहत वितरण लगायतका सम्पूर्ण कार्यहरुको प्रगतिलाई एकिकृत गरी वार्षिक रुपमा कार्यालयले प्रगति विवरण सहितको पुस्तिका प्रकाशन गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग २. राष्ट्रिय प्राणी उद्यान ३. भानुभक्त प्राणी उद्यान
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट बार्षिक प्रगति पुस्तिका प्रकाशन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	कार्यालयका कर्मचारीले बार्षिक प्रगति प्रतिवेदन तयार गर्नेछन र सेवा प्रदायक संस्थाबाट छपाई भई कर्मचारीहरुले सरोकारवाला निकायहरुमा वितरण गर्नुका साथै सर्वसाधारणको जानकारीको लागी सम्वन्धीत कार्यालयको वेवसाईटमा राखिनेछ। बार्षिक प्रगति पुस्तिका प्रकाशन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रक्रया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	संरक्षित क्षेत्रभित्र सञ्चालन भएका र गरिएका विविध गतिविधिहरुको बारेमा जानकारी सार्वजनिक भएको हुनेछ।

महानिर्देशक

प्राणी उद्यान सम्वन्धी सूचना प्रकाशन, प्रचार प्रसार, स्कूल शिक्षा कार्यक्रम तथा ईको क्लव संचालन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका स्थानीय बासिन्दाहरु कतिपय अवस्थामा अज्ञानताका कारण कसूर गर्न पुग्दछन, त्यसैले स्थानीय बासिन्दालाई संरक्षित क्षेत्रको बारेमा जानकारी गरानु पर्ने हुँदा सो सम्वन्धी सूचना प्रकासन/ प्रचार प्रसार सामाग्री प्रकाशन/ स्कूल शिक्षा कार्यक्रम/ ईको क्लव संचालन जस्ता कार्यक्रम गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. भानुभक्त प्राणी उद्यान २. राष्ट्रिय प्राणी उद्यान
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट संरक्षण सम्वन्धी प्रचार प्रसारका कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ ।
४	कार्यप्रकृया	कार्यालयका कर्मचारी मार्फत कार्यक्रम संचालन गरिनेछ र बजेटको उपलव्धता हेरी कुनै एक वा सवै कार्यहरु गर्न सकिनेछ ।
५	खर्च प्रकृया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलव्धी	स्थानीय बासिन्दाहरुमा संरक्षित क्षेत्र सम्वन्धी जनचेतना अभिवृद्धि भएको हुनेछ ।

अन्तराष्ट्रिय सन्धी महासन्धीको प्रतिवेदन तयारी

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	राष्ट्रले अन्तराष्ट्रिय स्तरमा गरेको सन्धी संझौता बमोजिम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले अन्तराष्ट्रिय सन्धी महासन्धीको बार्षिक रुपमा प्रतिवेदन पेश गर्नु पर्नेछ । सो प्रतिवेदन तयारी कार्यका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट अन्तराष्ट्रिय सन्धि महासन्धीको प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न गर्न प्रतिवेदन तयारीका सिलसिलामा फिल्ड जाँदाको दैनिक भ्रमण भत्ता, खाजा खर्च, सवारीमा प्रयोग हुने ईन्धन तथा मर्मत खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	विभागका कर्मचारी मार्फत कार्यक्रम सम्पन्न गरिनेछ ।
५	खर्च प्रकृया	कर्मचारीले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलव्धी	बार्षिक रुपम पेश गर्नु पर्ने अन्तराष्ट्रिय सन्धी महासन्धिको प्रतिवेदन पेश भएको हुनेछ ।

बाँके बर्दिया भू_परिधि क्षेत्रमा बाघको Carrying Capacity अध्ययन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	सन् २०२२ सम्म बाघको संख्या दोब्बर गर्ने अन्तराष्ट्रिय प्रतिवद्धता बमोजिम तराईका संरक्षित क्षेत्रहरु मध्ये बाँके र बर्दिया भू-परिधि क्षेत्रमा बाघको Carrying Capacity बारे अध्ययन गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट बाँके र बर्दिया भू-परिधि क्षेत्रमा बाघको Carrying Capacity बारे अध्ययन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।

महानिर्दे

४	कार्यप्रकृया	बाँके र बर्दिया भू-परिधि क्षेत्रमा बाघको Carrying Capacity बारे अध्ययन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवा खरिदबाट वा प्रष्टिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गठन गरेको कार्यदलले गर्न सक्नेछ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	बाँके, बर्दिया भू-परिधि क्षेत्रमा बाघको Carrying Capacity बारे अध्ययन भएको हुनेछ।

फोहोर मैला व्यवस्थापन तथा सरसफाई

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	प्राणी उद्यान क्षेत्रमा फोहोर मैला व्यवस्थापन तथा सरसफाई हुन आवश्यक देखिएकोले यो क्रियाकलापको व्यवस्ता गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. राष्ट्रिय प्राणी उद्यान २. भानुभक्त प्राणी उद्यान
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट फोहोर मैला व्यवस्थापन तथा सरसफाई कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	फोहोर मैला व्यवस्थापन तथा सरसफाई कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। फोहोर मैला व्यवस्थापन कार्यालयका कर्मचारी मार्फत पनि गराउन सकिनेछ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	प्राणी उद्यानमा फोहोर मैला व्यवस्थापन भएको हुनेछ।

वन डढेलो व्यवस्थापन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	वन डढेलोबाट वन क्षेत्रमा पाइने वन्यजन्तु एवं बनस्पतिहरुलाइ पर्न सक्ने नकारात्मक प्रभावलाई न्युनिकरण गर्न र आगलागीबाट हुन सक्ने सम्भावित मानवीय क्षतिलाइ रोक्नु यस क्रियाकलापको उद्देश्य हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. भानुभक्त प्राणी उद्यान २. राष्ट्रिय प्राणी उद्यान
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	यस कार्यक्रममा छुट्टाईएको बजेटबाट वन डढेलो व्यवस्थापन कार्य सम्पन्न गर्न कार्यक्रममा सहभागीलाई खाना, खाजा तथा यातायात खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत वन डढेलो व्यवस्थापनका लागि सरोकारवाला निकाय, संघ संस्थाहरुसंग अन्तर्कृया कार्य गरिने छ। कार्यालयका कर्मचारी मार्फत कार्यक्रम संचालन गरिनेछ।
५	खर्च प्रकृया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	सरोकारवालाहरुसंगको अन्तरकृयाले डढेलो व्यवस्थापनमा सहयोग पुगेको हुनेछ ।

बैज्ञानिक अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनीको लागि वन्यजन्तु प्रदान गर्ने सम्बन्धी मापदण्ड तयारी

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनीका लागि विभिन्न विश्व विद्यालय, संघ संस्थाबाट वन्यजन्तु माग भई आउने गरेको छ तर सो सम्वन्धी निर्देशिका/ मापदण्ड नभएकोले व्यवस्थित गर्न

महानिर्देशक

		मापदण्ड आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत कार्यदल तथा अन्य कर्मचारीहरुको वैठक भत्ता,खाजा खर्च लगायतका शीर्षकमा खर्च गरिनेछ ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट बैज्ञानिक अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनीको लागि वन्यजन्तु प्रदान गर्ने सम्बन्धी मापदण्ड तयारी कार्य सम्पन्न गर्न मापदण्ड तयारी छलफल/ अन्तरकृया कार्यक्रमका सहभागीलाई वैठक भत्ता, खाना तथा खाजा खर्च गरिनेछ ।
४	कार्यप्रकृया	बैज्ञानिक अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनीको लागि वन्यजन्तु प्रदान गर्ने सम्बन्धी मापदण्ड तयारी प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवाबाट वा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गठन गरेको कार्यदलले पनि गर्न सकिनेछ ।
५	खर्च प्रकृया	कर्मचारीले पेश गरेको कार्यसम्पन्न मस्यौदा प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलव्धी	वन्यजन्तु प्रदान गर्ने सम्वन्धी मापदण्ड तयार भएको हुनेछ ।

चिडीयाखाना, वन्यजन्तु उद्दार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्ने सम्बन्धी मापदण्ड तयारी

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गत चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्ने सम्बन्धी मापदण्ड हुन आवश्यक देखिएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट चिडीयाखाना, वन्यजन्तु उद्दार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्ने सम्बन्धी मापदण्ड तयारी कार्यका लागि छलफल/ अन्तरकृया कार्यक्रमका सहभागीलाई दैनिक भ्रमण भत्ता, वैठक भत्ता, होटल बास खाना तथा खाजा खर्च गरिनेछ ।
४	कार्यप्रकृया	चिडीयाखाना, वन्यजन्तु उद्दार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्ने सम्बन्धी मापदण्ड तयारी कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गठन गरेको कार्यदल मार्फत गर्न सकिनेछ ।
५	खर्च प्रकृया	कर्मचारीले पेश गरेको कार्यसम्पन्न मस्यौदा प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलव्धी	चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्ने सम्वन्धी मापदण्ड तयार भएको हुनेछ ।

राष्ट्रिय बाघ गणना

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रभित्र रहेका संकटापन्न तथा लोपोन्मुख वन्यजन्तु बाघको संरक्षण र ब्यबस्थापनका लागि उनीहरुको संख्या र अवस्था बारे जानकारी हासिल गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत वन्यजन्तुहरुको गणनाका साथै तिनिहरुको अवस्थाको बारेमा जानकारी प्राप्त गरिनेछ ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट राष्ट्रिय बाघ गणना कार्य सम्पन्न गर्न राष्ट्रिय बाघ गणना तयारी,तथ्याङ्क बिश्लेषण लगायतको छलफल, बैठकका सहभागीलाई वैठक भत्ता, खाना तथा खाजा खर्च, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, होटल बास, यातायात, सवारी ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ । यसका साथै सो को लागि आवश्यक पर्ने उपकरण खरिद तथा फिल्डमा खटिने प्राविधिकहरुको फिल्डगेयर, क्यामेरा, टेण्ट ,भाँडाकुडा, सवारी साधन भाडामा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	राष्ट्रिय बाघ गणनाका लागि निर्देशक समिति गठन, कार्यदल गठन, गणना सम्बन्धी अभिमुखीकरण गरे पश्चात फिल्डमा गणना कार्य शुरु गरिनेछ । फिल्ड कार्य सम्पन्न भए पश्चात

महानिर्देशक

		तथ्यांक विश्लेषण गरी प्रतिवेदन तयार गरिनेछ । राष्ट्रिय बाघ गणना कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार विभाग वा सम्वन्धित कार्यालयका मार्फत संरक्षणका सझेदार संस्थाहरुको समन्वय र सहकार्यमा गरिनेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलव्धी	बाघ गणना कार्य सम्पन्न भई उनीहरुको संख्या र अवस्थाको बारेमा एकिन भएको हुनेछ ।

वन्यजन्तु अस्पताल सहयोग

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	चितवन राष्ट्रिय निकुञ्जको सौराहामा हालै स्थापना भएको वन्यजन्तु अस्पताल व्यवस्थित ढंगले संचालन गर्नका लागि सहयोग गर्न आवश्यक देखिएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तु अस्पताल संचालन कार्यका लागि आवश्यक औषधि/उपकरण खरिद तथा वन्यजन्तु अस्पताल व्यवस्थापन गर्न आवश्यक करारका प्राविधिक कर्मचारिको परिश्रमिकमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	विभागले सम्वन्धित कार्यालय वा संस्थासंग वन्यजन्तु अस्पताल संचालन सम्वन्धी MoU गरी सहयोग गर्नेछ ।
५	खर्च प्रकृया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलव्धी	वन्यजन्तु अस्पताल व्यवस्थापनमा सहयोग पुगेको हुनेछ ।

मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन सहयोग

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्रहरुमा वन्यजन्तुको संख्यामा बृद्धि भए संगै संरक्षित क्षेत्र र स्थानीय बासिन्दाहरु बीच मानव- वन्यजन्तु द्वन्द पनि बढ्दै गई रहेको छ । वन्यजन्तुबाट मानवीय क्षेती हुँदा स्थानीय बासिन्दाहरु आक्रोशित हुनु अस्वभाविक होईन, त्यस्तो अवस्थामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले संरक्षित क्षेत्रका कर्मचारी र स्थानीय वासिन्दाहरु बीच समन्वय र सहजिकरण गर्नु पर्ने हुन्छ तत्काल उद्धार टोली खटाउनका लागि टोलीका सदस्यहरुको खाजा, औषधी, उपकरण लगायतका खर्चहरु यसै शीर्षकबाट गरिनेछ । पिडित पक्षलाई सहयोग पुऱ्याउन यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट मानव वन्यजन्तु द्वन्द व्यवस्थापन कार्य सम्पन्न गर्न मानव वन्यजन्तु द्वन्द व्यवस्थापन कार्यमा खटिएका कर्मचारीको दैनिक भ्रमण भत्ता, खाना, खाजा खर्च, प्रयोग भएको सवारीको ईन्धन, मर्मत तथा तत्काल प्रदान गरिने राहत रकममा खर्च गरिनेछ ।
४	कार्यप्रकृया	विभागले सम्वन्धित कार्यालय वा संस्थासंग मानव वन्यजन्तु द्वन्द व्यवस्थापन सम्वन्धी MoU गरी सहयोग गरिनेछ । मानव वन्यजन्तु द्वन्द श्रृजना भएको स्थानमा विभागले कर्मचारी खटाई मानव वन्यजन्तु द्वन्द न्यूनिकरण गर्न सहजिकरण कार्य पनि गरिनेछ ।
५	खर्च प्रकृया	मानव वन्यजन्तु द्वन्द न्यूनिकरणका लागि कर्मचारीलाई पेश्की दिई खटाईनेछ र निजले पेश गरेको बिल भर्पाईको आधारमा पेश्की फछ्यौंट गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलव्धी	मानव-वन्यजन्तु द्वन्द व्यवस्थापनमा सहयोग गरी द्वन्द न्यूनिकरणमा टेवा पुगेको हुनेछ ।

महानिर्देशक

वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण अनुगमन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्र तथा वन क्षेत्रबाट वन्यजन्तुहरु बाहिर निस्की धनजन, पशु तथा अन्न बालिको क्षेती पुच्याउने गर्दछन् । यस्तो क्षेती भएकोमा राहत सहयोग गर्न नेपाल सरकारले वन्यजन्तुबाट भएको क्षेतिको राहत सहयोग निर्देशिका,२०६९ कार्यान्वयनमा ल्याई राहत सहयोग रकम विभागले संरक्षित क्षेत्र कार्यालयहरु मार्फत पिडित पक्षलाई वितरण गर्दै आएको छ । यसमा अझै के कसरी छिटो र सहज ढंगले राहत वितरण गर्न सकिन्छ र हाल वितरण भएकोमा के कस्ता कमि कमजोरी रहेका छन र तिनलाई कसरी सुधार गर्न सकिन्छ भन्ने उदेश्यले अनुगमन गर्ने प्रयोजनका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण अनुगमन कार्य सम्पन्न गर्न अनुगमन कार्यमा खटिने कर्मचारीको दै.भ्र.भत्ता, यातायात साधन भाडा वा ईन्धन लगायतमा खर्च गरिनेछ ।
४	कार्यप्रकृया	वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण अनुगमनका लागि विभागले खटाएका कर्मचारी वा अनुगमन टोलीले अनुगमन गर्नेछ ।
५	खर्च प्रक्रिया	अनुगमनका लागि खटाईएका कर्मचारी वा टोलीले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	वन्यजन्तुबाट भएको क्षतीको राहत वितरणको अनुगमन कार्यले पिडित पक्षले समयमै राहत सहयोग पाए पाएको जानकारी भै प्रकृया सुधारका लागि सहयोग पुगेको हुनेछ ।

पर्यटकका लागि ई-टिकेटिङ तर्जूमा र व्यवस्था

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	पर्यटकहरुले संरक्षित क्षेत्र अवलोकनका लागि प्रवेश गर्न तराईका संरक्षित क्षेत्रहरुको हकमा सम्बन्धित संरक्षित क्षेत्रको प्रवेशद्वारमा र हिमाली तथा पहाडी संरक्षित क्षेत्रको हकमा नेपाल पर्यटन बोर्ड भृकुटिमण्डपमा रहेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको टिकट काउण्टर वा सम्बन्धित संरक्षित क्षेत्रको प्रवेशद्वारमा जानु पर्ने हुन्छ । पर्यटक धेरै भएको समयमा लाईनमा बसेर टिकट लिनु पर्ने हुन्छ । पर्यटकले संरक्षित क्षेत्र प्रवेशका लागि ई-टिकट मार्फत संरक्षित क्षेत्र प्रवेश गर्न सक्ने भएमा समय सापेक्ष हुनुका साथै पर्यटकलाई सहज समेत हुने भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	यस कार्यक्रममा छुट्टाईएको बजेट पर्यटकका लागि ई-टिकेटिङ प्रविधिको व्यवस्थापन कार्य सम्पन्न गर्न खर्च गर्न सकिनेछ । साथै संरक्षित क्षेत्र प्रवेश गर्ने पर्यटकका लागि ई-टिकेटिङ व्यवस्थापन कार्य सम्पन्न गर्ने कार्यका लागि छलफल तथा अन्तरकृया कार्यक्रममा सहभागीको वैठक भत्ता, खाजा, खाना आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	यस कार्यक्रम प्रचलित सार्वजनिक खरिद प्रकृया बमोजिम परामर्श सेवाबाट गरिनेछ ।
५	खर्च प्रक्रिया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	संरक्षित क्षेत्र प्रवेश गर्ने पर्यटकका लागि ई-टिकेटिङ व्यवस्थापन भई कार्य शुरु भएको हुनेछ ।

वन्यजन्तु सप्ताह (१-७ वैशाख)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	विभाग र प्राणी उद्यान कार्यालयहरुले प्रत्येक बर्ष बैशाख १ गतेदेखी ७ गतेसम्म संरक्षण सम्बन्धी विविध कार्यक्रम संचालन गरी वन्यजन्तु सप्ताह मनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो ।

महानिर्देशक

२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारको कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग २. राष्ट्रिय प्राणी उद्यान ३. भानुभक्त प्राणी उद्यान
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट वन्यजन्तु सप्ताह कार्यक्रममा सहभागीहरुको खाना, खाजा तथा स्टेशनरीमा खर्च गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत साताभित्र संरक्षणका विविध कार्यक्रम गरिनेछन। विभिन्न विद्यालयका विद्यार्थिहरुलाई संरक्षण सम्वन्धी प्रतियोगितात्मक (हाजिरी जवाफ, चित्रकला, बक्तृत्वकला, निवन्ध) कार्यक्रम, चरा अवलोकन तथा विज्ञहरुबाट संरक्षणका सवालहरुमा अन्तरक्रिया, संचार माध्यम (एफ एम, टेलिभिजन) बाट संरक्षण सम्वन्धी प्रचार प्रसार जस्ता कार्य गरिनेछन। वन्यजन्तु सप्ताह (१-७ वैशाख) कार्य कार्यालयका कर्मचारीहरुबाट गरिनेछ।
५	खर्च प्रक्रृया	कर्मचारीको पेश गेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलव्धी	वन्यजन्तु सप्ताह कार्यक्रमबाट संरक्षण सम्वन्धी जनचेतना अभिबृद्धी भएको हुनेछ।

विश्व सिमसार दिवस (फेब्रुअरी २)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	प्रत्येक बर्ष फेब्रुअरी २ का दिन सिमसार संरक्षण सम्वन्धी विविध कार्यक्रम संचालन गरी विश्व सिमसार दिवस मनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	यस कार्यक्रममा छुट्टाईएको बजेट विश्व सिमसार दिवस (फेब्रुअरी २) कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत कार्यालयले सरोकारवाला संस्था, स्थानीय निकायका प्रमुख, मध्यवर्ती क्षेत्र व्यवस्थापन उपभोक्ता समितिका पदाधिकारीहरुलाई सहभागी गराई सिमसार संरक्षण सम्वन्धी छलफल, अन्तरक्रिया कार्यक्रम गर्नेछ । विश्व सिमसार दिवस (फेब्रुअरी २) कार्यालयका कर्मचारीहरुबाट गरिनेछ।
५	खर्च प्रक्रृया	कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलव्धी	विश्व सिमसार दिवस कार्यक्रमबाट सिमसार संरक्षण तथा व्यवस्थापन सम्वन्धी जनचेतना अभिबृद्धी भएको हुनेछ।

विभाग/ कार्यालय स्थापना दिवस (कार्तिक १८)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	प्रत्येक बर्षको कार्तिक १८ गतेका दिन संरक्षण सम्वन्धी विविध कार्यक्रम संचालन गरी विभागको स्थापना दिवस मनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट विभागको स्थापना दिवस कार्यक्रमका सहभागीहरुको खाना, खाजा, पानी, स्टेशनरी सामान आदिमा खर्च गरिनेछ। साथै संरक्षणमा उल्लेख्य योगदान दिने कर्मचारी, संघ, संस्थालाई प्रदान गरिने पुरस्कार, सम्मान/ कदरपत्र आदिमा समेत खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	यस अन्तर्गत संरक्षणसंग सरोकारवाला संस्थाहरु, संरक्षणका साझेदार संस्थाहरु, संरक्षणका विज्ञहरुलाई सहभागी गराई संरक्षणका उपलव्धी, चुनौती र अवसरहरुक बारेमा अन्तरक्रिया / छलफल जस्ता कार्यहरु गरिनेछ। साथै संरक्षणमा उल्लेख्य योगदान पुऱ्याउने कर्मचारी, संघ,

महानिदेशक

		संस्थालाई पुरस्कृत / सम्मान , नयाँ पुस्तक विमोचन आदि कार्यहरु समेत गरिनेछ । विभागको स्थापना दिवस विभागका कर्मचारी मार्फत सम्पन्न गरिनेछ ।
५	खर्च प्रक्रिया	कर्मचारीको पेश गेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	स्थापना दिवसमा गरिने संरक्षण सम्बन्धी कार्यबाट राष्ट्रिय निकुञ्ज सम्बन्धी जनचेतना अभिबृद्धी भएको हुनेछ ।

मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	मध्यवर्ती क्षेत्र घोषणा भएका संरक्षित क्षेत्रहरुमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ बमोजिम संरक्षित क्षेत्रले प्राप्त गरेको राजश्व (वन क्षेत्रको आय) को ३०-५०% रकम सामुदायिक विकासका लागि उपलब्ध गराईने हुँदा बजेट प्रस्ताव गर्दा चैत्र महिनासम्म संरक्षित क्षेत्र कार्यालयले प्राप्त गरेको राजश्व र बाँकी ३ महिनाको प्राप्त हुन सक्ने प्रक्षेपण सहित एकमुष्ट रकम चालु अनुदान शिर्षकमा विभागले माग गर्दछ र सोही अनुरुप एकमुष्ट रुपमा स्वीकृत भै आउँदछ। आर्थिक बर्ष (असार मसान्त) समाप्त हुनासाथ विभागले प्रत्येक संरक्षित क्षेत्र कार्यालयहरुसंग यथार्थ राजश्व र वन क्षेत्रको आय माग गरि सोही आधारमा बजेट बाँडफाँडका लागि वन तथा वातावरण मन्त्रालयमा पेश गर्दछ । मन्त्रालयले बजेट बाँडफाँड गरे पश्चात सोही सिमा भित्र रहि मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका बमोजिम कार्यक्रम तयार गरि पठाउन संरक्षित क्षेत्र कार्यालयलाई निर्देशन दिन्छ, संरक्षित क्षेत्रबाट प्राप्त हुन आएको कार्यक्रमलाई विभागले LMBIS मा Entry गर्छ र वन तथा वातावरण मन्त्रालय हुँदै अर्थ मन्त्रालयबाट स्वीकृत भए पश्चात कार्यालयको बार्षिक कार्यक्रम जस्तै गरी कोष तथा लेखा नियन्त्रण कार्यालयबाट बजेट निकासा/ खर्च हुने गर्दछ । यसै अन्तर्गत संरक्षण क्षेत्रहरुमा पनि बजेट तथा कार्यक्रम जाने गरेको छ ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ७. लामटाङ राष्ट्रिय निकुञ्ज ८. सगरमाथा राष्ट्रिय निकुञ्ज ९. मकालु बरुण राष्ट्रिय निकुञ्ज १०. रारा राष्ट्रिय निकुञ्ज ११. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज १२. खप्तड राष्ट्रिय निकुञ्ज १३. कोशीटप्पु वन्यजन्तु आरक्ष १४. अपी-नाम्पा संरक्षण क्षेत्र १५. कृष्णसार संरक्षण क्षेत्र १६. कंचनजंघा संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट मध्यवर्ती क्षेत्र व्यवस्थापनका लागि मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिले उपभोक्ता समितिहरुलाई बाँडफाँड गरे अनुरुप संरक्षण कार्य,सामुदायिक विकास कार्य, आय आर्जन तथा सिप विकास कार्य, संरक्षण शिक्षा कार्य र प्रशासनिक कार्यमा खर्च गरिनेछ । संरक्षण कार्य अन्तर्गत हुने बृक्षारोपण कार्यमा सहभागी हुने संरक्षित क्षेत्रका कर्मचारी, नेपाली सेना,

महानिर्देशक

		नेपाल प्रहरी, स्थानीय जनप्रतिनिधी, मध्यवर्ती क्षेत्र व्यवस्थापन उपभोक्ता समितिका पदाधिकारी, मध्यवर्ती क्षेत्रका बासिन्दाहरुको खाना तथा खाजामा खर्च गरिनेछ।
४	कार्यप्रकृया	मध्यवर्ती उपभोक्ता समिति मार्फत बाँडफाँड भएको रकम समिति मार्फत खर्च गरिनेछ। संरक्षित क्षेत्र कार्यालयलाई छुट्याएको बजेट प्रचलित सार्वजनिक खरिद प्रकृया बमोजिम हुनेछ।
५	खर्च प्रक्रया	मध्यवर्ति उपभोक्ता समितिहरुले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ भने कार्यालय तर्फ कर्मचारीले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	यस कार्यक्रमबाट मध्यवर्ती क्षेत्रमा संरक्षण, सामुदायिक विकास, सीप विकास तथा आय आर्जन र संरक्षण शिक्षा सम्बन्धी क्रियाकलापहरु संचालन हुने हुँदा स्थानीय बासिन्दामा संरक्षित क्षेत्र प्रति सकरात्मक सोचको विकास हुनुका साथै संरक्षित क्षेत्रको संरक्षणमा टेवा पुगेको हुनेछ।

वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	संरक्षित क्षेत्र तथा वन क्षेत्रबाट वन्यजन्तुहरु बाहिर निस्की धनजन, पशु तथा अन्न बालिको क्षती पुऱ्याउने गर्दछन्। यस्तो क्षेती भएकोमा राहत सहयोग गर्न नेपाल सरकारले वन्यजन्तुबाट भएको क्षेतिको राहत सहयोग निर्देशिका,२०६९ कार्यान्वयनमा ल्याई सोही निर्देशिका बमोजिम राहत सहयोग उपलब्ध गराउँदै आएको छ। संरक्षित क्षेत्रले सो वर्षका लागि आवश्यक पर्ने अनुमानित रकम माग गर्नेछ, सोही मागका आधारमा विभागले संरक्षित क्षेत्रलाइ निकासा गर्दै जानेछ। सोही कार्यका लागि यस कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ७. लामटाङ राष्ट्रिय निकुञ्ज ८. सगरमाथा राष्ट्रिय निकुञ्ज ९. मकालु बरुण राष्ट्रिय निकुञ्ज १०. रारा राष्ट्रिय निकुञ्ज ११. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज १२. खप्तड राष्ट्रिय निकुञ्ज १३. कोशीटप्पु वन्यजन्तु आरक्ष १४. ढोरपाटन शिकार आरक्ष १५. अपी-नाम्पा संरक्षण क्षेत्र १६. कृष्णसार संरक्षण क्षेत्र १७. कंचनजंघा संरक्षण क्षेत्र १८. अन्नपूर्ण संरक्षण क्षेत्र १९. मनास्लू संरक्षण क्षेत्र २०. गौरीशंकर संरक्षण क्षेत्र
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तुबाट भएको क्षतीको राहत सहयोग कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका अनुरुप माग भै आएका निवेदन उपर कार्यालयले अध्ययन गर्नेछ र रितपूर्वको माग भएमा संरक्षित क्षेत्र आसपासमा भए मध्यवर्ती क्षेत्र

महानिर्देशक

		उपभोक्ता समिति मार्फत र अन्यको हकमा डिभिजन वन कार्यालय मार्फत राहत सहयोग रकम पिडितलाई प्रदान गरिनेछ।
५	खर्च प्रक्रिया	निर्देशिका अनुरुप रितपूर्वक राहत सहयोग माग गर्ने व्यक्तिलाई कार्यालयले सोझै निजको खातामा निर्देशिका बमोजिमको रकम भुक्तानी गर्नेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	वन्यजन्तुबाट पिडित ब्यक्तिहरुले नेपाल सरकारको तर्फबाट राहत सहयोग पाएका हुनेछन् ।

वन्यजन्तु आक्रमणको जोखिम न्यूनिकरण गर्न वीमा कार्यक्रम संचालन

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	वन्यजन्तु आक्रमणको जोखिम न्यूनिकरण गर्न विमा कार्यक्रम संचालन गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यो नयाँ कार्यक्रम भएकोले एक निर्देशिका/ कार्यविधि स्वीकृत गरी सोही अनुसार कार्यक्रम संचालन गरिनेछ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तु आक्रमणको जोखिम न्यूनिकरणका लागि वीमा कार्यक्रम संचालन गर्न प्रयोग गरिनेछ। वीमा कार्यक्रम संचालनबाट वचत हुन आएको रकम वन्यजन्तुबाट भएको क्षतीको राहत सहयोगमा खर्च गरिनेछ। कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तु आक्रमणको जोखिम न्यूनिकरण गर्न विमा कार्यक्रम संचालन गर्न कार्यविधि निर्माणको लागि बस्ने वैठक भत्ता, खाजा, खाना होटल खर्च, तथा विमाको प्रिमियम भुक्तानिको लागि खर्च गर्न सकिनेछ।
४	कार्यप्रकृया	राष्ट्रिय वीमा समितिको समन्वयमा राष्ट्रिय विमा संस्थान वा अन्य विमा कम्पनिहरुसंग संझौता गरी वीमा कार्यक्रम संचालन गरिनेछ।
५	खर्च प्रक्रया	राष्ट्रिय विमा संस्थान वा विमा कम्पनीलाई विमाङ्क उल्लिखित विलको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	वन्यजन्तु आक्रमणको जोखिम न्यूनिकरण गर्न विमा कार्यक्रम संचालन भई समग्रमा वन्यजन्तु प्रति सकारात्मक भावना उत्पन्न भै संरक्षणमा सकारात्मक प्रभाव पर्नेछ।

ग. हात्तीसारहरु

अ. पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु

१. भवन निर्माण (३१११२)

हात्तीको दाना राख्ने स्टोर भवन निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हात्तीको दान व्यवस्थापन गर्ने सम्वन्धमा ठेकेदारले हात्तीहरुका लागी आवश्यक पर्ने दाना (धान, सख्खर, नुन, पराल) आगामी ३ महिना सम्म पुग्ने गरी ल्याउनु पर्ने हुँदा उक्त दाना सुरक्षित ढंगबाट राख्न तथा जंगली हात्तीबाट दाना बचाउनका लागि स्टोर भवनको आवश्यकता पर्ने भएकोले चितवन र बर्दिया राष्ट्रिय निकुञ्जका हात्तीसारमा रहेका स्टोर भवन पुरानो र जीर्ण भै अति आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बर्दिया राष्ट्रिय निकुञ्ज

महानिर्देशक

३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट हात्तीको दाना राख्ने स्टोर भवन निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ भवनको साथै आवश्यकता अनुसार भवनको परिसर, सुरक्षा पर्खाल, गेट आदि कार्यमा समेत लागत अनुमान स्विकृत गरी खर्च गर्न सकिनेछ । भवन निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ । भवन निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ ।
४	कार्यप्रकृया	निर्माण हुने भवनको नक्सा डिजाईन, लागत अनुमान सहितको प्रस्ताव सम्बन्धित कार्यालयले तयार गरी स्विकृत गर्नेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोष्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । भवन निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सुचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ । कार्यक्रम सञ्चालनको नियमित निरिक्षण, अनुगमन मुल्यांकनका लागि अधिकृत कर्मचारीलाई खटाई प्रतिवेदन लिन सकिनेछ ।
५	खर्च प्रक्रया	कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ । भुक्तानीको आधारहरु र चरणहरु निर्धारण गर्दा स्विकृत नक्सा, डिजाईन तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता लिईनेछ । प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्विकृतिको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	चितवन र बर्दिया रा.नि.मा हात्तीको दाना राख्ने स्टोर भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएको हुनेछ । कार्यालयको बार्षिक प्रगति प्रतिवेदन र सम्पत्ति विवरणमा उल्लेख भएको हुनेछ । संरक्षित क्षेत्रको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनमा सहज भएको हुनेछ ।

२. खानेपानी संरचना निर्माण(३११५६)

खानेपानी निर्माण (पाईप जडान)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हात्तीसारमा रहेका कर्मचारी, हात्तीद्वारा निकुञ्ज अवलोकन गर्न आउने पर्यटकका साथै हात्तीको निमित्त खानेपानी व्यवस्थापन गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बर्दिया राष्ट्रिय निकुञ्ज ३. शुक्ला राष्ट्रिय निकुञ्ज ४. पर्सा राष्ट्रिय निकुञ्ज ५. कोशीटप्पु वन्यजन्तु आरक्ष
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट खानेपानी निर्माण (पाइप जडान) कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । खानेपानी निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। पाईप खरिद, ट्यांकी निर्माण तथा पानी शुद्ध गर्ने उपकरण खरिद जस्ता कार्यमा समेत खर्च गर्न सकिनेछ । खानेपानी निर्माण कार्यका लागि आवश्यक ढुंगा, गिटी, बालुवा संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ ।

महानिर्देशक

४	कार्यप्रकृया	यो कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिको सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भयको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । खानेपानी व्यवस्थापनले हात्तीसारमा खटिने कर्मचारीहरुको अति आवश्यक भौतिक पूर्वाधार पुरा भई संरक्षण प्रति खटिने हौसला बढाउन टेवा पुगेको हुनेछ ।

खानेपानी ट्युवेल निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हात्तीसारमा रहेका कर्मचारी, हात्तीद्वारा निकुञ्ज अवलोकन गर्न आउने पर्यटकका साथै हात्तीको निमित्त खानेपानी व्यवस्थापन गर्न पाईप जडानबाट संभावना नभएका तर ट्यूवेल बाट संभावना भएका स्थानमा खानेपानी व्यवस्थाका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. शुक्ला राष्ट्रिय निकुञ्ज ३. कोशीटप्पु वन्यजन्तु आरक्ष
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट खानेपनी ट्यूवेल निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । यस अन्तर्गत ट्यूवेल निर्माणका लागि आवश्यक सामग्री, उपकरण, प्राबिधिक, ज्यामी, ढुवानी जस्ता सम्बन्धित कार्यहरु पर्दछन यस अन्तर्गत ट्युवेल गाड्ने तथा धारा जडान गर्ने कार्यहरु गरिनेछ । नियमित उपयोगको क्रममा बगेको पानीलाई वन्यजन्तुले खान सक्ने गरी स-साना पोखरीहरु समेत निर्माण गर्न सकिनेछ ।
४	कार्यप्रकृया	यो कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । खानेपानी ट्यूवेल निर्माण कार्यका लागि ढुंगा, गिटी, बालुवा आवश्यक परेको अवस्थामा लागत अनुमानमा स्पष्ट खुलाई संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिनेछ ।
५	खर्च प्रकृया	प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । खानेपानीका ट्यूवेल निर्माणबाट हात्तीसारमा कार्यरत कर्मचारीहरु तथा पर्यटक, सेवाग्राहीलाई खानेपानी व्यवस्थापन भएको हुनेछ ।

३. वन तथा वातावरण संरक्षण (३११५७)

हात्ती र चितुवा प्रभावित क्षेत्रमा सोलार आउटडोर ल्याम्प जडान

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	घरपालुवाट हात्ती भएको स्थानमा रातको समयमा जंगली भाले हात्ती आई घरपालुवा हात्तीलाई आक्रमण गर्ने तथा हात्तीसारका भवनहरु भत्काईदिने, दानाहरु खाई दिने जस्ता कार्यहरु गर्ने भएकोले

महानिर्देशक

		जंगली हात्ती आएको देखियोस र उनीहरुलाई भगाउन सकियोस भन्ने उद्देश्यले यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्ला राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज ६. कोशीटप्पु वन्यजन्तु आरक्ष
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट हात्ती र चितुवा प्रभावित क्षेत्रमा सोलार आउटडोर ल्याम्प जडान गर्न सोलार खरिद तथा फिटिङ्ग, सोलार बत्ती खरिद आदि कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ ।
४	कार्यप्रकृया	सोलार आउटडोर ल्याम्प जडान कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार हुनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । यस अन्तर्गत बस्ती तथा निकुञ्ज आरक्षका पोष्ट भएका क्षेत्रमा ठाउँ ठाउँमा सोलार जडान भएको आउटडोर ल्याम्प जडान गरिनेछ ।
५	खर्च प्रकृया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । सोलार आउटडोर ल्याम्प जडान भै स्थानीय बासिन्दा तथा पोष्टमा कार्यरत कर्मचारीहरुलाई रातको समयमा वन्यजन्तुहरुबाट सुरक्षित हुन सहयोग पुगेको हुनेछ ।

पोष्टमा सोलार जडान

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	बिजुली बत्तीको व्यवस्थापन गर्न नसकिने हात्तीसार क्षेत्रमा कर्मचारीका साथै जंगली हात्तीबाट घरपालुवा हात्तीलाई सुरक्षित गर्न यो कृयाकलापको व्यवस्था गरिएको हो
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट पोष्टमा सोलार जडान कार्यका लागि सोलार, व्याट्री, बत्ती, तार लगायतका समाग्री खरिद तथा सोलार फिडिङ्ग कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ ।
४	कार्यप्रकृया	पोष्टमा सोलार जडान गर्ने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार हुनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ ।
५	खर्च प्रकृया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । संरक्षित क्षेत्रका पोष्टहरुमा सोलार जडान भै कार्यरत

महानिर्देशक

		कर्मचारीहरु रातको समयमा जंगली जनावरबाट सुरक्षित रहनुका साथै सेक्टर, कार्यालयसंग नियमित सम्पर्कमा रहेका हुनेछन ।

पर्यटक विश्रामस्थल निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हात्तिसार घुम्न आउने पर्यटकहरु हात्ती अवलोकनका लागि टिकट लिनु पर्ने हुन्छ र कहिलेकाही केही समय पालो कुर्नु पर्ने समेत हुन्छ, त्यस समयमा पर्यटकहरुलाई बस्न सहज होस भन्ने उद्देश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. बाँके राष्ट्रिय निकुञ्ज २. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट पर्यटक विश्रामस्थल निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । पर्यटक विश्रामस्थल निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ ।
४	कार्यप्रकृया	पर्यटक विश्रामस्थल निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । सकेसम्म पदयात्राको समयावधीमा आराम गर्नु पर्ने र पानीको स्रोत समेत भएको स्थानमा यस्ता विश्रामस्थल निर्माण गरिनेछ । घाम र पानीबाट सुरक्षित हुन सेडको समेत व्यवस्था गरिनेछ । यस अन्तर्गत पर्यटक पदमार्गको ठाऊँ ठाउँमा पर्यटक तथा पर्यटकिय भरियालाई घाम र पानी दुवैबाट आराम गर्न मिल्ने किसिमका पर्यटक विश्राम स्थल निर्माण गरिनेछ भने पर्यटक विश्रामस्थल नजिक फोहोर फाल्ने खाडल वा टोकरीको पनि व्यवस्था गरिएको हुनेछ । यस्ता पर्यटक विश्रामस्थल निर्माण गर्दा खानेपानीको उपलव्धतालाई समेत ध्यान दिईनेछ ।
५	खर्च प्रक्रया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलव्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । संरक्षित क्षेत्रमा पर्यटक विश्रामस्थल निर्माण भई पदयात्री पर्यटक तथा भरियाको पदयात्रा सहज गर्न सहयोग पुगेको हुनेछ ।

पर्यटक विश्रामस्थल सहितको भ्यू-टावर निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हात्तिसार घुम्न आउने पर्यटकहरु हात्ती अवलोकनका लागि टिकट लिनु पर्ने हुन्छ र कहिलेकाही केही समय पालो कुर्नु पर्ने समेत हुन्छ, त्यस समयमा पर्यटकहरुलाई बस्न र अग्लो स्थानबाट आरक्ष अवलोकन गर्न सहज होस भन्ने उद्देश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत कोशीटप्पु वन्यजन्तु आरक्षकार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट पर्यटक विश्रामस्थल सहितको भ्यू-टावर निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । पर्यटक विश्रामस्थल सहितको भ्यू-टावर निर्माणका अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	पर्यटक विश्रामस्थल सहितको भ्यू-टावर निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का मार्फत गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी

		र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ ।
५	खर्च प्रक्रया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । पर्यटक विश्रामस्थल सहितको भ्यू-टावर निर्माण कार्य सम्पन्न भई कोशीटप्पु वन्यजन्तु आरक्ष जाने पर्यटकलाई सुविधा पुगेको हुनेछ ।

४. अन्य निर्माण (३११५९)

हात्तीको सेडघर निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हात्तीलाई घाम, पानी तथा चिसोबाट सुरक्षा गर्नको लागि हात्तीको सेडघरको आवश्यकता हुने हुंदा सेडघर निर्माण गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. पर्सा राष्ट्रिय निकुञ्ज ५. कोशीटप्पु वन्यजन्तु आरक्ष
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट हात्तीको सेडघर निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । हात्तीको सेड घर निर्माण अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ ।
४	कार्यप्रकृया	हात्तीको सेडघर निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का मार्फत गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ ।
५	खर्च प्रक्रया	डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । हात्तीको सेडघर निर्माण कार्य सम्पन्न भई हात्तीलाई बर्षातको पानी तथा गर्मी मौसममा घामबाट सुरक्षा पुगेको हुनेछ ।

सार्वजनिक शौचालय निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हात्तीसारमा आउने पर्यटकहरुले हात्तीबाट अवलोकनका निमित्त प्रवेशपत्र लिनु पर्ने /जाँच गर्नु पर्ने हुँदा समय लाग्ने हुन्छ । त्यसैले त्यस क्षेत्रमा पर्यटकहरुका लागि शौचालय हुन अति आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज

महानिर्देशक

		२. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. कोशीटप्पु वन्यजन्तु आरक्ष
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेट सार्वजनिक शौचालय निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। शौचालयमा प्रयोग गर्ने पानीका लागि टयांकी, पाईप खरिद तथा सरसफाईका सामानहरुमा खर्च गरिनेछ।
४	कार्यप्रकृया	सार्वजनिक शौचालय निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया बमोजिम गरिनेछ । कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोस्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ। सार्वजनिक शौचालय निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। यस अन्तर्गत महिला तथा पुरुष दुबैको लागि हुने गरी सुविधा सम्पन्न शौचालय निर्माण गर्नुको साथै पानीको समेत व्यवस्था गरिनेछ। उक्त शौचालय सफा राख्ने व्यवस्था समेत कार्यालयले गर्नु पर्नेछ।
५	खर्च प्रक्रया	स्वीकृत कार्ययोजना, डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा खर्च प्रक्रया अवलम्बन गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	स्वीकृत कार्ययोजना बमोजिम कार्य सम्पन्न भएको हुनेछ। कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। संरक्षित क्षेत्र सार्वजनिक शौचालय निर्माण कार्यले पर्यटकहरु/सेवाग्राहीलाई शौचालयको सुविधा प्राप्त भएको हुनेछ।

फलामे बार निर्माण(हात्तीसार)

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हात्तीसारमा रहेका हात्तीहरुको नजिकबाट मानिसहरुले हात्तीलाई हेरुन, छुने चलाउने गर्न नसकुन र हात्तीबाट सुरक्षित रहुन भन्ने उदेश्यले हात्तीको सेडघर नजिक फलामे बार निर्माण गर्न आवश्यक देखिएकोले यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट मानिसहरुले हात्तीलाई हेर्न मिल्ने तर छुन चलाउन नसक्ने किसिमबाट फलामको बार निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। फलामे बार निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रक्रया	स्वीकृत कार्ययोजना, डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा खर्च प्रक्रया अवलम्बन गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलब्धी	स्वीकृत कार्ययोजना बमोजिम कार्य सम्पन्न भएको हुनेछ। कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । हात्तीसारमा फलामे बार निर्माण कार्यले पर्यटकले नजिकबाट सुरक्षित ढंगले घरपालुवा हात्तीको अवलोकन गर्न पाएका हुनेछन्।

महानिर्देशक

हात्तीको औषधी गर्ने फुट बाथ निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हात्तीहरु झाडी बुट्यानहरु पन्छ्याउँदै जंगल हिड्ने हुँदा हात्तीको खुट्टामा माडाहरु र कहिले काँही किलाहरु समेत बिझ्ने हुँदा हिड्न नसक्ने हुन्छन। तिनलाई निकाली औषधी उपचार गर्न खुट्टा राम्रोसंग पानीले सफा गर्नु पर्ने तथा त्यसमा औषधी मिसाएर सफा गर्नु पर्ने हुँदा फुट बाथ निर्माण गर्न आवश्यक भएकोले यो कृयाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट हात्तीको औषधी गर्ने फुटवाथ निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। हात्तीको औषधी गर्ने फुटवाथ निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रक्रया	स्वीकृत कार्ययोजना, डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा खर्च प्रक्रया अवलम्बन गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलव्धी	स्वीकृत कार्ययोजना बमोजिम कार्य सम्पन्न भएको हुनेछ। कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। हात्तीको औषधी गर्ने फुटवाथ निर्माण कार्यले घरपालुवा हात्तीको उपचार कार्यमा सहज भएको हुनेछ।

हात्तीको लागी पानी खाने डुड निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हात्तीसारमा रहेका हात्तीहरुलाई खानेपानीको व्यवस्था गर्नु पर्ने हुन्छ, यसको लागि सिमेन्टको डुड बनाईन्छ र ट्यांकीबाट ठुलो पाईपद्वारा डुडमा पानी आउने व्यवस्था मिलाई पानी खुवाने गरिन्छ। त्यसैले हात्तीका लागि खानेपानी व्यवस्थाको निमित्त यो क्रियाकलापको व्यवस्था गरिएको हो।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट हात्तीको लागी पानि खाने डुड निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ।
४	कार्यप्रकृया	कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा हात्तीसार शाखाको सिफारिसलाई आधार बनाउनु पर्नेछ। हात्तीको औषधी गर्ने फुटवाथ निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ।
५	खर्च प्रक्रया	स्वीकृत कार्ययोजना, डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा खर्च प्रक्रया अवलम्बन गरिनेछ।
६	प्रगतिका सूचक तथा उपलव्धी	स्वीकृत कार्ययोजना बमोजिम कार्य सम्पन्न भएको हुनेछ। कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ

महानिर्देशक

		। हात्तीको लागी पानीखाने ड्रुड निर्माण कार्यले हात्तीको खानेपानी व्यवस्थापन गर्ने कार्य सहज भएको हुनेछ ।

हात्ती सवारी मचान निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हात्ती अग्लो जनावर भएको र त्यसमाथि हौदा राख्दा झनै अग्लो हुने र हात्ती बसाउँदा पनि हात्ती सफारीमा जाने पर्यटकहरु सहजै बस्न नसक्ने हुँदा हातीको उचाई र त्यसमा राखिएको हौदामा सजिले बस्न सक्ने गरी हात्ती सवारी मचान निर्माण प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएलको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ ।
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट हात्ती सवारी मचान निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । यस्ता मचान काठबाट बन्ने र खुल्ला स्थानमा हुने हुँदा बर्षातको पानीको कारण धेरै बर्षसम्म टिक्न नसक्ने कारणले पुरानो मचानहरु भएको स्थानमा पुन निर्माण गर्नु पर्ने भएमा सो समेत गर्न सकिने छ भने पानीबाट सुरक्षित राख्न सेड समेत राख्न सकिनेछ ।
४	कार्यप्रकृया	कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । हात्ती सवारी मचान निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ ।
५	खर्च प्रक्रया	स्वीकृत कार्ययोजना, डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा खर्च प्रकृया अवलम्बन गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	स्वीकृत कार्ययोजना बमोजिम कार्य सम्पन्न भएको हुनेछ । कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । हात्ती सवारी मचना निर्माण कार्यले पर्यटकलाई हात्ती सवारी कार्यमा सहज भएको हुनेछ ।

हात्तीको हौदा, गद्दा, धर्ना, छनुवा निर्माण

क्र.सं.	विवरण	व्याख्या
१	पृष्ठभूमी र उद्देश्य	हात्तीसारमा हात्तीका लागि प्रयोग हुने धर्ना, छनुवा र हात्ती सफारीको समयमा प्रयोग हुने हौदा, गद्दा व्यवस्थापन गर्ने प्रयोजनाका लागी यो कृयाकलापको व्यवस्था गरिएको हो ।
२	कार्यक्रम स्थल	यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः १. चितवन राष्ट्रिय निकुञ्ज २. बाँके राष्ट्रिय निकुञ्ज ३. बर्दिया राष्ट्रिय निकुञ्ज ४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५. पर्सा राष्ट्रिय निकुञ्ज
३	खर्च गर्न सकिने मुख्य कृयाकलाप	कार्यक्रममा छुट्टाईएको बजेटबाट हात्तीको हौदा, गद्दा, धर्ना, छनुवा निर्माण कार्य सम्पन्न गर्न तथा हौदा तथा गद्दा निर्माणको लागी आवश्यक पर्ने सामाग्री खरिद गर्नको लागि समेत प्रयोग गर्न सकिनेछ ।
४	कार्यप्रकृया	कार्यक्रमको संछिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । हौदा, गद्दा, धर्ना, छनुवा निर्माण गर्दा हात्तीसारका प्राबिधिक कर्मचारीको

महानिर्देशक

		सिफारिसलाई आधार बनाउनु पर्नेछ । हात्तीको हौदा, गद्दा, धर्ना, छनुवा निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ ।
५	खर्च प्रक्रिया	स्वीकृत कार्ययोजना, डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा खर्च प्रक्रिया अवलम्बन गरिनेछ ।
६	प्रगतिका सूचक तथा उपलब्धी	स्वीकृत कार्ययोजना बमोजिम कार्य सम्पन्न भएको हुनेछ । कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । हात्तीको हौदा, गद्दा, धर्ना, छनुवा निर्माण कार्यले घरपालुवा हात्ती व्यवस्थापन कार्यमा सहज भएको हुनेछ ।

खानेपानी मर्मत (पाईप जडान)

क्र.सं.	विवरण	व्याख्या
